सूर्योदय नगरपालिकाको

# बालबालिकाको स्थिति प्रतिवेदन, २०८३

“पर्यटकीय नगरी”

“बालमैत्री स्थानीय शासनयुक्त”

सूर्योदय नगरपालिका

कोशी प्रदेश, फिक्कल, इलाम

प्रकाशन
सूर्योदय नगरपालिका, फिक्कल, इलाम
सम्पर्क: ०२७-५४०४७३
इमेल : suryodayamun@gmail.com,
mowcsc.suryodaya@gmail.com
बेवसाइट : www.suryodayamun.gov.np

## शुभकामना मन्तव्य

सूर्योदय नगरपालिकाले 'बालबालिकाको स्थिति प्रतिवेदन, २०८३' प्रकाशन गर्न गइरहेकोमा म अत्यन्तै हर्षित छु । 'पर्यटकीय नगरी' का साथै 'बालमैत्री स्थानीय शासनयुक्त नगर' को गौरवपूर्ण पहिचान बोकेको यस नगरपालिकाको बाल अधिकार र विकासको वास्तविक अवस्थालाई यस प्रतिवेदनले ऐना जस्तै छर्लङ्ग पारेको छ । बालबालिका राष्ट्रका भविष्य मात्र होइनन्, उनीहरू वर्तमानका सक्रिय साझेदार पनि हुन्। आज हामीले बालबालिकाको स्वास्थ्य, शिक्षा, संरक्षण र सहभागितामा गर्ने लगानीले नै भोलिको समुन्नत सूर्योदय नगरको जग निर्माण गर्दछ। यसै यथार्थलाई आत्मसात् गर्दै हामीले हाम्रा नीति, कार्यक्रम र बजेटमा बालबालिकालाई सदैव केन्द्रबिन्दुमा राख्दै आएका छौं ।

हामीले बालअधिकारका चारवटै स्तम्भहरूमा ऐतिहासिक सफलताहरू प्राप्त गरेका छौं। नगरलाई 'शून्य बालश्रम', 'शून्य सडक बालबालिका' र 'शून्य बालविवाह' को अवस्थामा पुऱ्याउनु चानचुने उपलब्धि होइन। यसका साथै, शिक्षामा 'शून्य ड्रपआउट' तर्फ हाम्रो अग्रसरताले नगरका कुनै पनि बालबालिका शिक्षाको उज्यालो घामबाट वञ्चित हुनुपरेको छैन भन्ने सन्देश दिएको छ । बालमैत्री अभियानलाई नारामा मात्र सीमित नराखी संस्थागत र कानुनी रूपमै स्थापित गर्न हामी सफल भएका छौं । 'बालबालिका सम्बन्धी ऐन', 'बाल बचत खाता सञ्चालन कार्यविधि', 'छोरी-बुहारी छात्रवृत्ति निर्देशिका', र 'वृत्ति मार्ग निर्देशन कार्यविधि' जस्ता हाम्रा नीतिगत व्यवस्थाहरूले बालबालिकाको वर्तमान संरक्षण र भविष्यको सुनिश्चिततालाई कानुनी आधार प्रदान गरेका छन् । बालबालिकाको अर्थपूर्ण सहभागिताबिना बालमैत्री नगरको परिकल्पना अधुरो रहन्छ । त्यसैले, हामीले योजना तर्जुमाका हरेक चरणमा बाल सञ्जालहरूलाई सक्रिय रूपमा सहभागी गराएका छौं ।

यद्यपि, बालअधिकारको कुरा गर्दा हामीले समाजका साझा अधिकार र समग्र पूर्वाधार विकासलाई बिर्सन मिल्दैन । सडक, विद्युत्, सुरक्षित आवास, चरम गरिबीको अन्त्य, शिक्षित परिवार र शान्त समाज, जस्ता साझा अधिकारहरू सुनिश्चित नभएसम्म बालअधिकारको पूर्ण प्रत्याभूति हुन सक्दैन भन्ने गहिरो यथार्थलाई हामीले मनन गरेका छौं । यसका अलवा मानव बेचबिखनको जोखिम, बदलिँदो सामाजिक परिवेशसँगै युवा पुस्तामा देखिएको साइबर अपराध, इन्टरनेटको लत र मनोसामाजिक समस्याहरूले हामीलाई थप सचेत र जिम्मेवार बन्न घचघच्याइरहेका छन् । यी नयाँ चुनौतीहरूको सामना गर्न स्थानीय सरकार निरन्तर कटिबद्ध छ ।

बालमैत्री स्थानीय शासनको यो यात्रा स्थानीय सरकारको एक्लो प्रयासले मात्र सम्भव भएको होइन । यस अभियानमा निरन्तर साथ दिनुहुने सङ्घीय र प्रदेश सरकार, दातृ निकाय, गैर-सरकारी संघसंस्थाहरू, सुरक्षा निकाय, सञ्चारमाध्यम, राजनीतिक दल, शिक्षक, अभिभावक, स्वास्थ्यकर्मी र स्वयम् हाम्रा प्यारा बालबालिकाहरूको भूमिका अत्यन्तै प्रशंसनीय छ । म यस अवसरमा सम्पूर्ण साझेदार तथा सरोकारवालाहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा पनि हाम्रा नीति, योजना र बजेटहरू थप बालमैत्री हुनेछन् भन्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। सीमान्तकृत, अति विपन्न, दलित र लोपोन्मुख समुदायका बालबालिकाहरूलाई लक्षित गरी सञ्चालित सामाजिक सुरक्षा र छात्रवृत्तिका कार्यक्रमहरूलाई अझ प्रभावकारी बनाई 'कोही पनि पछाडि नछुटून्' भन्ने दिगो विकासको लक्ष्यलाई हामी पूर्ण रूपमा साकार पार्नेछौं ।

अन्त्यमा, सूर्योदय नगरपालिकाको बालअधिकारको समग्र चित्र, हाम्रा गौरवपूर्ण उपलब्धि र यथार्थपरक धरातललाई समेटेर यो स्थिति प्रतिवेदन, २०८३ तयार पार्न अहोरात्र खट्नुहुने सम्पूर्ण टिमप्रति हार्दिक आभार व्यक्त गर्दछु । यस प्रतिवेदनले हाम्रा भावी योजना निर्माणका लागि स्पष्ट मार्गनिर्देशन गर्नेछ भन्ने पूर्ण विश्वासका साथ सम्पूर्ण नगरवासी तथा बालबालिकाहरूको उज्ज्वल र सुरक्षित भविष्यको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

(दुर्गा कुमार बराल)
कार्यबाहक नगर प्रमुख

# प्राक्कथन

सूर्योदय नगरपालिकाको 'बालबालिकाको स्थिति प्रतिवेदन, २०८३' प्रकाशन भई आम नगरवासी तथा सरोकारवालाहरू समक्ष प्रस्तुत गर्न पाउँदा प्रशासकीय नेतृत्वको हैसियतले मलाई अत्यन्तै खुसी लागेको छ। कुनै पनि स्थानीय तहको सुशासन र विकासको वास्तविक मापन त्यस ठाउँका बालबालिकाले प्राप्त गरेको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको अवस्थाबाट हुन्छ। यस अर्थमा, यो प्रतिवेदन हाम्रो नगरको प्रशासनिक सफलता, चुनौती र आगामी गन्तव्यको एक स्पष्ट मार्गचित्र हो।

बालमैत्री स्थानीय शासनयुक्त नगरपालिकाका रूपमा स्थापित सूर्योदय नगरलाई यस अवस्थासम्म ल्याइपुर्‍याउन र यसको दिगोपना कायम राख्न नगर कार्यपालिकाको कार्यालयले नीतिगत, संस्थागत र व्यवस्थापकीय क्षेत्रमा निरन्तर लगानी गर्दै आएको छ। बालबालिका लक्षित कार्यक्रमहरूलाई केवल औपचारिकतामा मात्र सीमित नराखी, नतिजामुखी र यथार्थपरक बनाउन स्थानीय प्रशासन सदैव कटिबद्ध छ। हामीले गर्व गर्नलायक धेरै सूचकहरू पूरा गरेका छौं। हाम्रो बलियो प्रशासनिक अनुगमन र सरोकारवालाहरूसँगको समन्वयको परिणाम हामिले हालसम्म टिकाइराखेका छौँ।

स्थानीय सरकार सञ्चालन ऐनले दिएको अधिकार प्रयोग गर्दै हामीले बालबालिकाको हितमा थुप्रै युगान्तकारी कानुनहरू निर्माण गरी कार्यान्वयनमा ल्याएका छौं। जुन दस्ताबेजहरू हाम्रो प्रशासनिक सुशासनका दरिला आधारस्तम्भ हुन्। विदायालय, सिकाई र अनुगमनलाई प्रविधिमैत्री बनाई लागू गर्नाले हाम्रो नीतिलाई थप बलियो बनाएको छ। योजना तर्जुमा प्रक्रियाका हरेक चरणमा बाल सञ्जालहरूको अर्थपूर्ण सहभागिता गराइनुले हाम्रो निर्णय प्रक्रिया कति पारदर्शी र सहभागितामूलक छ भन्ने प्रमाणित गर्दछ।

यद्यपि, प्रशासकीय दृष्टिकोणबाट हेर्दा बालअधिकारको सुनिश्चितता विद्यालय र बाल क्लबको चार पर्खालभित्र मात्र सीमित छैन। बालबालिकाको सर्वाङ्गीण विकासका लागि समाजका साझा अधिकारहरूलाई पनि उत्तिकै महत्व दिनु अपरिहार्य छ।

हासिल गरेका उपलब्धिहरूलाई दिगो राख्न र नयाँ चुनौतीहरूको सामना गर्न स्थानीय प्रशासनले सङ्घीय र प्रदेश सरकार, सुरक्षा निकाय, माइती नेपाल लगायतका गैर-सरकारी संस्था र अन्तर्राष्ट्रिय दातृ निकायहरूसँगको समन्वयलाई थप सुदृढ र निरन्तर सहयोग एवम् सहजीकरण भइरहेको छ। आगामी दिनमा नगरको समग्र बजेट तर्जुमा गर्दा बालमैत्री बजेटको अवधारणालाई थप कडाइका साथ लागू गरिनेछ। पूर्वाधार विकाससँगै बालबालिकाको क्षमता विकास, सचेतना र संरक्षण जस्ता कार्यक्रमहरूमा नियमित रुपमा बजेटको व्यवस्थापन गर्न प्रशासन सदैव प्रतिबद्ध रहनेछ।

अन्त्यमा, सूर्योदय नगरपालिकाको स्थिति प्रतिवेदन, २०८३ को तथ्याङ्क सङ्कलन, विश्लेषण र लेखन कार्यमा अहोरात्र खट्नुहुने महिला तथा बालबालिका शाखा, शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, योजना शाखा, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, सूचना प्रविधि शाखा, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शाखा, अपाङ्गता सहायता कक्ष, सम्पूर्ण वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू, विद्यालय परिवार र सरोकारवाला सम्पूर्ण संघसंस्थाहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यो प्रतिवेदन आगामी दिनका योजना, नीति र बजेट निर्माणका लागि एक अमूल्य सन्दर्भ सामग्री बन्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।

(विज्ञान कोइराला)
प्रमुख प्रशासकीय अधिकृत

# आभार

सूर्योदय नगरपालिकाको समग्र बालअधिकार र बाल विकासको यथार्थ अवस्थालाई समेटेर बालबालिकाको स्थिति प्रतिवेदन, २०८३ तयार गरी प्रकाशन गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ। "बालमैत्री स्थानीय शासनयुक्त" यस गौरवपूर्ण नगरका बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, संरक्षण र सहभागिताको अवस्थालाई प्रतिविम्बित गर्ने यो दस्ताबेज हाम्रो निरन्तरको प्रयास र बहुपक्षीय समन्वयको साझा प्रतिफल हो ।
यस प्रतिवेदनलाई पूर्णता दिन नीतिगत तथा पदीय रूपमा निरन्तर अभिभावकत्व र मार्गदर्शन प्रदान गर्नुहुने का.बा. नगर प्रमुखज्यू, नगर सभा तथा कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरू र प्रमुख प्रशासकीय अधिकृतज्यूप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। यहाँहरूको दृढ इच्छाशक्तिकै कारण आज नगर बालश्रम मुक्त र बालविवाह मुक्त जस्ता सुनौला सूचकहरूमा उभिन सफल भएको छ।

विशेष गरी, यस प्रतिवेदनको संरचनात्मक तयारी, तथ्याङ्क विश्लेषण र बालमैत्री नीति तथा बजेट तर्जुमाका हरेक चरणमा अहम् भूमिका निर्वाह गर्नुहुने योजना शाखाप्रति म विशेष आभार प्रकट गर्दछु । बालमैत्री अभियानलाई संस्थागत गर्न र समग्र स्थितिको वस्तुनिष्ठ अभिलेखीकरण गर्न योजना शाखाबाट प्राप्त सुदृढ समन्वय र प्राविधिक सहयोग अत्यन्तै महत्त्वपूर्ण रहेको छ।

त्यसैगरी, आफ्ना क्षेत्रका यथार्थ तथ्याङ्कहरू उपलब्ध गराएर सहयोग गर्नुहुने १४ वटै वडा कार्यालयका वडाध्यक्ष एवम् जनप्रतिनिधिज्यूहरू, वडा सचिवज्यूहरू र कर्मचारीज्यूहरू, शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा शाखा, प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, र अपाङ्गता सहायता कक्ष लगायतका सम्पूर्ण विषयगत शाखाहरू, साथै बालमैत्री अभियानलाई गाउँ-टोलसम्म पुर्‍याउने महिला स्वास्थ्य स्वयंसेविकाहरू, टोल विकास संस्थाहरू, समुदाय, समाज, अभिभावकज्यूहरू र आम नागरिकहरूलाई धन्यवाद दिन चाहन्छु ।

बाल संरक्षण र सचेतनाको क्षेत्रमा हामीसँग निरन्तर हातेमालो गर्ने माइती नेपाल, शक्ति समूह लगायतका सम्पूर्ण सरकारी तथा गैर-सरकारी संघसंस्थाहरू, नेपाल प्रहरी, नगर प्रहरी र सञ्चारकर्मीहरू, उद्योगी, व्यावसायीहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै, विद्यालयस्तर र समुदायमा क्रियाशील सम्पूर्ण बाल क्लब, किशोरी समूह र नगर बाल सञ्जालका प्यारा बालबालिकाहरू, जसको सक्रिय सहभागिताले बालमैत्री स्थानी शासन र यो प्रतिवेदन जीवन्त बनेको छ, उनीहरू सबैप्रति मेरो विशेष स्नेह र धन्यवाद  छ।

अन्त्यमा, यस प्रतिवेदनले सूर्योदय नगरपालिकाको बालअधिकारको अवस्थालाई बुझ्न र आगामी दिनका रणनीतिक कार्यदिशा तथा योजनाहरू तय गर्न एक प्रामाणिक आधारस्तम्भको रूपमा काम गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु।

(तारा शेर्पा)
बाल कल्याण अधिकारी

**सङ्क्षिप्त शब्दसूची**

| संक्षेप (Acronym) | पूरा रूप (Full Form) |
|---|---|
| AI | Artificial Intelligence |
| ANC | Antenatal care |
| ASRH | Adolescent Sexual and Reproductive Health |
| आ.व. | आर्थिक वर्ष |
| BLE | Basic Level Examination |
| CBS | Central Bureau of Statistics |
| CCTV | Closed-Circuit Television |
| CFLG | Child-Friendly Local Governance |
| CRC | Convention on the Rights of the Child |
| ECA/ CCA | Extracurricular Activities/ Co-Curricular Activities |
| ECD | Early Childhood Development |
| GIS | Geographic Information System |
| GPA | Grade Point Average |
| IEMIS | Integrated Educational Management Information System |
| MAM | Moderate Acute Malnutrition |
| MHM | Menstrual Hygiene Management |
| MTMP | Municipal Transportation Master Plan |
| MUAC | Mid-Upper Arm Circumference |
| NCC | National Cadet Corps |
| NGO | Non-Governmental Organization |
| OAS | Office Automation System |
| OTC | Outpatient Therapeutic Care |
| PNC | Postnatal Care |
| SAM | Severe Acute Malnutrition |
| SDG | Sustainable Development Goals |
| SEE | Secondary Education Examination |
| SuTRA | Sub-National Treasury Regulatory Application |
| सा.सु. | सामाजिक सुरक्षा |
| UNDRR | United Nations Office for Disaster Risk Reduction |

**विषयसूची**


| विवरण | पेज नं. |
|---|---|
| शुभकामना मन्तव्य | iii |
| प्राक्कथन | iv |
| आभार | v |
| संक्षिप्त शब्दसूची | vi |
| विषयसूची | vii |
| **परिच्छेद १: परिचय र अध्ययन विधि** | **१-४** |
| १.१. प्रतिवेदनको पृष्ठभूमि | १ |
| १.२. प्रतिवेदनका उद्देश्यहरू | १ |
| १.३. अध्ययनको क्षेत्र र सीमाहरू | २ |
| १.४. अध्ययन विधि तथा प्रक्रिया | ३ |
| **परिच्छेद २: सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय र जनसाङ्ख्यिक स्थिति** | **५-११** |
| २.१. इलाम जिल्ला र सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय | ५ |
| २.२. भौगोलिक अवस्थिति र प्रशासनिक विभाजन (१४ वटै वडाहरू) | ८ |
| २.३. कुल जनसाङ्ख्यिक विवरण | ९ |
| २.४. नगरको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको अवस्था | १० |
| २.५. बालमैत्री स्थानीय शासन (CFLG) युक्त नगर र ५४ सूचकहरू | ११ |
| **परिच्छेद ३: शिक्षा, प्रारम्भिक बाल विकास तथा डिजिटल नवप्रवर्तन** | **१२-१८** |
| ३.१. विद्यालय तथा प्रारम्भिक बाल विकास केन्द्र (ECD) | १२ |
| ३.२. विद्यालय भर्ना दर, नियमित उपस्थिति र शिक्षक-विद्यार्थी अनुपात | १३ |
| ३.३. कक्षा ५, आधारभूत र माध्यमिक शिक्षा परीक्षाको नतिजा विश्लेषण | १३ |
| ३.४. विशेष आवश्यकता (अपाङ्गता) भएका बालबालिकाको शिक्षा र स्रोत कक्षा | १४ |
| ३.५. दिवा खाजा कार्यक्रमको प्रभावकारिता, पौष्टिकता र विविधता | १७ |
| ३.६. डिजिटल शिक्षा र सूचना प्रविधिको पहुँच | १८ |
| **परिच्छेद ४: स्वास्थ्य, पोषण र बालमैत्री सरसफाइ** | **१९-२३** |
| ४.१. आधारभूत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व र पूर्ण खोप सुनिश्चितताको दिगोपना | १९ |
| ४.२. बाल कुपोषणको (MAM/SAM) र उपचार केन्द्र (OTC) | १९ |
| ४.३. किशोर-किशोरी यौन तथा प्रजनन स्वास्थ्य (ASRH) र परामर्श | २० |
| ४.४. बालबालिकाको मानसिक स्वास्थ्य र विद्यालयस्तरमा मनोसामाजिक परामर्श सेवा | २१ |
| ४.५. स्वच्छ खानेपानीको पहुँच र छात्र/छात्रा छुट्टाछुट्टै शौचालय | २२ |
| **परिच्छेद ५: बाल संरक्षण, सामाजिक सुरक्षा र सहारा** | **२४-३१** |
| ५.१. बाल अधिकारको प्रवर्द्धन, चेतना र शून्य बालश्रमको अवस्था | २४ |
| ५.२. जन्मदर्ता प्रणालीको कानुनी व्यवस्था र कार्यान्वयनको स्थिति | २४ |
| ५.३. बालविवाह विरुद्धको शून्य सहनशीलता नीति | २६ |
| ५.४. बालबालिकामाथि हुन सक्ने हिंसा र मानव बेचबिखन विरुद्धको अभियान | २६ |
| ५.५. अनाथ, असहाय, एकल अभिभावक भएका र जोखिममा रहेका बालबालिका | २७ |
| ५.६. कुलत, दुर्व्यसनीमा फसेका र सडक बालबालिकाको उद्धार, पारिवारिक पुनर्मिलन | २८ |
| ५.७. अपाङ्गता भएका बालबालिका र परिचयपत्र वितरण | २९ |
| ५.८. लक्षित सामाजिक सुरक्षा योजनाहरू | ३० |
| **परिच्छेद ६: बाल सहभागिता, सिर्जनात्मक अभ्यास र प्रतिभा** | **३२-३५** |

| विवरण | पेज नं. |
|---|---|
| ६.१. वडा र विद्यालयस्तरीय सिर्जनात्मक क्रियाकलाप | ३२ |
| ६.२. बाह्र महिना बाह्र कार्यक्रम | ३२ |
| ६.३. स्थानीय योजना तर्जुमा भेलामा बालबालिकाको अर्थपूर्ण सहभागिता | ३३ |
| ६.४. सांस्कृतिक गतिविधि र खेलकुद | ३३ |
| ६.५. बाल प्रतिभा स्मारिका | ३४ |
| ६.६. नेपाल स्काउट, NCC Troops, र तालिम | ३४ |
| **परिच्छेद ७: स्थानीय नीति, बजेट र संस्थागत समन्वय** | **३६-३९** |
| ७.१. बालबालिका सम्बन्धी स्थानीय ऐन, कार्यविधि र निर्देशिकाहरूको कार्यान्वयन अवस्था | ३६ |
| ७.२. बालबालिका लक्षित कुल बजेट विनियोजन तुलनात्मक विश्लेषण र उपलब्धी | ३७ |
| ७.३. साझेदार सरकारी, गैर-सरकारी संघसंस्था र सञ्चारमाध्यमहरूबीचको समन्वय | ३९ |
| **परिच्छेद ८: निष्कर्ष, चुनौती र सिफारिसहरू** | **४०-४३** |
| ८.१. प्रतिवेदनका प्रमुख निष्कर्ष र उपलब्धिहरू | ४० |
| ८.२. विद्यमान प्रमुख चुनौतीहरू | ४० |
| ८.३. नवप्रवर्तन र दिगो विकास लक्ष्य (SDG) का क्षेत्रगत अवसरहरू | ४१ |
| ८.४. भावी नीति, योजना र बालमैत्री बजेटका लागि ठोस सिफारिसहरू | ४२ |
| **परिच्छेद ९: अनुसूचीहरू** | **४४-५५** |
| अनुसूची १: तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएका प्रश्नावलीहरू | ४४ |
| अनुसूची २: सूर्योदय नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयहरूको सूची | ४६ |
| अनुसूची ३: नगर बाल सञ्जाल र बाल क्लबहरू | ४८ |
| अनुसूची ४: नगर शिक्षा समितिको विवरण | ५० |
| अनुसूची ५: सूर्योदय नगरपालिकाको नगर सभाका सदस्यहरू | ५१ |
| अनुसूची ६: केही सान्दर्भिक तस्बिरहरू | ५३ |
| अनुसूची ७: सन्दर्भ सामग्रीहरूको सूची | ५५ |

## परिच्छेद १
## परिचय र अध्ययन विधि

### १.१. प्रतिवेदनको पृष्ठभूमि

प्रत्येक बालबालिकाको अनुहारमा मुस्कान र भविष्यमा उज्यालो सुनिश्चित गर्नु सभ्य समाजको पहिलो कर्तव्य हो। बालबालिकाहरू समाजका सबैभन्दा मूल्यवान सम्पत्ति हुन् र उनीहरूको कल्याण राष्ट्रको भविष्यसँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ। यही आदर्शलाई आत्मसात् गर्दै नेपालको संविधानले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ। बाल अधिकारसम्बन्धी महासन्धि (CRC), १९८९ को एक हस्ताक्षरकर्ता राष्ट्रको रूपमा नेपाल सरकार बालबालिकाको सर्वोत्तम हित, बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिता जस्ता विश्वव्यापी अधिकारहरू सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध छ।

सङ्घीयताको कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले बालबालिकाको अधिकारको संरक्षण, प्रवर्द्धन र समृद्धिको गहन जिम्मेवारी स्थानीय तहलाई सुम्पेको छ। यसै संवैधानिक, कानुनी र नैतिक धरातलमा उभिएर, सूर्योदय नगरपालिका आफ्नो नगरलाई हरेक बालबालिकाका लागि एक सुरक्षित, बालमैत्री र अवसरयुक्त थलो बनाउन कटिबद्ध रहँदै आएको छ।

"सूर्योदय नगर, पर्यटकीय शहर; बालमैत्री बनाउने हाम्रो रहर" भन्ने मूल नारालाई व्यवहारमा उतार्दै यस नगरपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले निर्धारण गरेका सूचकहरू सफलतापूर्वक पूरा गरी मिति २०७९ साल भाद्र २९ गते आफूलाई ऐतिहासिक रूपमा "बालमैत्री स्थानीय शासनयुक्त पालिका" घोषणा गर्न सफल भएको थियो। यो घोषणा केवल एक औपचारिक मान्यता मात्र नभई नगर क्षेत्रभित्रका बालबालिकाको सर्वाङ्गीण विकास सुनिश्चित गर्न नगरपालिकाको दृढ प्रतिबद्धताको प्रमाण हो। नगरपालिका बालमैत्री स्थानीय शासनयुक्त घोषणा भइसकेको वर्तमान सन्दर्भमा यो प्रतिवेदन प्रकाशन गर्नुका पछाडि देहायबमोजिमका गम्भीर र महत्त्वपूर्ण आवश्यकताहरू रहेका छन्:

- सूचकहरूको निरन्तरता र दिगोपनाको मापन: बालमैत्री स्थानीय शासन घोषणा हुनु आफैमा अन्तिम विन्दु होइन। घोषणाका क्रममा हासिल गरिएका ५४ वटा सूचकहरूको वर्तमान अवस्था के छ, ती सूचकहरू दिगो रूपमा कायम छन् कि छैनन् र तिनको कार्यान्वयनमा कुनै विचलन आएको छ कि भनी नियमित अनुगमन र प्रगति समीक्षा गर्न यो प्रतिवेदन अपरिहार्य छ।
- तथ्याङ्कको अद्यावधिकीकरण: बालबालिकाको जनसङ्ख्या, शिक्षा, स्वास्थ्य र सामाजिक अवस्था निरन्तर परिवर्तनशील हुन्छन्। विगत २०८२ सालको स्थिति प्रतिवेदनले प्रस्तुत गरेका तथ्याङ्कहरूलाई आर्थिक वर्ष २०८२/८३ सम्मको वास्तविक अवस्था अनुसार परिमार्जन र अद्यावधिक गरी जीवन्त दस्तावेज निर्माण गर्न यो प्रतिवेदन आवश्यक छ।
- प्रमाणमा आधारित योजना तर्जुमा: नगरपालिकाको आगामी आवधिक योजना, वार्षिक नीति, कार्यक्रम र बजेटलाई बालकेन्द्रित र परिणाममुखी बनाउनका लागि वैज्ञानिक एवं ठोस आधारशिला आवश्यक पर्दछ। यो प्रतिवेदनले योजना शाखा र नीति निर्माताहरूलाई वास्तविक तथ्याङ्कमा आधारित भई बजेट विनियोजन गर्न मार्गनिर्देश गर्नेछ।
- नयाँ चुनौती र जोखिमहरूको पहिचान: विगतको प्रतिवेदनले औंल्याएका शैक्षिक गुणस्तर, र बाल संरक्षण जस्ता क्षेत्रहरूमा चालिएका कदमहरूको प्रभावकारिता मापन गर्नु यसको दायित्व हो। साथै, प्रविधिको बढ्दो प्रयोगसँगै सिर्जना भएका नयाँ चुनौतीहरू (जस्तै: अनलाइन सुरक्षा, मानसिक स्वास्थ्य र डिजिटल विभेद) को वस्तुनिष्ठ पहिचान गरी समयमै समाधानका उपायहरू पहिल्याउन यो प्रतिवेदन आवश्यक छ।

### १.२. प्रतिवेदनका उद्देश्यहरू

सूर्योदय नगरपालिकामा बालबालिकाहरूको अवस्थाको बृहत् र बहुआयामिक अध्ययन गरी अद्यावधिक तथ्याङ्क सङ्कलन गर्नु र उनीहरूको सर्वाङ्गीण विकासका लागि शिक्षा, स्वास्थ्य, सुरक्षा, संरक्षण र सशक्तीकरणका क्षेत्रमा आवश्यक पर्ने रणनीतिक मार्गदर्शन प्रस्तुत गर्नु हो। सूर्योदय नगरपालिकाको 'बालमैत्री स्थानीय शासनयुक्त नगर' को पहिचानलाई दिगो बनाउने बृहत्तर लक्ष्य हासिल गर्न यस प्रतिवेदनका उद्देश्यहरू निम्न बमोजिम रहेका छन्:

- सूर्योदय नगरपालिकाभित्रका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण, संरक्षण र सहभागिताको समग्र स्थितिको तथ्यपरक र विस्तृत चित्र प्रस्तुत गर्नु ।
- बालबालिकाको क्षेत्रमा भएका सबल पक्ष, प्रगति, मुख्य चुनौती र अवसरहरूको वस्तुनिष्ठ पहिचान गर्नुका साथै अघिल्लो वर्षको प्रतिवेदनले औंल्याएका सुधारका क्षेत्रहरूको कार्यान्वयन अवस्था मूल्याङ्कन गर्नु ।
- वैज्ञानिक र प्रमाणमा आधारित तथ्याङ्कहरू जुटाई नगरपालिकाको आगामी आवधिक योजना, वार्षिक नीति, कार्यक्रम र बजेटलाई बालकेन्द्रित बनाउन ठोस आधार प्रदान गर्नु ।
- बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी, गैर-सरकारी, निजी क्षेत्र तथा सामुदायिक संस्थाहरूबीच प्रभावकारी समन्वय, सहकार्य, साझेदारी र अपनत्वको भावना विकास गर्न सहयोग पुऱ्याउनु ।
- बालबालिकाहरूमा रहेका बहुआयामिक प्रतिभाहरूको पहिचान, अभिलेखीकरण र प्रवर्द्धनका लागि नीतिगत आधार तयार पार्नु।
- बालबालिकासँग सम्बन्धित विभिन्न निकायहरूमा छरिएर रहेका तथ्याङ्कहरूलाई एकीकृत गर्न वडागत र पालिकास्तरीय आधिकारिक तथ्याङ्कहरूको जग बसाल्नु।

## १.३. अध्ययनको क्षेत्र र सीमाहरू

कुनै पनि अध्ययन, अनुसन्धान वा स्थिति प्रतिवेदन तयार गर्दा त्यसको दायरा र परिधि पूर्व-निर्धारित हुनु वैज्ञानिक र वस्तुनिष्ठ मानिन्छ । अध्ययनको क्षेत्रले प्रतिवेदनले समेट्ने विषयवस्तु, लक्षित वर्ग र भौगोलिक सिमानालाई स्पष्ट रूपमा परिभाषित गर्दछ। सामान्यतया, यसले अनुसन्धान कुन भूगोलमा केन्द्रित छ, क-कसलाई यसले आफ्नो अध्ययनको दायरामा राखेको छ, र कुन-कुन विषयगत मुद्दाहरू यसभित्र पर्छन् भन्ने स्पष्ट खाका दिन्छ। यसले स्थानीय सरकारका नीति तथा योजना तर्जुमा प्रक्रियालाई बरालिन नदिई लक्षित विन्दुमै केन्द्रित गर्न मद्दत गर्दछ। अध्ययनको क्षेत्र र सीमाहरूलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ:

**१.३.१. अध्ययनको क्षेत्र:** यस अध्ययन तथा प्रतिवेदनको कार्यक्षेत्रलाई भौगोलिक, जनसाङ्ख्यिक र विषयगत गरी तीन प्रमुख भागमा विभाजन गरिएको छ:

- **भौगोलिक क्षेत्र:** यस अध्ययनले सूर्योदय नगरपालिकाको भौगोलिक सीमाभित्र रहेका सम्पूर्ण १४ वटै वडाहरूका सुगमदेखि विकट बस्तीहरूलाई आफ्नो कार्यक्षेत्र बनाएको छ।
- **जनसाङ्ख्यिक क्षेत्र:** संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि तथा नेपालको राष्ट्रिय कानुनले परिभाषित गरेबमोजिम, यस नगरपालिकाभित्र बसोबास गर्ने जन्मदेखि १८ वर्ष उमेर समूहका सम्पूर्ण बालबालिकाहरू (सबै लिङ्ग, वर्ग, र समुदाय) यस अध्ययनको मूल लक्षित समूहमा समेटिनेछन्।
- **विषयगत क्षेत्र:** बालमैत्री स्थानीय शासनका चार प्रमुख स्तम्भहरूलाई आधार मानी यस अध्ययनले निम्न विषयहरूलाई समेट्नेछ:
  - **बाल विकास र शिक्षा:** प्रारम्भिक बाल विकास, विद्यालय भर्ना, टिकाउ दर, प्रविधिमैत्री शिक्षा, र बालबालिकाहरूमा रहेका बहुआयामिक प्रतिभाहरू ।
  - **बाल बचाउ:** आधारभूत स्वास्थ्य सेवा, पूर्ण खोप, पोषणको अवस्था, र किशोरकिशोरी स्वास्थ्य।
  - **बाल संरक्षण:** बालश्रम, बालविवाह, सबै प्रकारका हिंसा, अनलाइन सुरक्षा, र सामाजिक सुरक्षा योजनाहरूको पहुँच।
  - **बाल सहभागिता:** वडा तथा विद्यालयस्तरीय बाल क्लबहरूको सक्रियता र स्थानीय योजना तर्जुमा प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता।

**१.३.२. अध्ययनका सीमाहरू:** माथि उल्लेखित विस्तृत कार्यक्षेत्र हुँदाहुँदै पनि, यस प्रतिवेदनका केही आफ्नै परिधि र सीमाहरू निम्न बमोजिम रहेका छन्:

- **समयावधि र गतिशीलता:** यो प्रतिवेदन मुख्यतया आर्थिक वर्ष २०८२/८३ सम्म उपलब्ध तथ्याङ्क, सूचना र अभिलेखहरूमा आधारित छ । बालबालिकासँग सम्बन्धित जनसाङ्ख्यिक तथ्याङ्क र सामाजिक अवस्थाहरू निरन्तर परिवर्तनशील हुने हुँदा, अध्ययन सम्पन्न भएपछिको लगत्तैको परिवर्तित अवस्थालाई यसले पूर्ण रूपमा प्रतिनिधित्व नगर्न सक्छ।

- **तथ्याङ्कको निर्भरता:** यो अध्ययन पूर्ण रूपमा प्राथमिक तथ्याङ्कमा मात्र आधारित छैन। प्रतिवेदन तयारीका लागि प्राथमिक तथ्याङ्कका साथै केन्द्रीय तथ्याङ्क कार्यालय, विभिन्न मन्त्रालयहरू, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), स्वास्थ्य सूचना प्रणाली (HMIS) र गैर-सरकारी संस्थाहरूबाट प्राप्त द्वितीयक स्रोतका तथ्याङ्कहरूमा समेत निर्भर रहनुपरेको छ।
- **गुणात्मक मापनको जटिलता:** कतिपय विषयहरू जस्तै: बालबालिकाको मनोवैज्ञानिक अवस्था, पारिवारिक हेरचाहको स्तर, वा बाल सहभागिताको वास्तविक गुणस्तरलाई परिमाणात्मक तथ्याङ्कमा मात्र दुरुस्तै उतार्न कठिन हुने भएकाले, ती विषयहरूमा सामान्यीकरणमा भर पर्नुपरेको छ।

### १.४. अध्ययन विधि तथा प्रक्रिया

कुनै पनि प्रतिवेदन वा अनुसन्धानको विश्वसनीयता, प्रामाणिकता र वस्तुनिष्ठता त्यस अध्ययनमा अपनाइएको अध्ययन विधि'मा निर्भर गर्दछ। अध्ययन विधि भन्नाले तथ्याङ्क कहाँबाट ल्याउने, कसरी सङ्कलन गर्ने, त्यसको सत्यता कसरी परीक्षण गर्ने र प्राप्त तथ्याङ्कलाई कसरी विश्लेषण गरी निष्कर्षमा पुग्ने भन्ने सम्पूर्ण वैज्ञानिक प्रक्रियाको समष्टिगत रूप हो। सही विधिको प्रयोग बिना सङ्कलित तथ्याङ्कले यथार्थ अवस्थाको चित्रण गर्न सक्दैन। तसर्थ, नीति निर्माणको आधार बन्ने यस्ता प्रतिवेदनहरूमा विधिशास्त्रीय स्पष्टता हुनु अत्यन्त जरुरी हुन्छ। सूर्योदय नगरपालिकाको बालबालिका सम्बन्धी स्थिति प्रतिवेदन - २०८३ लाई यथार्थपरक र सर्वस्वीकार्य बनाउन परिमाणात्मक र गुणात्मक दुवै विधिको सम्मिश्रण अध्ययन विधिको प्रयोग गरिएको छ। अङ्क र प्रतिशतले बालबालिकाको सङ्ख्यात्मक अवस्था देखाउँछन् भने गुणात्मक विधिले ती अङ्कहरू पछाडिका कारण, भोगाइ र सामाजिक यथार्थलाई उजागर गर्दछन्। यस अध्ययनका क्रममा प्राथमिक तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका विस्तृत प्रश्नावलीहरूलाई यसै प्रतिवेदनको अनुसूची-१ मा समावेश गरिएको छ। यस प्रतिवेदन तयारीका क्रममा अवलम्बन गरिएका तथ्याङ्क सङ्कलन तथा विश्लेषणका मुख्य विधि र प्रक्रियाहरू निम्न बमोजिम रहेका छन्:

**१.४.१. तथ्याङ्क सङ्कलनका स्रोतहरू (प्राथमिक र द्वितीयक):** तथ्याङ्कलाई तथ्यपरक बनाउन मुख्यतया दुईवटा स्रोतहरूको प्रयोग गरिएको छ:

- **प्राथमिक स्रोत:** फिल्डमा प्रत्यक्ष रूपमा खटिएर सङ्कलन गरिएका नयाँ र ताजा तथ्याङ्कहरू प्राथमिक स्रोत हुन्। यसका लागि अनुसूची-१ मा उल्लेखित संरचनागत प्रश्नावलीको प्रयोग गरी नगरपालिकाका १४ वटै वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू, सामुदायिक तथा संस्थागत विद्यालयहरू र बाल क्लबहरूबाट प्रत्यक्ष रूपमा तथ्याङ्क सङ्कलन गरिएको छ।
- **द्वितीयक स्रोत:** विभिन्न निकायहरूले पहिल्यै प्रकाशन गरिसकेका वा अभिलेखीकरण गरिसकेका तथ्याङ्कहरू द्वितीयक स्रोत हुन्। यस अन्तर्गत अघिल्लो वर्षको स्थिति प्रतिवेदन, राष्ट्रिय जनगणना-२०७८ का स्थानीय तथ्याङ्कहरू, नगरपालिकाको शिक्षा शाखाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), स्वास्थ्य शाखाको HMIS रेकर्ड, तथा बालबालिकाको क्षेत्रमा कार्यरत गैर-सरकारी संस्था र सुरक्षा निकायका प्रतिवेदनहरूलाई अध्ययन तथा सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ।

**१.४.२. लक्षित समूह छलफल र मुख्य सूचनादाता अन्तर्वार्ता:** तथ्याङ्कमा नदेखिने तर समाजमा विद्यमान रहेका बालबालिकाका वास्तविक समस्या र अवसरहरू बुझ्न गुणात्मक विधिको प्रयोग गरिएको छ:

- **लक्षित समूह छलफल:** बालबालिकाका आफ्नै अनुभव र समुदायको दृष्टिकोण बुझ्न नगर तथा वडास्तरीय बाल क्लबका सदस्यहरू, विद्यालयका विद्यार्थीहरू, अभिभावकहरू र महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग छलफलहरू सञ्चालन गरिएको छ।
- **मुख्य सूचनादातासँग छलफल:** विषयवस्तुको गहिरो ज्ञान भएका सरोकारवाला निकायका प्रमुख व्यक्तिहरूसँग छलफल गरिएको छ। यस अन्तर्गत वडा अध्यक्षज्यूहरू, विद्यालयका शिक्षकहरू, स्वास्थ्य चौकीका इन्चार्जहरू, प्रहरी प्रतिनिधि र बाल अधिकारकर्मीहरूबाट प्राप्त प्रशासनिक तथा विज्ञ सुझावहरूलाई प्रतिवेदनमा समेटिएको छ।

**१.४.३. तथ्याङ्क प्रशोधन तथा विश्लेषण विधि:** विभिन्न स्रोत र विधिबाट सङ्कलन गरिएका कच्चा तथ्याङ्कहरूलाई सिधै प्रयोग नगरी त्यसलाई प्रशोधन तथा विश्लेषण गरेर प्रतिवेदनमा समावेश गरिएको छ:

- **तथ्याङ्क प्रशोधन:** सङ्कलित फारमहरूलाई रुजु गर्ने, अपूर्ण वा त्रुटिपूर्ण तथ्याङ्कलाई पुनः अध्ययन र सोधपुछ गरेर मात्र यस प्रतिवेदनमा समावेश गर्ने कार्य गरिएको छ।
- **तथ्याङ्क विश्लेषण:** परिमाणात्मक तथ्याङ्कहरूलाई सरल र बोधगम्य बनाउन विषयवस्तु अनुसारका तालिका, Graph, Pie Charts र प्रतिशतमा प्रस्तुत गरी व्याख्यात्मक विश्लेषण गरिएको छ। त्यसैगरी, लक्षित समूह छलफलबाट प्राप्त सूचना तथा जानकारीहरूलाई प्रतिवेदनका विभिन्न परिच्छेदहरूमा समावेश गरिएको छ।

## परिच्छेद २
## सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय र जनसाङ्ख्यिक स्थिति

### २.१. इलाम जिल्ला र सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय


### २.१.१. इलाम जिल्लाको संक्षिप्त परिचय

"पहाडकी रानी" तथा "चियाको राजधानी" जस्ता उपनामले प्रख्यात इलाम जिल्ला नेपालको कोशी प्रदेशमा अवस्थित एक रमणीय, ऐतिहासिक र महत्त्वपूर्ण जिल्ला हो। अनुपम भौगोलिक विविधता र अनुकूल हावापानीका कारण यहाँ विश्वप्रसिद्ध अर्थोडक्स चिया, अलैँची, अदुवा, अकबरे खुर्सानी र अम्रिसो जस्ता नगदे बालीको उत्पादन फस्टाएको छ। वि.सं. १९२० मा नेपालमै पहिलोपटक चिया खेतीको सुरुवात भएको यस जिल्लाको आर्थिक र ऐतिहासिक पहिचान चियासँग अभिन्न रूपमा जोडिएको छ।

इलाम बजार, कन्याम र अन्तुका मनमोहक चिया बगान, श्री अन्तुबाट देखिने सूर्योदयको दृश्य र जैविक विविधताले भरिपूर्ण माइपोखरी, सन्दकपुर जस्ता स्थानहरूले इलामलाई एक प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरेका छन्। यो जिल्ला लाप्चा समुदायको मूल थलो हुनुका साथै विभिन्न जातजातिहरूको बहुसांस्कृतिक फूलबारी हो। यहाँका च्याब्रुङ नाच र साकेला जस्ता मौलिक संस्कृतिले जिल्लालाई जीवन्त बनाएको छ भने, विभिन्न समुदायबीचको सौहार्दपूर्ण सामाजिक सद्भाव र सहिष्णुता नै इलामको सबैभन्दा ठूलो सम्पत्ति हो।

### २.१.२. सूर्योदय नगरपालिकाको संक्षिप्त परिचय

नेपालको कोशी प्रदेशअन्तर्गत इलाम जिल्लाको पूर्वी भेगमा अवस्थित सूर्योदय नगरपालिका प्राकृतिक सुन्दरता र भौगोलिक विविधताले भरिपूर्ण एक उत्कृष्ट स्थानीय तह हो। २५२.५२ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको सूर्योदय नगरपालिका समुद्र सतहबाट करिब ५०० मिटरदेखि २,५०० मिटरसम्मको उचाइमा अवस्थित छ। उत्तरमा माइजोगमाई गाउँपालिका, पश्चिममा माई नगरपालिका र इलाम नगरपालिका र दक्षिणमा रोङ गाउँपालिका रहेका छन् भने पूर्वमा भारतको दार्जिलिङसँग जोडिएको अन्तर्राष्ट्रिय सीमा नाका पशुपतिनगर-फाटक रहेको छ। यस क्षेत्रमा जैविक विविधता र समशीतोष्ण हावापानी पाइन्छ। प्रशासनिक रूपमा, यो नगरपालिका १४ वटा वडाहरूमा विभाजित छ। भौगोलिक सुगमता र सीमावर्ती नाकाका कारण यो नगर पूर्वी पहाडको एक प्रमुख आर्थिक तथा पर्यटकीय प्रवेशद्वारको रूपमा चिनिन्छ।



**नगरपालिकाको दीर्घकालीन सोच र ध्येय**

**सोच:**

"सूर्योदय नगरपालिकाको समृद्धता: प्राङ्गारिक कृषि, पर्यापर्यटन र आर्थिक समानता"

**ध्येय (Mission):**

"SURYODAYA विकासको मोड्युल" ले निर्देशित गरे अनुसारका क्रियाकलापहरू सञ्चालन गरी नगरबासीलाई स्थानीय सरकारको प्रत्याभूति दिने।

**लक्ष्य (Goal)**

"नगरपालिकाले सञ्चालन गर्ने क्रियाकलापहरूमा समय, लागत, गुणस्तर र परिमाणात्मक रुपमा निर्धारित लक्ष्य अनुसारको प्रगति हासिल हुने तथा सूर्योदय नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वातावरण, संस्थागत सेवा प्रवाह, वित्तीय व्यवस्थापन र सुशासनमा अभिवृद्धि गरी नगरवासीको जीवन स्तरमा सुधार आएको हुनेछ।"

व्यापारिक तथा प्रशासनिक दृष्टिकोणले सूर्योदय नगरपालिका निकै रमणीय र उत्साहजनक छ। मिहिनेती र जाँगरिला स्थानीय बासिन्दाहरूको निरन्तर प्रयासले यहाँको आर्थिक गतिविधि चलायमान छ। नगरपालिकाको केन्द्र र मुख्य व्यापारिक हबको रूपमा फिक्कल बजार रहेको छ। फिक्कलका अलावा स्थानीय बजारहरू जस्तै तीनघरे, हर्कटे, कटुसे र आइतबारे बजारहरू द्रुत रूपमा सहरोन्मुख भइरहेका छन्। विशेषगरी गोर्खे बजार यस क्षेत्रको एक ऐतिहासिक र पुरानो बजार हो, जसले आफ्नो छुट्टै व्यापारिक र ऐतिहासिक विरासत बोकेको छ।

सूर्योदय नगरपालिकाको अर्थतन्त्रको मुख्य मेरुदण्ड कृषि र नगदेबाली नै हो। यो क्षेत्र चिया, अलैंची, अदुवा, आलु, अम्रिसो, दूध र दुग्ध जन्य वस्तुहरूको उत्पादनका लागि देशमै प्रख्यात छ। नेपालकै एकमात्र अलैंची विकास केन्द्र यसै नगरपालिकामा अवस्थित छ, जसले किसानहरूलाई प्राविधिक सहयोग, रोग नियन्त्रण र अनुसन्धानमा मद्दत पुऱ्याउँदै आएको छ। कृषि क्षेत्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै प्राङ्गारिक कृषि (Organic Agriculture) को अवधारणालाई नगरले उच्च प्राथमिकतामा राखेको छ।


सूर्योदय नगरपालिका नेपालको चिया इतिहासको साक्षी र वर्तमानको चिया राजधानी हो। नेपालकै पहिलो चिया परीक्षण, प्रवर्द्धन तथा अनुसन्धान केन्द्र यसै नगरमा स्थापना भएको छ। यसले नेपाली अर्थोडक्स चियाको गुणस्तर मापन र विश्व बजारमा बजारीकरण गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ। चियाको गौरवशाली इतिहास, प्रशोधन प्रक्रिया र यससँग जोडिएको कृषि-विरासतलाई संरक्षण गर्न तथा पर्यटकहरूलाई आकर्षित गर्न चिया सङ्ग्रहालय (Tea Museum) निर्माण र व्यवस्थापनका कार्यहरू अगाडि बढाइएका छन्।



सूर्योदय अवलोकनका लागि विश्वप्रसिद्ध श्रीअन्तु, हरियालीले भरिपूर्ण कन्याम, चित्रे गुम्बा, र बुद्ध पार्क जस्ता स्थानहरूले यस नगरलाई उत्कृष्ट पर्यटकीय गन्तव्य बनाएका छन्। पर्यटन प्रवर्द्धनकै लागि फिक्कलदेखि अन्तुसम्म जोडिने करिब २० किलोमिटर लामो Tea Garden Trail र अन्य साइकल ट्र्याकहरूको निर्माण कार्य भइरहेको छ । ऐतिहासिक निशान पदमार्ग यसै नगरपालिकाको वडा नं. ४, मेचीबजारदेखि वडा नं. ८,९,१०,११ पूर्णे डाँडा - माइजोगमाई गाउँपालिका ४– इलाम नगरपालिका, माइस्थानसम्मको रुटले सूर्योदय नगरपालिकालाई समेट्दछ । यस नगर क्षेत्रमा रहेका होमस्टे र इको टुरिजम मार्फत स्थानीयको आयआर्जन बढाउने र बाह्य पर्यटक भित्र्याउने कार्यमा नगर निरन्तर लागिरहेको छ ।

सूर्योदय नगरपालिका बहुधार्मिक, बहुजातीय र बहुभाषिक संगमस्थल हो । विशेषगरी यो नगरपालिका लोपोन्मुख लेप्चा जातिको मूल थलोको रूपमा परिचित छ, लेप्चा जातिको संस्कृति संरक्षणका लागि लेप्चा सङ्ग्रहालयको स्थापना समेत भएको छ। धार्मिक सहिष्णुताको उत्कृष्ट नमुना प्रस्तुत गर्दै यहाँ पञ्चकन्या मन्दिर, सिंहदेवी, माइली पाथीभरा, शिव मन्दिरका साथै बौद्धधाम र चित्रे गुम्बा जस्ता ऐतिहासिक गुम्बा तथा स्तुपाहरू रहेका छन् । यहाँका राई, लिम्बू, तामाङ, नेवार, ब्राह्मण, क्षेत्री लगायतका जातिहरूले आ-आफ्नो भाषा, साहित्य, र कलाको संरक्षण गर्दै सिर्जनात्मक गतिविधिहरूलाई अगाडि बढाएका छन्। साकेला र लाखे यहाँको प्रचलित नाचहरू हुन् ।

Smart City को अवधारणा बोकेको यस नगरपालिकाले पूर्वाधार विकासलाई तीव्रता दिएको छ । नगरको यातायात प्रणालीलाई व्यवस्थित गर्न GIS Based नगर यातायात गुरुयोजना (MTMP) लागू गरिएको छ । यस अन्तर्गत नगरका सबै कुना-कुनामा सडक सञ्जाल पुगेको छ । यद्यपि धेरै सडकहरू कच्ची नै भए पनि, तिनको स्तरोन्नति र बाह्रैमास चल्न सक्ने बनाउन विकास निर्माणका कामहरू निरन्तर भइरहेका छन् । भूमि व्यवस्थापनका लागि जग्गा वर्गीकरणको कार्य निरन्तर भइरहेको छ भने सडक पूर्वाधारको नियमित अनुगमन र योजना व्यवस्थापनलाई प्रविधिमैत्री बनाउँदै लगिएको छ ।




नागरिकको स्वास्थ्य अधिकार सुनिश्चित गर्न नगरपालिकाले स्वास्थ्य पूर्वाधारमा उल्लेख्य लगानी गरेको छ । नगरका १४ वटै वडाहरूमा स्वास्थ्य केन्द्रहरू स्थापना भई सञ्चालनमा छन् । यसका अतिरिक्त, १ वटा सहरी स्वास्थ्य केन्द्र, १ वटा १५ शैयाको सुविधायुक्त नगर अस्पताल र अन्य विभिन्न निजी अस्पताल तथा क्लिनिकहरूले निरन्तर सेवा प्रवाह गरिरहेका छन् । बालबालिकाको खोप, पोषण र सुरक्षित मातृत्वका कार्यक्रमहरूलाई वडास्तरसम्म प्रभावकारी रूपमा पुऱ्याइएको छ ।

सूर्योदय नगरपालिकाले बालबालिकाको सिकाइलाई गुणस्तरीय, सुरक्षित र प्रविधिमैत्री बनाउन शैक्षिक पूर्वाधारमा उल्लेख्य लगानी गरेको छ । नगर क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालय र १ वटा क्याम्पस गरी कुल ९२ वटा शिक्षण संस्थाहरू सञ्चालनमा छन् । विद्यालयहरूमा सुरक्षित पक्की भवन, पर्याप्त फर्निचरसहितका उज्याला कक्षाकोठा, स्वच्छ खानेपानी र छात्र/ छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था सुनिश्चित गरिएको छ । सिकाइलाई आधुनिकीकरण गर्न सामुदायिक विद्यालयहरूमा Smart Board, कम्प्युटर ल्याब, तथा Science

and Math Lab स्थापना गरिएका छन् । यसका साथै, विद्यालयको प्रशासनिक सुशासन र सुरक्षाका लागि E-Attendance र CCTV जडान गरिनुका साथै बालबालिकाको शारीरिक विकासका लागि व्यवस्थित खेलमैदानहरूको निर्माण भई समग्र शैक्षिक वातावरणलाई पूर्ण रूपमा बालमैत्री बनाइएको छ ।

भौगोलिक अस्थिरता र प्राकृतिक प्रकोपको जोखिमलाई मध्यनजर गर्दै नगरले विपद् व्यवस्थापन र नागरिक सुरक्षामा उच्च सतर्कता अपनाउँदै सम्भावित जोखिमका क्षेत्रहरूको Mapping गरी Bipad portal मा राखेको छ । सम्भावित विपद्बाट तत्काल उद्धार तथा प्रतिकार्यका लागि नागरिक, स्वयंसेवक तथा सुरक्षाकर्मीहरूलाई विपद् प्रतिकार्य अभ्यास र तालिमहरू निरन्तर प्रदान गरिँदै आएको छ । हाल नगरका ३ वटा विद्यालयहरूमा NCC Troops को गठन भई तालिम सञ्चालन भइरहेको छ । नगरपालिकामा आपतकालीन कक्ष (फोन: ०२७-५४०५८३) सधैं खुल्ला रहन्छ। नागरिकको सुरक्षा, समन्वय र सहयोगका लागि विभिन्न नाका तथा बजारहरूमा प्रहरी चेकपोस्टहरू स्थापित छन् । मानव बेचविखन तथा हिंसा नियन्त्रण तथा रोकथामका लागि माइति नेपाल लगायत विभिन्न सङ्घ संस्थाहरूसँग निरन्तर सहजीकरण भइरहेको छ ।

पूर्वाधार, स्वास्थ्य, सुरक्षा र पर्यटनको यस चौतर्फी विकासको अन्तिम लक्ष्य भनेको नागरिक र विशेषगरी बालबालिकाको लागि सुरक्षित, सभ्य र समृद्ध भविष्य निर्माण गर्नु हो । पूर्वाधार र योजनाहरूको डिजिटल अनुगमन, स्थानीय सेवाहरूको आधुनिकीकरण, र जलवायु उत्थानशीलतालाई केन्द्रमा राखेर नगर अघि बढिरहेको छ । आफ्ना बालबालिकाहरूलाई सूचना प्रविधिमा अब्बल बनाउन र उनीहरूको बहुआयामिक प्रतिभा प्रस्फुटन गराउन यो नगर पूर्ण रूपमा प्रतिबद्ध छ, जसले बालमैत्री स्थानीय शासनयुक्त नगरको गरिमालाई अझ उचाइमा पुऱ्याएको छ।

## २.२. भौगोलिक अवस्थिति र प्रशासनिक विभाजन


स्थानीय तहको समग्र विकास, सेवा प्रवाह र सुशासन त्यसको भौगोलिक अवस्थिति र प्रशासनिक संरचनामा निर्भर रहन्छ। भौगोलिक अवस्थितिले त्यस क्षेत्रको हावापानी, प्राकृतिक स्रोतसाधन, र विकासका सम्भावनाहरूलाई सङ्केत गर्दछ भने प्रशासनिक विभाजनले राज्यको सेवालाई नागरिकको घरदैलोसम्म पुऱ्याउने संयन्त्रको रूपमा काम गर्दछ। 'बालमैत्री स्थानीय शासन' को प्रभावकारी कार्यान्वयनका लागि नगरका सबै कुना-कन्दरामा रहेका बालबालिकाको स्थिति मूल्याङ्कन गर्न, लक्षित वर्ग पहिचान गर्न र स्रोत-साधनको न्यायोचित वितरण गर्न भौगोलिक र प्रशासनिक विभाजनको यथार्थपरक जानकारी हुनु अत्यन्त आवश्यक छ। प्रशासनिक सुगमता र सेवा प्रवाहको सहजताका लागि सूर्योदय नगरपालिकालाई १४ वटा वडाहरूमा विभाजन गरिएको छ ।

| वडा नं. | वडा कार्यालय | मुख्य विशेषताहरू |
|---|---|---|
| १ | १ नं. वडा कार्यालय, गोर्खे बजार | ऐतिहासिक गोर्खे बजार, चित्रे गुम्बा, लामिधुरा, थुम्के, कञ्चनजङ्घाको दृश्यावलोकन, मयु खोला, |
| २ | २ नं. वडा कार्यालय, पशुपतिनगर | पूर्वी सीमा नाका (पशुपतिनगर-फाटक), पर्यटकीय सूचना केन्द्र, रानीवन वाटिका |
| ३ | ३ नं. वडा कार्यालय, बौद्धधाम | बौद्ध पार्क, सुन्दरपानी, ऐतिहासिक गुम्बाहरू, ल्होसार पर्वको सांस्कृतिक महत्त्व |
| ४ | ४ नं. वडा कार्यालय, श्रीअन्तु | पर्यटकीय गन्तव्य (अन्तु पोखरी), होमस्टे, मेची बजार, गुफा पाताल, प्राकृतिक सौन्दर्य |
| ५ | ५ नं. वडा कार्यालय, समालबुङ | सूर्योदय दृश्यावलोकनका लागि प्रसिद्ध अन्तु डाँडा, पुत्काको मह, |
| ६ | ६ नं. वडा कार्यालय, हर्कटे | हर्कटे बजार, कन्याम प्रवेशद्वार, व्यापारिक तथा कृषि केन्द्र |
| ७ | ७ नं. वडा कार्यालय, कन्याम | कन्याम, चिया बगान, चिया परीक्षण तथा प्रवर्द्धन केन्द्र, किवा गुफा, पर्यटकीय आकर्षण |
| ८ | ८ नं. वडा कार्यालय, कन्याम | सिद्धिखोला, सिद्धिगाउँ, होमस्टे, पर्यटकीय सम्भावना |
| ९ | ९ नं. वडा कार्यालय, बरबोटे | बरबोटे, माइली पाथिभरा, |


| वडा नं. | वडा कार्यालय | मुख्य विशेषताहरू |
|---|---|---|
| १० | १० नं. वडा कार्यालय, फिक्कल | नगरको मुख्य प्रशासनिक तथा व्यापारिक केन्द्र, लेप्चा सङ्ग्रहालय, फेन्सोङ गुम्बा, स्वामी पार्क |
| ११ | ११ नं. वडा कार्यालय, पञ्चकन्या | पञ्चकन्या मन्दिर, आइतबारे बजार, पूर्णे डाँडा, धार्मिक पर्यटकीय गन्तव्य, साकेला नाच |
| १२ | १२ नं. वडा कार्यालय, तीनघरे | तीनघरे बजार, ऐतिहासिक करफोक विद्या मन्दिर, करफोक खेलमैदान, मूर्ति डाँडा |
| १३ | १३ नं. वडा कार्यालय, लक्ष्मीपुर | जोरपोखरी, कृषि तथा पशुपालन, पुष्प खेति, विकासोन्मुख बस्ती |
| १४ | १४ नं. वडा कार्यालय, लक्ष्मीपुर | कटुसे बजार, जिमीराजा-जिमीरानी, कृषि तथा पशुपालन, विकासोन्मुख बस्ती |

## २.३. कुल जनसाङ्ख्यिक विवरण

**२.३.१. वडागत जनसङ्ख्याको विवरण:** कुनै पनि स्थानीय तहको बालमैत्री विकास योजना तर्जुमा गर्न र लक्षित कार्यक्रमहरू सञ्चालन गर्न त्यहाँको जनसङ्ख्याको बनोट, विशेषगरी बालबालिकाको जनसाङ्ख्यिक तथ्याङ्क अत्यन्त महत्त्वपूर्ण हुन्छ। राष्ट्रिय जनगणना, २०७८ को अन्तिम नतिजा अनुसार सूर्योदय नगरपालिकाको कुल जनसङ्ख्या ५४,७२७ रहेको छ। यसमध्ये पुरुषको सङ्ख्या २७,३८२ र महिलाको सङ्ख्या २७,३४५ रहेको छ, जसले गर्दा यहाँको लैङ्गिक अनुपात करिब १००.१४ पुरुष प्रति १०० महिला रहेको देखिन्छ। यसलाई तपसिल बमोजिम ग्राफमा प्रस्तुत गरिएको छ।




**२.३.१. बालबालिकाहरूको जनसङ्ख्याको विवरण:** राष्ट्रिय जनगणना, २०७८ अनुसार ०-१८ वर्ष उमेर समूहका बालबालिका तथा किशोर-किशोरीहरूको कूल जनसङ्ख्या १३१७६ जना रहेको छ भने कूल बालकको सङ्ख्या ६७७४ र कूल बालिकाको सङ्ख्या ६४०२ रहेको छ। उक्त जनसाङ्ख्यिक अवस्थालाई तपसिल बमोजिम प्रस्तुत गरिएको छ।




**२.४. नगरको आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधारको अवस्था**

सूर्योदय नगरपालिकाको समग्र विकास र बालमैत्री वातावरण निर्माणमा यहाँको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारले प्रत्यक्ष भूमिका खेल्दछ। यस नगरपालिकाको विद्यमान अवस्थालाई निम्न बमोजिम प्रस्तुत गरिएको छ:

**२.४.१. आर्थिक तथा सामाजिक अवस्था:** सूर्योदय नगरपालिका बहुसांस्कृतिक र बहुजातीय संगमस्थल हो। यहाँ राई, लिम्बू, गुरुङ, तामाङ, लेप्चा, ब्राह्मण, क्षेत्री, दलित तथा अन्य जातजातिको सौहार्दपूर्ण बसोबास रहेको छ । सामाजिक सद्भाव यस नगरको सबैभन्दा ठूलो पुँजी हो । यहाँका बासिन्दाहरूको मुख्य पेसा कृषि हो, जसमा चिया, अलैंची, अदुवा, आलु र दुग्ध व्यवसाय प्रमुख रहेका छन् । पछिल्ला वर्षहरूमा कन्याम, श्रीअन्तु, फिक्कल जस्ता पर्यटकीय गन्तव्यहरूको तीव्र विकासले पर्यटन क्षेत्र नगरको आर्थिक मेरुदण्डको रूपमा स्थापित हुँदै गएको छ । सबल अर्थतन्त्र र सामाजिक सहिष्णुताले बालबालिकालाई सुरक्षित र अवसरयुक्त वातावरण प्रदान गरेको छ।

**२.४.२. भौतिक तथा प्राविधिक पूर्वाधारको अवस्था:** भौगोलिक विकटताका बाबजुद सूर्योदय नगरपालिकाले पूर्वाधार विकासमा उल्लेखनीय प्रगति हासिल गरेको छ:

- **यातायात पूर्वाधार:** GIS Based नगर यातायात गुरुयोजना (MTMP) अन्तर्गत नगरका सबै क्षेत्रमा सडक सञ्जाल पुगेको छ । नगरपालिका क्षेत्रभित्र कुल ३३३ वटा सडक सञ्जालहरू रहेका छन् । जसमध्ये करिब ९५ किलोमिटर कालोपत्रे, १३० किलोमिटर ग्राभेल (सब-बेस) र ६५५ किलोमिटर कच्ची सडकले नगरका सबै वडाहरूलाई जोडेको छ । खोलाहरूमा पक्की तथा झोलुङ्गे पुल निर्माण भएकाले बालबालिकाहरूको विद्यालय तथा स्वास्थ्य संस्थासम्मको पहुँच सहज भएको छ ।
- **आधारभूत सेवा (विद्युत र खानेपानी):** नगर क्षेत्रभित्रका करिब ९९% घरपरिवारले स्वच्छ खानेपानी, विद्युत् वा वैकल्पिक ऊर्जा (सोलार) को सुविधा उपभोग गरिरहेका छन् । सबै घरमा सफा शौचालयको पहुँच रहेको छ, जसले सरसफाइ प्रवर्द्धन गर्दै बालबालिकालाई विभिन्न रोगबाट बचाउन मद्दत पुगेको छ ।
- **स्वास्थ्य र शैक्षिक पूर्वाधार:** स्वास्थ्य सेवामा सहज पहुँच पुऱ्याउन १४ वटै वडाहरूमा स्वास्थ्य चौकीहरू रहेका छन्। हाल नगरमा १ वटा १५ शय्याको नगर अस्पताल, २ वटा प्राथमिक स्वास्थ्य केन्द्र, १ वटा सहरी स्वास्थ्य केन्द्र, १ वटा आयुर्वेद औषधालय, २४ वटा खोप क्लिनिक र ३२ वटा गाउँघर क्लिनिकहरू सञ्चालित छन् । प्राय सबै विद्यालयहरूमा सुरक्षित पक्की भवन, पर्याप्त फर्निचरसहितका उज्याला कक्षाकोठा, स्वच्छ खानेपानी र छात्र/ छात्राका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ । शिक्षालाई प्रविधिमैत्री बनाउन सामुदायिक विद्यालयहरूमा Smart Board, ई-हाजिरी, CCTV, तथा विज्ञान र गणित प्रयोगशाला (Science and Math Lab) सञ्चालनमा ल्याइएको छ ।
- **सूचना प्रविधि:** स्मार्ट सिटीको अवधारणालाई अघि बढाउँदै नगरपालिकाले Cloud-Based Server र Digital Signature कार्यान्वयनमा ल्याएको छ । योजना निर्माण तथा दैनिक कामकाजका लागि OAS, भौगोलिक सूचना प्रणाली (GIS) म्यापिङ, SuTRA, कृत्रिम बौद्धिकता (AI), कृषि पोर्टल, विपद् पोर्टल र

Weather Station सञ्चालनमा रहेका छन्। विद्यालय तथ्याङ्कका लागि IEMIS सञ्चालनमा ल्याइएको छ।

- **विपद् व्यवस्थापन र सुरक्षा पूर्वाधार:** प्राकृतिक प्रकोप र विपद्बाट तत्काल उद्धार गर्नका लागि स्वयंसेवक तथा सुरक्षाकर्मीहरूलाई विपद् प्रतिकार्य अभ्यास तालिमहरू प्रदान गरिएको छ। विपद् व्यवस्थापनका लागि सूर्योदय नगरपालिकामा विपद् व्यवस्थापन समितिको गठन भएको छ । तत्काल राहत वितरण, क्षति भएका संरचनाहरूको पुनर्निर्माण, पुनर्स्थापनाका लागि नगरपालिकामा विपद् व्यवस्थापन कोष र प्रकोप व्यवस्थापन कोषलाई सञ्चालनमा ल्याइएको छ । नगरको सुरक्षा, समन्वय र सहयोगका लागि विभिन्न नाका तथा बजारहरूमा प्रहरी चेकपोस्टहरू खडा गरिनुका साथै विद्यालयहरूमा NCC Troops गठन गरी अनुशासन र सुरक्षासम्बन्धी तालिम सञ्चालन भइरहेको छ।

### २.५. बालमैत्री स्थानीय शासन युक्त नगर र ५४ सूचकहरूको स्थिति

बालमैत्री स्थानीय शासनयुक्त नगरको अवधारणा र प्राप्ति: कुनै पनि स्थानीय तहको नीति, योजना, बजेट र दैनिक कार्यसञ्चालनमा बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रबिन्दुमा राख्ने पद्धति नै बालमैत्री स्थानीय शासन (CFLG) हो। बालबालिकाको सर्वाङ्गीण विकासलाई सुनिश्चित गर्ने यसै अवधारणालाई आत्मसात् गर्दै, सूर्योदय नगरपालिकाले मिति २०७९ साल भाद्र २९ गते आफूलाई ऐतिहासिक रूपमा 'बालमैत्री स्थानीय शासनयुक्त नगर' घोषणा गरेको थियो। यो घोषणा केवल एउटा प्रमाणपत्रको प्राप्ति मात्र नभई, नगरका प्रत्येक बालबालिकालाई भयरहित, सुरक्षित, शिक्षित र सिर्जनशील वातावरण प्रदान गर्ने स्थानीय सरकारको कानुनी तथा नैतिक प्रतिबद्धताको दस्ताबेज हो।

५४ वटा सूचकहरूको संरचना: बालमैत्री नगर घोषणा हुनका लागि नेपाल सरकारको 'बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८' ले निर्धारण गरेका ५१ वटा राष्ट्रिय सूचकहरू र सूर्योदय नगरपालिकाको आफ्नै विशिष्ट आवश्यकता पहिचान गरी थप गरिएका ३ वटा स्थानीय सूचकहरू गरी कुल ५४ वटा सूचकहरू पूरा गरिएको छ। यी सूचकहरू मुख्यतया बाल अधिकारका चारवटा स्तम्भ र संस्थागत विकासको क्षेत्रमा आधारित छन्:

१. बाल बचाउ: यस अन्तर्गत बालबालिकाको जन्मदर्ता, पूर्ण खोप सुनिश्चितता, पोषणको अवस्था, सुरक्षित मातृत्व, र सरसफाइ तथा खानेपानीमा पहुँच जस्ता जीवनरक्षासँग सम्बन्धित सूचकहरू पर्दछन्।

२. बाल विकास: यस स्तम्भले प्रारम्भिक बाल विकास केन्द्र (ECD) मा भर्ना, विद्यालयमा खुद भर्ना दर, टिकाउ दर, बालमैत्री शिक्षण सिकाइ, र भौतिक तथा प्रविधिमैत्री पूर्वाधार जस्ता विषयहरूलाई समेट्छ।

३. बाल संरक्षण: यसमा बालश्रम, बालविवाह, बालबालिकामाथि हुने सबै प्रकारका हिंसा (शारीरिक, मानसिक, यौनिक), तथा अनलाइन दुर्व्यवहारको अन्त्य र जोखिममा रहेका बालबालिकाको सामाजिक सुरक्षा सुनिश्चित गर्ने सूचकहरू रहेका छन्।

४. बाल सहभागिता: वडा र विद्यालय स्तरमा बाल क्लबहरूको गठन, बाल सञ्जालको सक्रियता, र स्थानीय योजना तर्जुमा प्रक्रिया (बस्ती/टोल भेला) मा बालबालिकाको अर्थपूर्ण सहभागिता यसका मुख्य सूचक हुन्।

५. संस्थागत विकास: बाल अधिकार समितिहरूको गठन, बालमैत्री नीति, कार्यविधि र निर्देशिकाको तर्जुमा, तथा बालबालिकाको क्षेत्रमा लक्षित बजेट विनियोजनको अवस्थालाई यसले मापन गर्दछ।

६. सूचकहरूको दिगोपना र निरन्तर अनुगमनको आवश्यकता: बालमैत्री नगर घोषणा हुनु गन्तव्य नभएर एउटा निरन्तर यात्रा हो। घोषणाको समयमा हासिल गरिएका उपलब्धिहरूलाई संस्थागत गर्दै तिनलाई शतप्रतिशत दिगो कायम राख्नु वर्तमान समयको प्रमुख कार्यभार हो। कतिपय सूचकहरू सन्तोषजनक रूपमा दिगो देखिए पनि केही सूचकहरूमा निरन्तर सचेतना र कडा अनुगमन र निगरानी आवश्यक देखिएको छ।

# परिच्छेद ३
# शिक्षा, प्रारम्भिक बाल विकास तथा डिजिटल नवप्रवर्तन

## ३.१. विद्यालय तथा प्रारम्भिक बाल विकास केन्द्र (ECD)

बालबालिकाको सर्वाङ्गीण (शारीरिक, मानसिक, संवेगात्मक र संज्ञानात्मक) विकासको सबैभन्दा महत्त्वपूर्ण र पहिलो खुड्किलो शिक्षा हो। 'बालमैत्री स्थानीय शासनयुक्त' सूर्योदय नगरपालिकाले आफ्ना बालबालिकालाई गुणस्तरीय, सर्वसुलभ र प्रविधिमैत्री शिक्षा प्रदान गर्न शैक्षिक क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको छ।

### ३.१.१. प्रारम्भिक बाल विकास केन्द्र (ECD):

मानव मस्तिष्कको करिब ८० प्रतिशत विकास प्रारम्भिक उमेर (०-८ वर्ष) मै हुने भएकाले यस उमेर समूहका बालबालिकाको सिकाइ अत्यन्त संवेदनशील हुन्छ। यसै तथ्यलाई मध्यनजर गर्दै सूर्योदय नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रहरूको गुणस्तर सुधारमा विशेष जोड दिएको छ।

हाल नगरभित्र जम्मा ६१ वटा बाल विकास केन्द्र (ECD) हरू सञ्चालनमा रहेका छन् । यी केन्द्रहरूमा बालबालिकालाई परम्परागत रटाई विधिबाट नभई खेलौँ र सिकौँ विधिमार्फत मनोरञ्जनात्मक वातावरणमा सिकाइन्छ। केन्द्रहरूलाई पूर्ण रूपमा बालमैत्री बनाउन भुइँमा कार्पेट वा कुसन-म्याट, उमेर सुहाउँदो होचो फर्निचर, विभिन्न शैक्षिक तथा खेलौना सामग्री, र स्वच्छ खानेपानीको व्यवस्था गरिएको छ। हाल, ECD को पूर्ण अनुभव प्राप्त गरेर कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको सिकाइ क्षमता उत्कृष्ट हुनुका साथै उनीहरूको Dropout Rate शून्य रहेको पाइएको छ।

### ३.१.२. विद्यालयहरूको अवस्था र पहुँच:

नगरका सबै बालबालिकालाई आधारभूत र माध्यमिक शिक्षाको पहुँच सुनिश्चित गर्न नगरपालिकाले शैक्षिक नक्साङ्कन मार्फत १४ वटै वडाहरूमा विद्यालयहरूको न्यायोचित वितरण गरेको छ । गत वर्ष सामुदायिक र संस्थागत विद्यालयहरूको कूल सङ्ख्या ९६ रहेकोमा हाल ४ वटा सामुदायिक विद्यालयहरू मर्ज भएर ६१ वटा सामुदायिक, ३१ वटा संस्थागत (निजी) विद्यालय र १ वटा क्याम्पस गरी कुल ९२ वटा शिक्षण संस्थाहरू सञ्चालनमा छन् । IEMIS प्रणालीमा अधिकांश विद्यालयहरूको GIS Mapping गरी सकिएको छ भने केही विद्यालयहरूमा विद्यार्थीहरूलाई आउन जान School Bus तथा गाडीको समेतको व्यवस्था गरिएको छ। भौगोलिक विकटता र छरिएका बस्तीहरूका बाबजुद पनि अधिकांश बालबालिकाहरूको पहुँचभित्र (सामान्यतया ३० मिनेटको पैदल दूरीभित्र) विद्यालयहरू रहेका छन् । प्राय विद्यालयहरूमा सुरक्षित पक्की भवन, उज्याला कक्षाकोठा, र छात्र/छात्राका लागि छुट्टाछुट्टै शौचालयको प्रबन्ध मिलाइएको छ।

### ३.१.३. वडागत शैक्षिक संस्थाहरूको सङ्ख्यात्मक विवरण:

| वडा नं. | प्रारम्भिक बाल विकास केन्द्र (ECD) को सङ्ख्या | सामुदायिक विद्यालय सङ्ख्या | संस्थागत (निजी) विद्यालय सङ्ख्या | जम्मा विद्यालय सङ्ख्या |
|---|---|---|---|---|
| १ | ७ | ७ | २ | ९ |
| २ | ३ | ३ | ३ | ७ |
| ३ | ५ | ५ | २ | ७ |
| ४ | ५ | ५ | ३ | ८ |
| ५ | ७ | ७ | २ | ९ |
| ६ | २ | २ | १ | ३ |
| ७ | ४ | ४ | १ | ५ |
| ८ | ३ | ३ | १ | ४ |
| ९ | ४ | ४ | ५ | ९ |
| १० | ४ | ४ | ६ | १० |
| ११ | ५ | ५ | २ | ७ |
| १२ | ४ | ४ | २ | ६ |

| वडा नं. | प्रारम्भिक बाल विकास केन्द्र (ECD) को सङ्ख्या | सामुदायिक विद्यालय सङ्ख्या | संस्थागत (निजी) विद्यालय सङ्ख्या | जम्मा विद्यालय सङ्ख्या |
|---|---|---|---|---|
| १३ | ३ | ३ | ० | ३ |
| १४ | ५ | ५ | १ | ६ |
| **जम्मा** | **६१** | **६१** | **३१** | **९२** |

## ३.२. प्रविधिक शिक्षा

समयको माग र स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै सूर्योदय नगरपालिका वडा नं. १२ स्थित करफोक विद्या मन्दिर माध्यमिक विद्यालयमा माध्यमिक तहमा प्राविधिक धारतर्फ बाली विज्ञान (Agriculture Science) कार्यक्रम सञ्चालन गरिएको छ। परम्परागत कृषि प्रणालीमा निर्भर यस क्षेत्रको अर्थतन्त्रलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य हो। युवा पुस्तालाई विदेश पलायन हुनबाट रोकी स्थानीय स्तरमै स्वरोजगार सिर्जना गर्ने, आधुनिक कृषि प्रविधिको ज्ञान समुदाय स्तरमा पुऱ्याउने र दक्ष कृषि प्राविधिक उत्पादन गर्ने लक्ष्यका साथ यो सङ्काय स्थापना गरिएको हो। यस कार्यक्रम अन्तर्गत विद्यार्थीहरूलाई स्थानीय हावापानी सुहाउँदो मुख्य बाली र नगदे बालीको उत्पादनमा संलग्न गराइन्छ। विशेषगरी सूर्योदयको चिनारीसँग जोडिएको चिया खेती, अलैंची, अकबरे खुर्सानी, किवीका साथै मौसमी तथा बेमौसमी तरकारी र खाद्यान्न बालीको आधुनिक प्रविधिबाट उत्पादन गर्ने अभ्यास गराइन्छ।

**३.२.१. कार्यान्वयन प्रक्रिया, सिकाई र उपलब्धी**: Learning by Doing सिद्धान्तमा आधारित यस कार्यक्रममा विद्यार्थीहरूले विद्यालयको आफ्नै जग्गामा नियमित अभ्यास गर्छन्। बीउ छनोटदेखि लिएर नर्सरी व्यवस्थापन, माटो तयारी, गोडमेल, र बाली भित्र्याउनेसम्मका सम्पूर्ण कार्यहरू विद्यार्थीहरू आफैँले प्रत्यक्ष रूपमा गर्छन्। परम्परागत कृषिलाई विस्थापन गर्दै नवीन प्रविधिको प्रयोगमा जोड दिइएको छ। थोपा सिँचाइ, टनेल तथा Poly-house खेती प्रविधि, कीट व्यवस्थापन, माटो परीक्षण प्रविधि, र प्राङ्गारिक तथा हरियो मल उत्पादन संयन्त्र जस्ता आधुनिक प्रविधिहरूको उच्चतम प्रयोग गरी सिकाइलाई प्रभावकारी बनाइएको छ।

केवल पुस्तकको ज्ञानमा मात्र सीमित नभई, हावापानीको परिवर्तनले बालीमा पार्ने असर र त्यसको न्यूनीकरणका उपायहरू विद्यार्थीहरूले आफ्नै अनुभवबाट सिकेका छन्। यसले उनीहरूमा समस्या समाधान गर्ने क्षमता विकास गरेको छ। यसका साथै उत्तीर्ण भएका धेरैजसो विद्यार्थीहरूले आफ्नै कृषि व्यावसायिक सञ्चालन गरेका छन्। भने केही विद्यार्थीहरूले कृषि स्नातक अध्ययनलाई निरन्तरता दिएका छन्।

**३.२.२. आर्थिक र सामाजिक प्रभाव**: करफोक विद्या मन्दिरको यस प्राविधिक कार्यक्रमले सूर्योदय नगरपालिकाको समग्र कृषि विकास नीतिलाई ठूलो टेवा पुऱ्याएको छ। यहाँबाट उत्पादित जनशक्तिले स्थानीय स्तरमा कृषि प्रसार सेवालाई सहज बनाएका छन्। व्यावसायिक तरकारी र नगदे बाली उत्पादनमा वृद्धि हुँदा बाहिरबाट आयात हुने कृषि उपजमा केही हदसम्म कमी आएको छ। स्थानीय स्तरमै स्वरोजगारका अवसरहरू सिर्जना हुँदा पुँजी निर्माण र आर्थिक सबलीकरणमा उल्लेखनीय योगदान पुगेको छ। पढेलेखेका युवाहरू ट्र्याक्टर चलाउँदै र टनेलमा काम गर्दै गरेको देख्दा आम किसानहरू पनि आधुनिक प्रविधि अपनाउन अभिप्रेरित भएका छन्।

## ३.३. विद्यालय भर्ना दर, नियमित उपस्थिति र शिक्षक-विद्यार्थी अनुपात

बालमैत्री स्थानीय शासनको प्रमुख सूचकमध्ये शतप्रतिशत विद्यालय भर्ना र निरन्तरता एक महत्त्वपूर्ण पक्ष हो। सूर्योदय नगरपालिकाले आफ्ना सबै बालबालिकालाई शिक्षाको मूल धारमा ल्याउन र सिकाइमा निरन्तरता दिन उल्लेखनीय सफलता हासिल गरेको छ।

**३.३.१. विद्यालय भर्ना दर र शून्य ड्रपआउट:** नगरपालिकाले हरेक शैक्षिक सत्रको सुरुमा सञ्चालन गर्ने विद्यार्थी भर्ना अभियान, घरदैलो कार्यक्रम र वडास्तरीय अनुगमनका कारण विद्यालय जाने उमेरका शतप्रतिशत बालबालिकाहरू विद्यालयमा भर्ना भएका छन्।

विशेषगरी विगतमा विद्यार्थीले बीचमै पढाइ छोड्ने विषयलाई लिएर देखिने गरेको तथ्याङ्कीय चुनौतीलाई यस वर्ष सूक्ष्म रूपमा अनुगमन गरिएको छ। यसरी अध्ययन र ट्र्याकिङ गर्दा, एउटा विद्यालयको दर्ता किताबमा भर्ना नभएका

वा हाजिरी नभएका विद्यार्थीहरूले पढाइ नै छोडेको नभई नगरभित्रकै वा अन्यत्रको अर्को विद्यालयमा स्थानान्तरण भई भर्ना भएको यथार्थ पाइएको छ। यसर्थ, शैक्षिक प्रणालीबाटै बाहिरिने गरी बीचमै पढाइ छोड्ने दर नगरपालिकामा हाल शून्य (०) रहेको छ। यो बालमैत्री नगरका लागि एक अत्यन्तै सकारात्मक उपलब्धि हो।

**३.३.२. नियमित उपस्थिति:** विद्यालयमा भर्ना हुनु मात्र पर्याप्त नहुने हुँदा विद्यार्थीको नियमित उपस्थितिलाई सुनिश्चित गर्न नगरपालिकाले विभिन्न उत्प्रेरणामूलक कार्यक्रमहरू सञ्चालन गरेको छ। विद्यालय दिवा खाजा कार्यक्रम, लक्षित वर्गलाई छात्रवृत्ति वितरण, छात्राहरूका लागि निःशुल्क सेनेटरी प्याडको व्यवस्थापन र प्रविधिमैत्री (Smart Board/Computer) सिकाइ वातावरणले गर्दा विद्यार्थीहरूमा विद्यालयप्रति आकर्षण बढेको छ। फलस्वरूप, शैक्षिक सत्रभरि विद्यार्थीहरूको उपस्थिति दर निकै उच्च र उत्साहजनक रहेको छ।

**३.३.३. शिक्षक-विद्यार्थी अनुपात:** गुणस्तरीय सिकाइका लागि शिक्षक र विद्यार्थीबीचको अनुपात सन्तुलित हुनु अनिवार्य छ। राष्ट्रिय मापदण्ड अनुरूप शिक्षक-विद्यार्थी अनुपात हाल १:१२ रहेको छ। कतिपय ग्रामीण तथा छरिएका बस्तीहरूका विद्यालयमा विद्यार्थी सङ्ख्या कम र कतै शिक्षक दरबन्दी अपर्याप्त हुने अवस्थालाई मध्यनजर गर्दै, दरबन्दी मिलानका साथै नगरपालिकाले आन्तरिक स्रोतबाट शिक्षक तथा स्वयंसेवक शिक्षकहरूको व्यवस्थापन गरी शिक्षक-विद्यार्थी अनुपातलाई सन्तुलित र सिकाइमैत्री बनाएको छ।

## ३.४. आधारभूत र माध्यमिक शिक्षा परीक्षाको नतिजा

बालबालिकाको विद्यालय भर्ना र टिकाउ दर सँगसँगै उनीहरूले प्राप्त गर्ने शिक्षाको गुणस्तर कस्तो छ भनी मापन गर्ने मुख्य आधार विद्यार्थीहरूको सिकाइ उपलब्धि र परीक्षाको नतिजा नै हो। सूर्योदय नगरपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि पूर्वाधार र प्रविधिमा गरेको लगानीको प्रतिफल विद्यार्थीहरूको नतिजामा क्रमिक रूपमा प्रतिबिम्बित हुँदै गइरहेको छ। शैक्षिक सत्र २०८२ को परीक्षामा विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्कका आधारमा नतिजालाई तपसिल बमोजिम विश्लेषण गरिएको छ:

### ३.४.१. आधारभूत तह उत्तीर्ण परीक्षा (BLE - कक्षा ८) को नतिजा:

स्थानीय तहको प्रत्यक्ष व्यवस्थापन र नियमनमा सञ्चालन हुने कक्षा ८ को नगरस्तरीय परीक्षाको नतिजाले समग्र नगरको आधारभूत शिक्षाको गुणस्तर मापन गर्दछ। यसलाई तपसिल बमोजिम विद्यालयगत छात्र/छात्रा बमोजिम तालिकामा देखाइएको छ।

| S.N | School Name | Boys | | | Girls | | | Total | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Appeared | Graded | Graded% | Appeared | Graded | Graded % | Appeared | Graded | Graded % |
| 1 | Singha Devi Secondary School | 11 | 9 | 81.82 | 4 | 4 | 100 | 15 | 13 | 86.67 |
| 2 | Himalaya Secondary school | 8 | 5 | 62.5 | 7 | 6 | 85.71 | 15 | 11 | 73.33 |
| 3 | Maiumai English School | 3 | 2 | 66.67 | 3 | 3 | 100 | 6 | 5 | 83.33 |
| 4 | Saraswati Niwas Basic School | 3 | 1 | 33.33 | 5 | 5 | 100 | 8 | 6 | 75 |
| 5 | Padma Basic School | 3 | 2 | 66.67 | 2 | 1 | 50 | 5 | 3 | 60 |
| 6 | Krishnashram Secondary School | 25 | 19 | 76 | 23 | 19 | 82.61 | 48 | 38 | 79.17 |
| 7 | Ilam Tea Garden English School | 8 | 4 | 50 | 9 | 8 | 88.89 | 17 | 12 | 70.59 |
| 8 | Golden Future Garden English school | 4 | 2 | 50 | 4 | 4 | 100 | 8 | 6 | 75 |
| 9 | Buddha Secondary School | 8 | 6 | 75 | 6 | 6 | 100 | 14 | 12 | 85.71 |

| S.N | School Name | Boys | | | Girls | | | Total | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Appeared | Graded | Graded% | Appeared | Graded | Graded % | Appeared | Graded | Graded % |
| 10 | Saraswati secondary school | 16 | 14 | 87.5 | 10 | 6 | 60 | 26 | 20 | 76.92 |
| 11 | Jyoti Secondary School | 9 | 8 | 88.89 | 9 | 7 | 77.78 | 18 | 15 | 83.33 |
| 12 | Sharada Basic School | 1 | 1 | 100 | 5 | 5 | 100 | 6 | 6 | 100 |
| 13 | Arunodaya Secondary Boarding School | 3 | 3 | 100 | 5 | 5 | 100 | 8 | 8 | 100 |
| 14 | Ganeshwori Secondary School | 4 | 3 | 75 | 3 | 3 | 100 | 7 | 6 | 85.71 |
| 15 | Kerabari Basic School | 4 | 2 | 50 | 1 | 1 | 100 | 5 | 3 | 60 |
| 16 | Karfok Vidya Mandir Secondary School | 15 | 12 | 80 | 15 | 15 | 100 | 30 | 27 | 90 |
| 17 | Birendra Secondary School | 4 | 4 | 100 | 4 | 4 | 100 | 8 | 8 | 100 |
| 18 | Punya Smarika Basic School | 11 | 11 | 100 | 21 | 16 | 76.19 | 32 | 27 | 84.38 |
| 19 | St. Augustine Academic Foundation | 19 | 14 | 73.68 | 19 | 17 | 89.47 | 38 | 31 | 81.58 |
| 20 | Merigold English school | 1 | 1 | 100 | 4 | 3 | 75 | 5 | 4 | 80 |
| 21 | Sarwajanik Basic School | 3 | 2 | 66.67 | 5 | 5 | 100 | 8 | 7 | 87.5 |
| 22 | Bouddhadham Secondary School | 11 | 9 | 81.82 | 11 | 9 | 81.82 | 22 | 18 | 81.82 |
| 23 | Narbada Kalyan Boarding School | 16 | 16 | 100 | 15 | 15 | 100 | 31 | 31 | 100 |
| 24 | East Point English School | 5 | 5 | 100 | 1 | 1 | 100 | 6 | 6 | 100 |
| 25 | Pashupati National Academy | 10 | 8 | 80 | 1 | 1 | 100 | 11 | 9 | 81.82 |
| 26 | Fikkal Secondary School | 33 | 31 | 93.94 | 49 | 47 | 95.92 | 82 | 78 | 95.12 |
| 27 | Rastriya Basic School | 2 | 2 | 100 | 7 | 6 | 85.71 | 9 | 8 | 88.89 |
| 28 | Adarsha Basic School | 3 | 3 | 100 | 4 | 4 | 100 | 7 | 7 | 100 |
| 29 | Diyalo Basic School | 4 | 2 | 50 | 1 | 1 | 100 | 5 | 3 | 60 |
| 30 | Harrowhall Academy | 13 | 9 | 69.23 | 10 | 10 | 100 | 23 | 19 | 82.61 |
| 31 | New World English School | 3 | 1 | 33.33 | 10 | 9 | 90 | 13 | 10 | 76.92 |
| 32 | Ilam Sai Jyoti English School | 7 | 7 | 100 | 6 | 6 | 100 | 13 | 13 | 100 |
| 33 | Sunrise English secondary School | 25 | 24 | 96 | 22 | 22 | 100 | 47 | 46 | 97.87 |
| 34 | Panchakanya English Boarding School | 17 | 16 | 94.12 | 16 | 15 | 93.75 | 33 | 31 | 93.94 |
| 35 | Everland International Academy | 33 | 27 | 81.82 | 26 | 24 | 92.31 | 59 | 51 | 86.44 |

| S.N | School Name | Boys | | | Girls | | | Total | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Appeared | Graded | Graded% | Appeared | Graded | Graded % | Appeared | Graded | Graded % |
| 36 | Samalbung Secondary School | 8 | 7 | 87.5 | 9 | 7 | 77.78 | 17 | 14 | 82.35 |
| 37 | Golden Heaven Academy | 4 | 4 | 100 | 3 | 3 | 100 | 7 | 7 | 100 |
| 38 | Gorakh Basic School | 7 | 4 | 57.14 | 7 | 5 | 71.43 | 14 | 9 | 64.29 |
| 39 | Vidhya Mandir Boarding School | 7 | 7 | 100 | 4 | 4 | 100 | 11 | 11 | 100 |
| 40 | Janak Secondary School | 16 | 12 | 75 | 12 | 12 | 100 | 28 | 24 | 85.71 |
| 41 | Mechi Secondary School | 1 | 1 | 100 | 1 | 1 | 100 | 2 | 2 | 100 |
| 42 | Antu Academy | 6 | 4 | 66.67 | 3 | 3 | 100 | 9 | 7 | 77.78 |
| 43 | Bhagyodaya English School | 5 | 5 | 100 | 4 | 4 | 100 | 9 | 9 | 100 |
| | Total | 399 | 329 | 80.24 | 386 | 352 | 92.43 | 785 | 681 | 85.44 |

**३.४.२. माध्यमिक शिक्षा परीक्षा (SEE) को नतिजा:** राष्ट्रिय स्तरमा सञ्चालन हुने SEE परीक्षामा सूर्योदय नगरपालिकाका विद्यार्थीहरूको प्रदर्शनले यस नगरको शैक्षिक स्तरलाई प्रदेश र राष्ट्रिय स्तरमै दाँज्न मद्दत गर्दछ।

| क्र. सं. | विद्यालयको नाम ठेगाना | प्रकार | परीक्षामा सम्मिलित संख्या | कक्षा ११ पढ्न योग्य | उत्कृष्ट GPA | उत्कृष्ट विद्यार्थिको नाम | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | हिमालय माध्यमिक विद्यालय | सामुदायिक | ९ | ३ | २.९५ | सन्ध्या बजगाँई | ३३.३३ |
| २ | सिहदेवी माध्यमिक विद्यालय | सामुदायिक | १० | ४ | २.९१ | दिक्षा कार्की | ४०.०० |
| ३ | बौद्धधाम माध्यमिक विद्यालय | सामुदायिक | ३२ | १७ | २.७५ | रेस्मिता तामाङ | ५३.१३ |
| ४ | Pashupati National Academy | संस्थागत | १५ | ९ | ३.४४ | Sweksha Rai | ६०.०० |
| ५ | Narbada Kalyan Boarding School | संस्थागत | १९ | १७ | ३.८५ | Ayushman Tamang Gole | ८९.४७ |
| ६ | जनक माध्यमिक विद्यालय | सामुदायिक | ३४ | २४ | ३.८५ | विपिन प्रोख्रेल | ७०.५९ |
| ७ | मेची माध्यमिक विद्यालय | सामुदायिक | ६ | ५ | ३.५० | कृति राई | ८३.३३ |
| ८ | Antu Academy | संस्थागत | १७ | १० | ३.४४ | Kripa Pulami Magar | ५८.८२ |
| ९ | समालबुङ माध्यमिक विद्यालय | सामुदायिक | १८ | ८ | ३.०० | पृया लिम्बु | ४४.४४ |
| १० | कृष्णाश्रम माध्यमिक विद्यालय | सामुदायिक | ३६ | ३२ | ३.९१ | जेनिशा खतिवडा | ८८.८९ |
| ११ | Golden Future Garden English school | संस्थागत | ६ | ५ | ३.९६ | Arpan Aryal | ८३.३३ |
| १२ | Ilam Tea Garden English School | संस्थागत | १० | ८ | ३.३२ | Rista Neupane | ८०.०० |
| १३ | Harrowhall Academy | संस्थागत | २४ | १० | ३.५५ | Asmin Timsina | ४१.६७ |
| १४ | New World English School | संस्थागत | ११ | ६ | ३.५० | Simran Pradhan | ५४.५५ |
| १५ | फिक्कल माध्यमिक विद्यालय | सामुदायिक | ९० | ५८ | ३.९६ | सौरभ ढुङ्गेल | ६४.४४ |
| १६ | Ilam Sai Jyoti English School | संस्थागत | ५ | १ | ३.७५ | Samarpit Dhital | २०.०० |
| १७ | Sunrise English secondary School | संस्थागत | २८ | २० | ३.५९ | Mahir Gurung | ७१.४३ |
| १८ | Panchakanya English Boarding School | संस्थागत | १६ | १५ | ३.९६ | Rubiska Shrestha | ९३.७५ |
| १९ | Everland International Academy | संस्थागत | २१ | १२ | ३.५६ | Barsha Saru Magar | ५७.१४ |
| २० | विरेन्द्र माध्यमिक विद्यालय | सामुदायिक | ७ | ५ | ३.०५ | लासाङ तामाङ | ७१.४३ |

| क्र. सं. | विद्यालयको नाम ठेगाना | प्रकार | परीक्षामा सम्मिलित संख्या | कक्षा ११ पढ्न योग्य | उत्कृष्ट GPA | उत्कृष्ट विद्यार्थिको नाम | उत्तिर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २१ | St. Augustine Academic Foundation | संस्थागत | २३ | १९ | ३.६३ | Saloni Tamang | ८२.६१ |
| २२ | करफोक विद्या मन्दिर माध्यमिक विद्यालय | सामुदायिक | ५२ | २७ | ३.९४ | सुमिरन राई | ५१.९२ |
| २३ | गणेश्वरी माध्यमिक विद्यालय | सामुदायिक | ११ | ६ | ३.१३ | आमोस आले मगर | ५४.५५ |
| २४ | ज्योति माध्यमिक विद्यालय | सामुदायिक | १४ | ६ | ३.५२ | स्मृति आचार्य | ४२.८६ |
| २५ | सरस्वती माध्यमिक विद्यालय | सामुदायिक | ३५ | २५ | ३.९२ | कविस थापा | ७१.४३ |
| २६ | बुद्ध माध्यमिक विद्यालय | सामुदायिक | ९ | ८ | ३.२० | रोहण बस्नेत | ८८.८९ |
| २७ | Arunodaya Secondary Boarding School | संस्थागत | ७ | ७ | ३.६० | Rubikshya Rai | १००.०० |
| | | | **५६५** | **३६७** | **३.५१** | | **६४.९६** |

विगतका वर्षहरूको तुलनामा SEE को नतिजामा सूर्योदय नगरपालिकाले उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरूको सङ्ख्यामा क्रमिक सुधार गर्दै आएको छ। जुन नगरपालिकाले शैक्षिक क्षेत्रमा गरेको दृढ लगानीको प्रतिफल हो।

## ३.५. विशेष आवश्यकता (अपाङ्गता) भएका बालबालिकाको शिक्षा र स्रोत कक्षा

कुनै पनि बालबालिका सिकाइबाट वञ्चित नहोऊन् (No Child Left Behind) भन्ने मान्यतालाई आत्मसाथ गर्दै, सूर्योदय नगरपालिकाले विशेष आवश्यकता (अपाङ्गता) भएका बालबालिकाको शिक्षालाई उच्च प्राथमिकतामा राखेको छ। बालमैत्री स्थानीय शासनको मर्म अनुरूप सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई मूलधारको शिक्षामा जोड्न नगरपालिकाले समावेशी शिक्षा नीतिलाई लागू गरेको छ। सामान्य र मध्यम प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरूलाई उनीहरूकै पायक पर्ने नजिकको नियमित विद्यालयमा भर्ना गरी पठनपाठन गर्ने व्यवस्था मिलाइएको छ। यस्ता बालबालिकाको सिकाइलाई सहज बनाउन विद्यालयका भौतिक संरचनाहरूलाई अपाङ्गता-मैत्री बनाएको छ। हाल नगरका अधिकांश सामुदायिक विद्यालयहरूमा ह्वीलचेयर जान मिल्ने र्‍याम्प र अपाङ्गता-मैत्री शौचालयको निर्माण गरिएको छ।

गम्भीर प्रकृतिका अपाङ्गता, जस्तै: सुस्त श्रवण (बहिरा) बालबालिकाहरू, जसले सामान्य कक्षामा बसेर सिक्न सक्दैनन्, उनीहरूका लागि करफोक विद्या मन्दिरमा तालिम प्राप्त शिक्षकहरूद्वारा स्रोत कक्षा सञ्चालन गरिएको छ।

## ३.६. विद्यालय दिवा खाजा कार्यक्रमको प्रभावकारिता, पौष्टिकता र विविधता

बालबालिकाको सिकाइ क्षमता र उनीहरूको स्वास्थ्यबीच प्रत्यक्ष सम्बन्ध हुने भएकाले सूर्योदय नगरपालिकाले सामुदायिक विद्यालयहरूमा सञ्चालित 'विद्यालय दिवा खाजा कार्यक्रम' लाई उच्च प्राथमिकता र प्रभावकारी ढङ्गले कार्यान्वयन गरिरहेको छ। प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा ५ सम्मका विद्यार्थीहरूलाई लक्षित यो कार्यक्रम बालमैत्री सिकाइ वातावरण निर्माणको एक बलियो आधार बनेको छ। सूर्योदय नगरपालिकालाई पोषणमैत्री नगर घोषणा गर्ने नीति लिइएकोले हाल सबै विद्यालयहरूमा पोषणमैत्री कार्यक्रम र पोषण दिवस समेत मनाउँदै आएको छ।

**३.६.१. प्रभावकारिता र उपस्थितिमा वृद्धि:** दिवा खाजा कार्यक्रम लागू भएपछि विद्यालयमा बालबालिकाको भर्ना दर र नियमित उपस्थितिमा उल्लेखनीय वृद्धि भएको छ। खाजा खान घर जाने र दिउँसो विद्यालय नफर्कने प्रवृत्ति पूर्ण रूपमा अन्त्य भएको छ। पेटभरि खान पाएपछि बालबालिकाको ध्यान पढाइमा केन्द्रित भएको छ, जसले गर्दा कक्षाकोठामा उनीहरूको सक्रियता र सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव परेको छ। शून्य ड्रपआउटको सफलता पछाडिको एक मुख्य कारण यो कार्यक्रम पनि हो।

**३.६.२. पौष्टिकता र स्थानीय कृषि उपजको प्रयोग:** सूर्योदय नगरपालिकाले आफूलाई पोषणमैत्री नगर घोषणा गर्न हरकदम अघि बढेको छ। यसै सन्दर्भमा नगरपालिकाले विद्यालय क्षेत्रभित्र चाउचाउ, बिस्कुट जस्ता प्याकेटबन्द र Junk Food लाई पूर्ण रूपमा निषेध गरेको छ। सूर्योदय नगरपालिका आफैँमा कृषि उत्पादनमा अग्रणी रहेकाले

खाजा व्यवस्थापनमा स्थानीय कृषि उपजहरूलाई नै प्राथमिकता दिइएको छ । यसले गर्दा बाल बालिकाहरूले आवश्यक सन्तुलित पोषण प्राप्त गरेका छन् भने कुपोषण न्यूनीकरणमा समेत मद्दत पुगेको छ। साथै, विद्यालयको खाजा कार्यक्रमले स्थानीय किसानहरूको उत्पादनलाई सोझै बजारसँग जोडिदिएको छ। साथै बालबालिकालाई सधैँ एउटै प्रकारको खाजा दिँदा उनीहरूमा अरुचि बढ्न सक्ने तथ्यलाई मध्यनजर गर्दै दैनिक छुट्टाछुट्टै प्रकारका खाजा तथा फलफूल समावेश गरिएको छ ।

**३.६.३. स्वच्छता र अनुगमन:** खाजाको गुणस्तरका साथसाथै स्वच्छता पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। तसर्थ, खाजा पकाउने भान्साको सरसफाइ, सुरक्षित पिउने पानीको प्रयोग, र भान्छेको व्यक्तिगत स्वच्छतामा विशेष ध्यान दिइएको छ। खाजाको गुणस्तर र मेनुको पालना भए/नभएको विषयमा वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक र अभिभावकबाट नियमित अनुगमन हुने संयन्त्रको विकास गरिएको छ।

### ३.७. डिजिटल शिक्षा र सूचना प्रविधिको पहुँच

सूचना प्रविधिको द्रुत विकासलाई मध्यनजर गर्दै, सूर्योदय नगरपालिकाले शिक्षण सिकाइ विधिलाई आधुनिकीकरण गरी प्रविधिमैत्री बनाउने नीति लिएको छ । विद्यालयहरूमा डिजिटल पूर्वाधारको विकासलाई उच्च प्राथमिकतामा राखी बालबालिकालाई विश्वव्यापी प्रतिस्पर्धी बनाउने लक्ष्य राखिएको छ ।

**३.७.१. स्मार्ट बोर्ड र कम्प्युटर ल्याबको स्थापना:** नगरका सबै सामुदायिक विद्यालयहरूका कक्षाकोठामा चक र डस्टरको सट्टा White Board, Smart Board मार्फत अन्तर्क्रियात्मक सिकाइ अभ्यास गर्ने व्यवस्था रहेको छ । श्रव्य-दृश्य सामग्रीको प्रयोगले विद्यार्थीहरूको ध्यान केन्द्रित गर्न र जटिल विषयवस्तुहरू सजिलै बुझाउन मद्दत पुगेको छ। विद्यार्थीहरूलाई सानै उमेरदेखि सूचना प्रविधिमा अभ्यस्त बनाउन विद्यालयहरूमा कम्प्युटर ल्याब स्थापना गरिएका छन् । यसबाट बालबालिकाहरू आधारभूत कम्प्युटर सीपका साथै अन्य डिजिटल नवप्रवर्तनात्मक क्षेत्रहरूमा आकर्षित भइरहेका छन् ।

**३.७.२. विद्युतीय हाजिरी र CCTV मार्फत सुशासन:** विद्यालयको प्रशासनिक सुशासन, शिक्षक तथा विद्यार्थीको नियमितता र सुरक्षा व्यवस्थापनका लागि प्रविधिको उच्चतम प्रयोग गरिएको छ। विद्यालयहरूमा विद्युतीय हाजिरी (E-Attendance) प्रणाली लागू गरी हाजिरी विवरणलाई नगरपालिकाको शिक्षा शाखाको प्रणालीसँग जोडिएको छ। साथै, बालबालिकाको सुरक्षा सुनिश्चित गर्न र विद्यालय परिसरभित्र पूर्ण बालमैत्री वातावरणको निगरानी गर्न सि.सि.टि.भी. (CCTV) क्यामेराहरू जडान गरिएका छन् ।

**३.७.३. चुनौतीहरू:** डिजिटल शिक्षामा उल्लेख्य लगानी भए तापनि, सबै सामुदायिक विद्यालयहरूमा उच्च गतिको इन्टरनेटको पहुँच पुऱ्याउनु र शिक्षकहरूलाई प्रविधिको प्रयोगसम्बन्धी निरन्तर क्षमता विकास तालिम प्रदान गरे तापनि कतिपय विद्यालयका शिक्षक वा कर्मचारीहरूमा उचित प्राविधिक ज्ञान नभएको कारण कम्प्युटर र ई-हाजिरी मेसिनमा दैनिकजसो समस्या आउने गरेको अवस्था छ । यसको समाधानका लागि विद्यालयमा कम्प्युटर टेक्निसियनको दरबन्दी खुलाउनु पर्ने आवश्यकता देखिएको छ । त्यसैगरी, प्रविधिको बढ्दो प्रयोगसँगै बालबालिकाहरूमा पर्न सक्ने Cyber Threats न्यूनीकरण गर्न सुरक्षित इन्टरनेट प्रयोग सम्बन्धी सचेतना कार्यक्रमहरू थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ ।

## परिच्छेद ४
## स्वास्थ्य, पोषण र बालमैत्री सरसफाइ

बालअधिकारको पहिलो र संवेदनशिल स्तम्भ "बाल बचाउ"को मुख्य आधार बालबालिकाको स्वास्थ्य, उपयुक्त पोषण र स्वच्छ वातावरण हो। बालबालिका स्वस्थ नभई उनीहरूको मानसिक र बौद्धिक विकास सम्भव हुँदैन। यसै तथ्यलाई आत्मसात् गर्दै सूर्योदय नगरपालिकाले नगरभित्रका प्रत्येक बालबालिकाको जीवनरक्षा र गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न पोषणमैत्री नगर घोषणा गर्ने कार्यमा विभिन्न सुधारात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

**४.१. आधारभूत स्वास्थ्य सेवा, सुरक्षित मातृत्व र पूर्ण खोप सुनिश्चितताको दिगोपना**

**४.१.१. आधारभूत स्वास्थ्य सेवामा बालबालिकाको पहुँच:** सूर्योदय नगरपालिकाले नागरिकको स्वास्थ्यमा सहज पहुँच, स्थानीय सरकारको प्रतिबद्धता भन्ने नीति अनुरूप स्वास्थ्य पूर्वाधारमा व्यापक सुधार गरेको छ। नगरका १४ वटै वडाहरूमा स्वास्थ्य चौकीहरू सक्रिय रूपमा सञ्चालनमा छन्। यसका साथै, १५ शय्याको सुविधायुक्त नगर अस्पताल, सहरी स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य एकाइहरू, र खोप तथा गाउँघर क्लिनिकहरू मार्फत स्थानीय स्तरमै आधारभूत स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। बालबालिकाहरूमा देखापर्ने सामान्य मौसमी बिरामीदेखि लिएर आकस्मिक स्वास्थ्य समस्याहरूको उपचारका लागि आवश्यक पर्ने औषधिहरू र उपचारका लागि यी स्वास्थ्य संस्थाहरूबाट निःशुल्क उपलब्ध गराउन राष्ट्रिय स्वास्थ्य बिमा कार्यक्रमले उत्कृष्ट सहयोग गरेको छ। स्वास्थ्य संस्थासम्म पुग्न गाह्रो हुने भौगोलिक रूपमा विकट क्षेत्रका बालबालिकाहरूका लागि समय-समयमा घुम्ती स्वास्थ्य शिविरहरू समेत सञ्चालन गर्ने गरिएको छ।

**४.१.२. सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्य:** शिशुको जीवनको सुरक्षा गर्भअवस्थादेखि नै सुरु हुने भएकाले सुरक्षित मातृत्व सम्बन्धी कार्यक्रमलाई नगरले विशेष जोड दिएको छ। गर्भवती महिलाहरूलाई स्वास्थ्य संस्थामा आई नियमित गर्भ जाँच (ANC Check-up) गर्न प्रोत्साहन गरिन्छ। नगरपालिकाले स्वास्थ्य संस्थामा गरिने संस्थागत सुत्केरीलाई शतप्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। यसका लागि स्वास्थ्य संस्थाहरूमा चौबीसै घण्टा सुरक्षित प्रसूति सेवाको व्यवस्था मिलाइएको छ। सुत्केरी भइसकेपछि आमा र नवजात शिशुको स्वास्थ्य रक्षाका लागि स्वास्थ्यकर्मीहरूद्वारा PNC Home Visit गरी जाँच गर्ने र परामर्श दिने कार्य नियमित रुपमा भइरहेको छ, जसले गर्दा मातृ/शिशु मृत्युदरमा उल्लेख्य कमी आएको छ।

**४.१.३. पूर्ण खोप सुनिश्चितता र यसको दिगोपना:** सूर्योदय नगरपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयनका क्रममा राष्ट्रिय खोप तालिका बमोजिमका सबै खोपहरू लक्षित उमेरका सम्पूर्ण बालबालिकाहरूलाई प्रदान गरी सफलता प्राप्त गरेको छ। खोप सुनिश्चितताको दिगोपनाका लागि नगरपालिकाले निम्न बमोजिमका रणनीति र क्रियाकलापहरू सञ्चालन गरिरहेको छ:

- **खोप सुक्ष्म योजना:** प्रत्येक वडाका स्वास्थ्य संस्था तथा स्वास्थ्य स्वयम् सेविकाहरूले आ-आफ्नो क्षेत्रभित्र जन्मने हरेक नवजात शिशुको पहिचान र दर्ताका लागि खोप सुक्ष्म योजना अद्यावधिक गर्ने गरेका छन्।
- **खोप कार्ड र ट्र्याकिङ प्रणाली:** कुनै पनि बालबालिका खोप पाउनबाट नछुटून् भन्नका लागि अनिवार्य रूपमा खोप कार्ड रुजु गर्ने पद्धति बसालिएको छ। बसाइँसराइ गरी आउने वा अस्थायी रूपमा बस्ने परिवारका बालबालिकाहरूलाई समेत स्वास्थ्य स्वयंसेविकाहरू मार्फत ट्र्याकिङ गरी खोपको दायरामा ल्याइएको छ।
- **पूर्ण खोप सुनिश्चितता दिगोपना:** प्रत्येक वर्ष वडाहरूले आफ्ना सबै सूचकहरू दुरुस्त राख्दै पूर्ण खोप सुनिश्चितता र दिगोपनाको नवीकरण तथा घोषणा गर्ने प्रशासनिक प्रक्रियालाई निरन्तरता दिएका छन्।

**४.१.४. विद्यमान चुनौती:** खोप र आधारभूत स्वास्थ्य सेवाको कभरेज उत्साहजनक रहे तापनि, विकट भौगोलिक क्षेत्रका बस्तीहरूमा सेवाको समान प्रभावकारिता कायम राख्नु मुख्य चुनौतीको रूपमा रहेको छ।

**४.२. बाल कुपोषणको अद्यावधिक अवस्था (MAM/SAM) र उपचार केन्द्र (OTC)**

बालअधिकारको बाल बचाउ स्तम्भ अन्तर्गत बालबालिकाको शारीरिक र मानसिक विकासका लागि पर्याप्त र सन्तुलित पोषण पाउनु अपरिहार्य अधिकार हो। सूर्योदय नगरपालिकाले बालमैत्री स्थानीय शासनयुक्त नगर साथै पोषणमैत्री नगरको पहिचानलाई दिगो बनाउन बाल कुपोषण विरुद्धको रणनीति अङ्गीकार गरेको छ।

नगरभित्रको बाल कुपोषणको अद्यावधिक स्थिति र यसको नियन्त्रणका लागि सञ्चालित बहिरङ्ग उपचार केन्द्र (OTC) को अवस्थालाई विश्लेषण गरिएको छ:

### ४.२.१. बाल कुपोषणको वर्गीकरण र अद्यावधिक अवस्था:

नगरपालिकाका स्वास्थ्य संस्थाहरू र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू मार्फत ५ वर्ष मुनिका बालबालिकाहरूको नियमित Growth Monitoring तथा पाखुराको नाप (MUAC) लिने कार्य नियमित रुपमा गरिँदै आएको छ। यस अनुगमनका आधारमा कुपोषणलाई मुख्यतया दुई भागमा वर्गीकरण गरी उपचार र व्यवस्थापन गरिन्छ:

- **मध्यम कडा कुपोषण (MAM):** उमेर र उचाइ अनुसार आवश्यक पर्ने न्यूनतम तौल नभएका तर ज्यानै जाने जोखिम नभएका बालबालिकाहरू यस अन्तर्गत पर्दछन्। यस्ता बालबालिकाहरूलाई पोषण सुधारका लागि स्थानीय स्तरमै पाइने पोषिलो खानेकुरा (सर्वोत्तम पीठो, अण्डा, दूध) र खानपान शैलीमा सुधार गर्न अभिभावकहरूलाई परामर्श दिइन्छ।
- **कडा कुपोषण (SAM):** यो बालबालिकाको जीवनका लागि अत्यन्तै जोखिमपूर्ण अवस्था हो। यस अवस्थामा पुगेका बालबालिकाको रोग प्रतिरोधात्मक क्षमता एकदमै कम हुन्छ र तत्काल विशेष चिकित्सा उपचार नपाएमा ज्यान जाने खतरा रहन्छ।

### ४.२.२. बहिरङ्ग उपचार केन्द्र (OTC) को प्रभावकारिता:

कडा कुपोषण (SAM) भएका बालबालिकाहरूलाई बचाउन र उनीहरूको स्वास्थ्य पूर्ववत् अवस्थामा फर्काउन सूर्योदय नगरपालिकाका तोकिएका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरूमा OTC सञ्चालन गरिएका छन्। तर हाल यस नगरपालिका क्षेत्रभित्र कडा कुपोषण (SAM) पाइएको छैन।

### ४.२.३. विद्यमान चुनौती र आगामी कार्यदिशा:

दिवा खाजा कार्यक्रम र स्वास्थ्य संस्थाहरूको सक्रियताका कारण कुपोषण न्यूनीकरणमा राम्रो सफलता मिलेको भए तापनि अझै केही चुनौतीहरू बाँकी नै छन्। कतिपय दुर्गम बस्तीहरूमा चेतनाको अभावका कारण अभिभावकहरूले बालबालिकालाई बजारका जङ्क फुड (चाउचाउ, कुरकुरे आदि) को बढ्दो प्रयोगले कुपोषणको खतरा बढ्ने सङ्केत गर्छ।

आगामी दिनमा कुपोषणको दरलाई पूर्ण रूपमा शून्यमा झार्न नगरपालिकाले स्थानीय उत्पादनको प्रयोग, स्वास्थ्य र समृद्धिको नारालाई व्यवहारमा उतार्दै आमा समूहहरूमा पोषण शिक्षा विस्तार गर्ने, बहुक्षेत्रीय पोषण योजनालाई वडास्तर र टोलस्तरसम्म प्रभावकारी बनाउने र प्रत्येक वडामा कम्तीमा एउटा पोषण सुधार केन्द्रको अवधारणा अघि बढाउनुपर्ने देखिन्छ।

## ४.३. किशोर-किशोरी यौन तथा प्रजनन स्वास्थ्य (ASRH) र परामर्श

किशोर अवस्था (१० देखि १९ वर्ष) मानव जीवनको यस्तो चरण हो जसमा तीव्र रूपमा शारीरिक, मानसिक र संवेगात्मक परिवर्तनहरू हुने गर्दछन्। यस उमेर समूहका बालबालिकाहरूमा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सही सूचनाको अभाव भएमा उनीहरू विभिन्न जोखिममा पर्न सक्ने सम्भावना रहन्छ। सूर्योदय नगरपालिकाले किशोर-किशोरीहरूको यो संवेदनशीलतालाई बुझेर उनीहरूको यौन तथा प्रजनन स्वास्थ्य (ASRH) अधिकार सुनिश्चित गर्न विशेष कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

### ४.३.१. किशोर-किशोरीमैत्री स्वास्थ्य सेवा क्लिनिक (ASRH Clinics):

किशोर-किशोरीहरूले आफ्ना यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी समस्याहरू खुलेर राख्न सकून् र सही परामर्श पाऊन् भन्ने उद्देश्यले नगरका ४ वटा स्वास्थ्य संस्थाहरूमा 'किशोर-किशोरीमैत्री स्वास्थ्य क्लिनिक' सञ्चालनमा ल्याइएको छ। यी क्लिनिकहरूमा गोपनीयताको पूर्ण सुनिश्चितता सहित तालिमप्राप्त स्वास्थ्यकर्मीहरूद्वारा सेवा प्रदान गरिन्छ। यहाँबाट सुरक्षित यौन व्यवहार, बालविवाहका असरहरू, यौनजन्य सङ्क्रमण (STI/HIV), र पोषणका विषयमा किशोर-किशोरीहरूलाई सुरक्षित र भयरहित वातावरणमा परामर्श दिने गरिएको छ।

**४.३.२. महिनावारी स्वच्छता व्यवस्थापन (MHM):**

विगतमा महिनावारीका कारण छात्राहरूले विद्यालय गयल हुनुपर्ने वा पढाइ नै छोड्नुपर्ने बाध्यता थियो। यसलाई पूर्ण रूपमा अन्त्य गर्न नगरपालिकाले सबै सामुदायिक माध्यमिक तथा आधारभूत विद्यालयहरूमा निःशुल्क गुणस्तरीय सेनेटरी प्याड वितरण कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरेको छ । प्याडको सहज उपलब्धतालगायत विद्यालयहरूमा प्याड डिस्पोजल सहितको छात्राहरूका लागि छुट्टै, सुरक्षित र सफा शौचालयको व्यवस्था गरिएपछि छात्राहरूको विद्यालय उपस्थितिमा उल्लेख्य सुधार आएको छ।

**४.३.३. मनोसामाजिक परामर्श र विद्यालय नर्स कार्यक्रम:**

शारीरिक परिवर्तनसँगै आउने मानसिक तनाव, पढाइको दबाब, र बढ्दो सूचना प्रविधिको प्रयोगले निम्त्याएको अनलाइन/साइबर जोखिमबाट किशोर-किशोरीहरूलाई बचाउन मनोसामाजिक परामर्शको आवश्यकता टड्कारो देखिएको छ। यसलाई सम्बोधन गर्न विद्यालयहरूमा स्वास्थ्यकर्मी, शिक्षक तथा मनोसामाजिक परामर्शदातामार्फत मनोसामाजिक परामर्श सेवा र सचेतना कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। बालबालिकालाई 'गुड टच र ब्याड टच' (Good Touch/Bad Touch) तथा शारीरिक/ मानसिक दुर्व्यवहार विरुद्ध आवाज उठाउन सक्षम बनाइएको छ ।

**४.३.४. तथ्याङ्कीय अवस्था:**

| **विवरण** | **गत आ.व. को तथ्याङ्क** | **चालु आ.व. को तथ्याङ्क** | **प्रगति/अवस्था** |
|---|---|---|---|
| किशोर-किशोरीमैत्री सेवा सञ्चालन भएका स्वास्थ्य संस्था सङ्ख्या | ४ | ७ | ३ |
| निःशुल्क सेनेटरी प्याड वितरण गरिएका विद्यालय सङ्ख्या | ६१ | ६१ | नियमित |

**४.३.५. चुनौती र आगामी कार्यदिशा:** स्वास्थ्य सेवा विस्तार भए तापनि समाजमा अझै पनि यौन तथा प्रजनन स्वास्थ्यका विषयमा खुलेर कुरा गर्न हिचकिचाउने संकुचित सोच विद्यमान छ । आगामी दिनमा यी चुनौतीहरूलाई चिर्न नगरपालिकाले विद्यालय स्तरमा साथी शिक्षा कार्यक्रमलाई थप विस्तार गर्ने, किशोर-किशोरी सञ्जाललाई सक्रिय बनाउने र अभिभावकहरूलाई लक्षित गरी विशेष सचेतना कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिन्छ।

**४.४. बालबालिकाको मानसिक स्वास्थ्य र विद्यालयस्तरमा मनोसामाजिक परामर्श सेवा**

शारीरिक स्वास्थ्य जत्तिकै बालबालिकाको मानसिक स्वास्थ्य पनि उनीहरूको सर्वाङ्गीण विकास र उज्ज्वल भविष्यका लागि अपरिहार्य छ । बदलिँदो जीवनशैली, पारिवारिक संरचनामा आएको परिवर्तन (जस्तैः अभिभावकको वैदेशिक रोजगारी), अत्यधिक महत्त्वाकाङ्क्षा र शैक्षिक प्रतिस्पर्धाका कारण बालबालिका तथा किशोर-किशोरीहरूमा मानसिक तनाव, एक्लोपन, चिन्ता र डिप्रेसन जस्ता समस्याहरू बढ्दै गइरहेको पाइन्छ। सूर्योदय नगरपालिकाले बालबालिकाको यो अदृश्य तर गम्भीर स्वास्थ्य समस्यालाई समयमै सम्बोधन गर्न विद्यालयस्तरदेखि नै विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ।

**४.४.१. विद्यालय नर्स कार्यक्रम र प्राथमिक परामर्श:** बालबालिकाहरूले आफ्नो दिनको अधिकांश समय विद्यालयमा बिताउने भएकाले मानसिक स्वास्थ्य समस्याको पहिचान गर्ने पहिलो थलो विद्यालय नै हो। यस तथ्यलाई मनन गर्दै, नगरपालिका भित्रका विद्यालयहरूमा लागू गरिएको 'विद्यालय नर्स कार्यक्रम' लाई शारीरिक स्वास्थ्य उपचारमा मात्र सीमित नराखी मनोसामाजिक परामर्शसँग पनि जोडिएको छ। विद्यालय नर्सहरूले विद्यार्थीहरूमा देखिने अस्वाभाविक व्यवहार, टोलाउने बानी वा पढाइमा अचानक आएको गिरावटलाई सूक्ष्म रूपमा अध्ययन गरी आवश्यक प्राथमिक मनोविमर्श (Psychosocial First Aid) प्रदान गर्ने गरेका छन्।

**४.४.२. शिक्षकहरूका लागि मनोसामाजिक तालिम र सचेतना:** शिक्षकहरू विद्यार्थीहरूको सबैभन्दा नजिकका मार्गदर्शक भएकाले उनीहरूलाई बाल मनोविज्ञान बुझ्न सक्ने बनाउन नगरपालिकाले विशेष जोड दिएको छ। शिक्षकहरूलाई मनोसामाजिक सहयोगसम्बन्धी अभिमुखीकरण प्रदान गरी विद्यार्थीहरूसँग मित्रवत् र भयरहित व्यवहार गर्न निर्देशित

गरिएको छ। यसका साथै, विद्यालयहरूमा 'जीवनोपयोगी सीप' (Life Skills Education) का कक्षाहरू सञ्चालन गरी बालबालिकाहरूलाई तनाव व्यवस्थापन, संवेग नियन्त्रण र सकारात्मक सोचको विकास गर्न सिकाइएको छ।

**४.४.३. प्रविधिको लत र साइबर बुलिङ विरुद्ध सचेतना:** पछिल्लो समय मोबाइल Screen Addiction र सामाजिक सञ्जालमा हुने अनलाइन दुर्व्यवहार (Cyberbullying) ले बालबालिकाको मानसिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याइरहेको छ। यसलाई न्यूनीकरण गर्न विद्यालयस्तरमा र बाल क्लबहरूमार्फत 'सुरक्षित इन्टरनेट प्रयोग' सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन्, जसले विद्यार्थीहरूलाई भर्चुअल संसारका जोखिमहरूबाट बच्न मद्दत पुऱ्याएको छ।

**४.४.४. मनोसामाजिक सेवाको तथ्याङ्कीय अवस्था:**

| विवरण | गत आ.व. को तथ्याङ्क | चालु आ.व. को तथ्याङ्क | प्रगति/ अवस्था |
|---|---|---|---|
| मनोसामाजिक अभिमुखीकरण प्राप्त शिक्षक सङ्ख्या | ४० | ० | ४० |
| सहजकर्ताबाट परामर्श सेवा लिएका विद्यार्थी सङ्ख्या | ७० | ६८ | १३८ |
| जीवनोपयोगी सीप तथा तनाव व्यवस्थापन तालिम सञ्चालन भएका विद्यालय सङ्ख्या | १ | १ | २ |

**४.४.५. विद्यमान चुनौती र आगामी कार्यदिशा:**

समाजमा मानसिक स्वास्थ्य समस्यालाई अझै पनि लुकाउनुपर्ने वा लाजमर्दो विषयका रूपमा लिइने हुनाले, समस्यामा परेका बालबालिकाहरू खुलेर परामर्श लिन आउन नसक्नु अहिलेको मुख्य चुनौती हो। साथै, गम्भीर प्रकृतिका मानसिक समस्या भएका बालबालिकाका लागि नगरभित्रै Child Psychologist को अभाव रहेको छ। आगामी दिनमा 'मानसिक स्वास्थ्य कुनै कलङ्क होइन' भन्ने चेतना अभिभावकस्तरसम्म पुऱ्याउनु आवश्यक छ। यसका लागि नगरपालिकाले वडास्तरीय स्वास्थ्य संस्थाहरूमा मनोसामाजिक परामर्श कक्षको स्थापना गर्ने, विशेषज्ञहरूको घुम्ती सेवा सञ्चालन गर्ने र विद्यालयहरूमा विद्यार्थीहरूबीच नै एक-आपसमा समस्या सुन्ने र सहयोग गर्ने साथी शिक्षा सञ्जाललाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

**४.५. स्वच्छ खानेपानीको पहुँच र छात्र छात्रा शौचालय**

बालअधिकारको 'बाल बचाउ' र 'बाल विकास' दुवै स्तम्भसँग प्रत्यक्ष जोडिएको आधारभूत आवश्यकता स्वच्छ खानेपानी र सरसफाइ हो । बालबालिकाको स्वास्थ्य, पोषण र विद्यालयमा उनीहरूको नियमित उपस्थितिलाई सुनिश्चित गर्न सुरक्षित खानेपानी र सफा शौचालयको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरूलाई पूर्ण रूपमा हासिल गर्दै सूर्योदय नगरपालिकाले यस क्षेत्रमा शतप्रतिशत सफलता प्राप्त गरेको छ।

**४.५.१. सम्पूर्ण विद्यालयहरूमा स्वच्छ खानेपानीको पूर्ण व्यवस्था:** विद्यार्थीहरूको स्वास्थ्य र सिकाइलाई प्रत्यक्ष प्रभाव पार्ने पानीजन्य रोगहरू (जस्तै: झाडापखाला, टाइफाइड) को जोखिमलाई शून्यमा झार्न नगरपालिका कटिबद्ध छ। यसै अनुरूप, नगरभित्र सञ्चालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरूमा विद्यार्थीहरूका लागि स्वच्छ खानेपानीको पूर्ण व्यवस्था गरेको छ । विद्यालयहरूमा धाराको पहुँचका साथै पानी सङ्कलन ट्याङ्कीको नियमित सरसफाइ र Water Purifier जस्ता शुद्धीकरण प्रविधिको प्रयोग गरी बालबालिकालाई भयरहित रूपमा पानी पिउने वातावरण मिलाइएको छ।

**४.५.२. छात्र/छात्रा तथा महिला/पुरुषका लागि छुट्टाछुट्टै शौचालय:** बालबालिका, विशेषगरी छात्राहरूको गोपनीयता, सुरक्षा र महिनावारी स्वच्छता व्यवस्थापनका लागि विद्यालयमा छुट्टै शौचालय हुनु अनिवार्य सर्त हो । विगतमा एउटै शौचालय प्रयोग गर्नुपर्दा छात्राहरूले भोग्नुपरेको असजिलोपन र त्यसकै कारण विद्यालय गयल हुने प्रवृत्तिलाई नगरपालिकाले पूर्ण रूपमा अन्त्य गरेको छ।

- **विद्यालयस्तरमा:** हाल नगरका सबै विद्यालयहरूमा छात्र र छात्राका लागि स्पष्ट Signage सहितका छुट्टाछुट्टै, सफा र सुरक्षित शौचालयहरूको निर्माण भएका छन् । शौचालयमा पानीको निरन्तर सुविधा रहेको छ ।

- **सार्वजनिक स्थलहरूमा:** बालमैत्री र लैङ्गिक मैत्री पूर्वाधारको अवधारणालाई विद्यालयमा मात्र सीमित नराखी नगरपालिकाको कार्यालय, १४ वटै वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरू, पर्यटकीय स्थलहरू र बजार क्षेत्रमा रहेका सार्वजनिक शौचालयहरूमा महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको छ ।

**४.५.३. पूर्वाधारको दिगोपना र निरन्तर सरसफाइ:** पूर्वाधार निर्माणलाई मात्र अन्तिम उपलब्धि नमानेर, निर्मित खानेपानीका स्रोत र शौचालयहरूको दिगो व्यवस्थापनमा नगरपालिकाले विशेष ध्यान दिएको छ। शौचालयहरूको नियमित सरसफाइ गर्न, साबुनपानीको व्यवस्था मिलाउन र बिग्रिएका संरचनाहरूको तत्काल मर्मतसम्भार गर्न विद्यालय व्यवस्थापन समिति र सम्बन्धित सार्वजनिक निकायहरूलाई जिम्मेवार र जबाफदेही बनाइएको छ ।

## परिच्छेद ५
## बाल संरक्षण, सामाजिक सुरक्षा र सहारा

बालअधिकारको तेस्रो महत्त्वपूर्ण र संवेदनशील स्तम्भ बाल संरक्षण हो। यसले बालबालिकालाई सबै प्रकारका शारीरिक तथा मानसिक हिंसा, दुर्व्यवहार, शोषण, विभेद, बालश्रम, कुलत र दुर्व्यसनीबाट सुरक्षित राख्ने सुनिश्चितता गर्दछ। बालबालिकालाई सुरक्षित र भयरहित वातावरणमा हुर्कन पाउने अधिकार प्रत्याभूत गर्न सूर्योदय नगरपालिकाले बाल संरक्षणका नीति तथा कार्यक्रमहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै आएको छ।

### ५.१. बाल अधिकारको प्रवर्द्धन, चेतना र शून्य बालश्रमको अवस्था

बाल संरक्षणको पहिलो सर्त नै समाजमा बाल अधिकारप्रतिको चेतना अभिवृद्धि गर्नु र बालबालिकाको श्रमको शोषणलाई पूर्ण रूपमा अन्त्य गर्नु हो। सूर्योदय नगरपालिकाले यस क्षेत्रमा निम्न बमोजिमका उदाहरणीय कार्यहरू गर्दै आएको छ:

**५.१.१. बाल अधिकारको प्रवर्द्धन र चेतना अभिवृद्धि:** नगरपालिकाले विद्यालय, बाल क्लब र समुदायस्तरमा बाल अधिकार, बाल संरक्षण र कानुनी प्रावधानहरूको बारेमा निरन्तर सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । बालअधिकारका विषयवस्तुहरूलाई विद्यालयको अतिरिक्त क्रियाकलाप र सिकाइ प्रक्रियासँग जोडिएको छ। यसले गर्दा बालबालिकाहरू स्वयं आफ्नो अधिकारप्रति सचेत हुनुका साथै दुर्व्यवहार वा जोखिमका अवस्थाहरूमा कहाँ र कसरी उजुरी गर्ने भन्ने विषयमा जानकार भएका छन्। अभिभावकहरूलाई समेत सकारात्मक अभिभावकत्व सम्बन्धी अभिमुखीकरण प्रदान गरी घरभित्रैबाट बालमैत्री वातावरणको सुरुवात गर्न प्रेरित गरिएको छ ।

**५.१.२. शून्य बालश्रमको अवस्था:** कुनै पनि बालबालिकालाई उनीहरूको उमेर, क्षमता र शारीरिक अवस्थाविपरीत श्रममा लगाउनु बालअधिकारको गम्भीर हनन् हो। सूर्योदय नगरपालिका ऐतिहासिक रूपमा 'बालमैत्री स्थानीय शासनयुक्त नगर' घोषणा भइसकेको सन्दर्भमा, यस नगरभित्र बालश्रमलाई पूर्ण रूपमा निषेध गरी शून्य बनाइएको छ । यो नगरको बाल संरक्षण अभियानको एक अत्यन्तै गौरवपूर्ण उपलब्धि हो।

बालश्रम निवारणलाई व्यवहारमै उतार्न र सरोकारवालाहरूलाई जबाफदेही बनाउन नगरपालिकाले एक विशेष र प्रभावकारी अभियान सञ्चालन गरेको छ। यस अन्तर्गत नगर क्षेत्रभित्र बालश्रम प्रयोग हुन सक्ने सम्भावित सम्पूर्ण स्थलहरू, जस्तै: होटल, होमस्टे, कलकारखाना, साना-ठूला उद्योग, चिया बगान, व्यापारिक स्थल र पसलहरूमा **"म बालश्रम प्रयोग गर्दिन"** भन्ने प्रतिबद्धतासहितको पोस्टर अनिवार्य रूपमा टाँस गरिएको र टाँस गर्न लगाएको छ । यसले व्यवसायीहरूमा नैतिक र कानुनी दायित्व बोध गराउनुका साथै नगरमा आउने जो कोहीलाई पनि सूर्योदय नगरपालिका बालश्रममुक्त क्षेत्र हो भन्ने स्पष्ट सन्देश दिएको छ ।

**५.१.३. उपलब्धि संस्थागत गर्न निरन्तर अनुगमन र भावी रणनीति:** बालश्रमलाई शून्यमा झार्नु जति चुनौतीपूर्ण थियो, त्यो भन्दा बढी यस अवस्थालाई निरन्तरता दिनु वा दीगो बनाउनु हो । सूर्योदय नगरपालिका एक प्रमुख पर्यटकीय गन्तव्य र अन्तर्राष्ट्रिय सीमा नाकासँग जोडिएको क्षेत्र भएकाले बाह्य क्षेत्रबाट आउन सक्ने सम्भावित बालश्रमिक वा जोखिमपूर्ण अवस्थालाई लिएर नगर सदैव सतर्क छ ।

यस 'शून्य बालश्रम' को उपलब्धिलाई निरन्तरता दिन नगरपालिकाले आगामी दिनमा अझै सघन कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकता पहिचान गरेको छ। यसका लागि:

- वडास्तरीय बाल अधिकार समिति र बाल सञ्जालहरूमार्फत होटल तथा उद्योगहरूको छड्के अनुगमनलाई निरन्तरता दिने ।
- श्रम सम्बन्धी सूचकहरूलाई व्यवसायीहरूको दर्ता तथा नवीकरण प्रक्रियासँग अनिवार्य रूपमा जोड्ने।
- जोखिममा पर्न सक्ने अति विपन्न परिवारका बालबालिकाहरूलाई लक्षित गरी विशेष छात्रवृत्ति वा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने नीति लिइएको छ।

### ५.२. जन्मदर्ता प्रणालीको कानुनी व्यवस्था र कार्यान्वयनको स्थिति

बालअधिकार र नागरिक पहिचानको प्रत्याभूति गर्ने सबैभन्दा पहिलो र महत्त्वपूर्ण कानुनी दस्ताबेज जन्मदर्ता हो। बालबालिकाको नाम, राष्ट्रियता र पारिवारिक सम्बन्ध स्थापित गर्ने यस कार्यलाई उच्च प्राथमिकतामा राखेको छ।

**५.२.१. कानुनी व्यवस्था र बालमैत्री सूचक:**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ र सम्बन्धित नियमावली अनुसार कुनै पनि बालबालिका जन्मेको ३५ दिनभित्र सम्बन्धित स्थानीय पञ्जीकाधिकारी (वडा कार्यालय) को कार्यालयमा गई निःशुल्क जन्मदर्ता गराउनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको छ। बालमैत्री स्थानीय शासनको महत्त्वपूर्ण सूचकले पनि नगरभित्र जन्मिएका सबै बालबालिकाको जन्मदर्ता भएको हुनुपर्ने र विशेषगरी ३५ दिनभित्रको दर्तालाई शतप्रतिशत पुऱ्याउनुपर्ने कुरालाई जोड दिन्छ।

**५.२.२. सूर्योदय नगरपालिकामा कार्यान्वयनको स्थिति:** सूर्योदय नगरपालिकाले यस कानुनी व्यवस्थालाई पूर्ण रूपमा कार्यान्वयन गर्न स्वास्थ्य संस्थाहरू र वडा कार्यालयहरूबीच बलियो समन्वय संयन्त्र स्थापना गरेको छ। स्वास्थ्य संस्थाहरूमा सुत्केरी भई डिस्चार्ज हुँदा नै अभिभावकलाई ३५ दिनभित्र जन्मदर्ता गराउन परामर्श दिइन्छ। वडाका जनप्रतिनिधि, कर्मचारी, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता शाखा, महिला स्वास्थ्य स्वयंसेविकाहरू मार्फत टोल-टोलमा पञ्जीकरणसम्बन्धी सचेतना फैलाउने कार्य निरन्तर भइरहेको छ।

**५.२.३. वडागत जन्मदर्ताको अद्यावधिक स्थिति:** नगरपालिकाका १४ वटै वडाहरूमा २०८२ मा भएको जन्मदर्ताको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ:

| वडा नं. | कुल जन्मदर्ता भएका बालबालिका | ३५ दिनभित्र जन्मदर्ता भएका बालबालिका | ३५ दिनपछि दर्ता भएका बालबालिका | ३५ दिनभित्र दर्ता भएको प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | 53 | 10 | 43 | 18.87 | |
| २ | 40 | 12 | 28 | 30.00 | |
| ३ | 56 | 19 | 37 | 33.93 | |
| ४ | 56 | 19 | 37 | 33.93 | |
| ५ | 71 | 8 | 63 | 11.27 | |
| ६ | 41 | 15 | 26 | 36.59 | |
| ७ | 34 | 11 | 23 | 32.35 | |
| ८ | 51 | 10 | 41 | 19.61 | |
| ९ | 60 | 23 | 37 | 38.33 | |
| १० | 64 | 19 | 45 | 29.69 | |
| ११ | 57 | 12 | 45 | 21.05 | |
| १२ | 42 | 16 | 26 | 38.10 | |
| १३ | 39 | 12 | 27 | 30.77 | |
| १४ | 43 | 10 | 33 | 23.26 | |
| **जम्मा** | **707** | **196** | **511** | **27.72** | |

**५.२.४. विद्यमान चुनौती र आगामी कार्यदिशा:**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले व्यक्तिगत घटना दर्ता सप्ताह प्रत्येक वर्ष अभियानकै रुपमा सञ्चालन गर्ने गरेको छ। नगरपालिकाले पनि ३५ दिनभित्रै व्यक्तिगत घटना दर्ता गर्नुपर्छ भनी अभियानकै रूपमा सञ्चालन गरे तापनि केही व्यावहारिक चुनौतीहरू अझै विद्यमान छन्। विशेषगरी, जन्मदर्ताको हकमा विभिन्न कारणले ढिलाइ गर्ने प्रचलन अझै विद्यमान देखिन्छ। आगामी वर्षहरूमा यस कार्यलाई निरन्तरता दिई शतप्रतिशत बनाउने लक्ष्य नगरपालिकाले राखेको छ।

## ५.३. बालविवाह विरुद्धको शून्य सहनशीलता नीति

बालविवाह एक सामाजिक कलङ्क र बालअधिकारको गम्भीर हनन् हो। यसले बालबालिकाको शिक्षा, स्वास्थ्य र सर्वाङ्गीण विकासमा दीर्घकालीन नकारात्मक असर पुर्‍याउँछ । बालमैत्री स्थानीय शासनयुक्त सूर्योदय नगरपालिकाले यस कुप्रथालाई पूर्ण रूपमा निर्मूल गर्न शून्य सहनशीलताको नीति कडाइका साथ लागू गरेको छ।

**५.३.१. तथ्याङ्कीय अवस्था:** यस आ.व.मा वडा कार्यालयहरू, प्रहरी प्रशासन, स्वास्थ्य संस्थाहरू र बाल सञ्जालहरूबाट प्राप्त अद्यावधिक तथ्याङ्क अनुसार सूर्योदय नगरपालिकाभित्र बालविवाह भएको कुनै पनि आधिकारिक घटना, उजुरी वा तथ्याङ्क फेला परेको छैन । आधिकारिक रेकर्ड र प्रशासनिक दृष्टिकोणले हेर्दा समग्रमा यस वर्ष नगरमा बालविवाह शून्य भएको मान्नुपर्ने हुन्छ । यो उपलब्धि नगरपालिकाले सञ्चालन गरेका निरन्तर सचेतना अभियान र शून्य सहनशीलता नीतिको सफल कार्यान्वयनको प्रमाण हो ।

**५.३.२. व्यावहारिक यथार्थ र सामाजिक चुनौती:** तथ्याङ्कीय रूपमा बालविवाह शून्य देखिए तापनि, समाजको व्यावहारिक यथार्थलाई भने पूर्ण रूपमा बेवास्ता गर्न सकिँदैन । कहिलेकाहीँ अज्ञानता, गरिबी, पारिवारिक अवस्था वा किशोरावस्थाको चञ्चलताका कारण विकट ठाउँका केटा र केटीबीच प्रेम बसी भागेर विवाह गर्ने गरेका एकाध घटनाहरू समाजमा फाट्टफुट्ट सुनिने गरेका छन् । प्रविधिको बढ्दो प्रयोग र सामाजिक सञ्जालको प्रभावले पनि यस्ता घटनालाई मलजल गरेको देखिन्छ । तर केही वर्ष यता भने त्यस्तो कुनै घटना सुनिएको छैन ।

**५.३.३. समग्र निष्कर्ष र आगामी कार्यदिशा:** समग्रमा भन्नुपर्दा, यस वर्ष बालविवाहसम्बन्धी कुनै पनि जानकारी वा घटना फेला नपर्नु नगरको बाल संरक्षण अभियानको ठूलो सफलता हो । यद्यपि, भागेर हुने छिटपुट घटनाहरूलाई समेत पूर्ण रूपमा रोक्न आगामी दिनमा विद्यालयस्तरमा जीवनोपयोगी शिक्षालाई थप जोड दिने, किशोर-किशोरी सञ्जालमार्फत साथी शिक्षा सञ्चालन गर्ने र अभिभावकहरूलाई कानुनी प्रावधानहरूको बारेमा निरन्तर सचेत गराइराख्ने नीति नगरपालिकाले लिएको छ ।

## ५.४. बालबालिकामाथि हुन सक्ने हिंसा र मानव बेचबिखन विरुद्धको अभियान

बालबालिकालाई सबै प्रकारका शारीरिक, मानसिक तथा यौनिक हिंसा र शोषणबाट सुरक्षित राख्नु बाल संरक्षणको प्रमुख दायित्व हो । सूर्योदय नगरपालिका भौगोलिक रूपमा एक संवेदनशील अवस्थामा रहेको छ ।

**५.४.१. भौगोलिक संवेदनशीलता र शून्य सहनशीलताको नीति:** सूर्योदय नगरपालिकाको पूर्वमा भारतसँग जोडिएको पशुपतिनगर जस्तो खुला अन्तर्राष्ट्रिय सीमा नाका रहेकाले, बालबालिकामाथि हुन सक्ने दुर्व्यवहार, हिंसा, तथा बालबालिका ओसारपसार र मानव बेचबिखनको उच्च जोखिम विद्यमान छ। यस गम्भीर संवेदनशीलतालाई मनन् गर्दै नगरपालिकाले यस्ता जघन्य अपराधहरू विरुद्ध शून्य सहनशीलताको नीति लिई रोकथाम, न्यूनीकरण र उद्धारका सशक्त कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

**५.४.२. सरोकारवाला निकायहरूसँगको समन्वय र सहकार्य:** मानव बेचबिखन र बाल हिंसा विरुद्धको अभियान स्थानीय सरकारको एक्लो प्रयासले मात्र सम्भव नहुने भएकाले यसमा विभिन्न सरकारी तथा गैर-सरकारी संस्थाहरूको बलियो र सक्रिय सञ्जाल निर्माण गरिएको छ। विशेषगरी माइती नेपाल, USAID, नेपाल प्रहरी, नगर प्रहरी, शक्ति समूह, मानव अधिकार मञ्च नेपाल, नागरिक समाज, बाल हेल्प लाइन १०९८ र नगर बाल सञ्जालको संयुक्त पहलमा सीमा नाकामा कडा निगरानी राख्ने, शङ्कास्पद अवस्थामा रहेका बालबालिका तथा महिलाहरूको सोधपुछ तथा उद्धार गर्ने र समुदायस्तरमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने कार्य प्रभावकारी रूपमा भइरहेको छ ।

**५.४.३. अन्तर्राष्ट्रिय समन्वय र क्रस-बोर्डर सहकार्य:** मानव बेचबिखन एक अन्तर्देशीय अपराध (Cross-border Crime) भएकाले यसको उद्गमविन्दुदेखि गन्तव्यसम्म (Source-to-Destination) को जालो तोड्न अन्तर्राष्ट्रिय समन्वयको आवश्यकता पर्दछ । यसै सन्दर्भमा, मानव बेचबिखन विरुद्धको अन्तर्राष्ट्रिय स्तरको छलफल र सहकार्यका लागि नगरपालिकाको एक प्रतिनिधिमण्डलले भर्खरै मात्र भारतको दार्जिलिङमा आयोजना भएको "International Summit on Combating Human Trafficking Source-to-Destination: Collaborative Partnership & Solutions" नामक अन्तर्राष्ट्रिय शिखर सम्मेलनमा आधिकारिक रूपमा सहभागिता जनाएको छ।

अनुज्ञालय दार्जिलिङ डायोसिस सोसियल सर्भिस सोसाइटी (ADDSSS) र नर्थ बङ्गाल एन्टी ट्राफिकिङ एन्ड चाइल्ड राइट्स नेटवर्क (NBATCRN) को आयोजनामा भएको उक्त कार्यक्रममा नगरपालिकाका तर्फबाट समेत सहभागिता रहेको थियो । यस प्रकारको क्रस-बोर्डर (Cross-border) समन्वय र सिकाइ आदानप्रदानले नेपाल-भारत सीमा नाकामा हुने जोखिम न्यूनीकरण गर्न र दुवै देशका सरोकारवालाहरूबीच बलियो सूचना सञ्जाल निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**५.४.४. भावी रणनीति:** यस प्रकारका अन्तर्राष्ट्रिय समन्वय र स्थानीय सरोकारवालाहरूको सक्रियताले नगरलाई बालबालिकाका लागि पूर्ण रूपमा सुरक्षित क्षेत्र बनाउन ठूलो मद्दत पुगेको छ। आगामी दिनमा पशुपतिनगर नाकामा रहेको सूचना तथा सहायता कक्षलाई थप प्रविधिमैत्री बनाउने, विद्यालयहरूमा असुरक्षित बसाइसराई र मानव बेचबिखन विरुद्धको सचेतनालाई पाठ्यक्रमकै अङ्गका रूपमा जोड्ने र जोखिममा रहेका विपन्न परिवारलाई लक्षित गरी नेपालमै आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य नगरपालिकाले राखेको छ ।

## ५.५. अनाथ, असहाय, एकल अभिभावक भएका र जोखिममा रहेका बालबालिका

प्रत्येक बालबालिकालाई आफ्नो परिवारसँगै सुरक्षित र मायालु वातावरणमा हुर्कन पाउने नैसर्गिक अधिकार छ। तर, समाजमा विभिन्न अप्रत्याशित घटनाहरू (जस्तै: अभिभावकको मृत्यु, सम्बन्धविच्छेद, चरम गरिबी, पारिवारिक बेमेल वा बसाइँसराइ) का कारण केही बालबालिकाहरू पारिवारिक स्नेह र संरक्षणबाट वञ्चित भई उच्च जोखिममा पर्ने गरेका छन्। बालमैत्री स्थानीय शासनयुक्त सूर्योदय नगरपालिकाले यस्ता जोखिममा रहेका बालबालिकाहरूको पहिचान, संरक्षण र व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखेको छ।


**५.५.१. जोखिममा रहेका बालबालिकाको पहिचान र वर्गीकरण:** नगरपालिकाले वडास्तरीय बाल अधिकार समिति र टोल विकास संस्थाहरूमार्फत आफ्नो क्षेत्रभित्र रहेका जोखिमयुक्त बालबालिकाहरूको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने कार्य गरिरहेको छ । यस्ता बालबालिकाहरूलाई मुख्यतया निम्न वर्गमा विभाजन गरी संरक्षण प्रदान गर्ने नीति लिइएको छ:

- **अनाथ बालबालिका:** आमा र बाबु दुवै गुमाएका बालबालिका ।
- **एकल अभिभावक भएका:** आमा वा बाबुमध्ये एक जना मात्र भएका वा बाबु/आमाले अर्को विवाह गरी बेवास्तामा परेका बालबालिका ।
- **असहाय तथा जोखिममा रहेका:** चरम गरिबीको रेखामुनि रहेका, अभिभावक जेलमा वा गम्भीर बिरामी भएका, र सडकमा पुग्न सक्ने जोखिममा रहेका बालबालिकाहरू।

**५.५.२. नगरपालिकाबाट प्रदान गरिएका संरक्षण र सुविधाहरू:** यस्ता जोखिममा रहेका बालबालिकाहरूको जीवनरक्षा र शिक्षाका लागि नगरपालिकाले विभिन्न सामाजिक सुरक्षा र सहाराका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ:

- **सामाजिक सुरक्षा भत्ता:** नेपाल सरकारको नीति अनुरूप ५ वर्ष मुनिका दलित तथा लोपोन्मुख परिवारका बालबालिकाहरूलाई बालपोषण भत्ता निरन्तर रूपमा उपलब्ध गराइएको छ ।
- **शैक्षिक सहायता र छात्रवृत्ति:** अनाथ र असहाय बालबालिकाहरूलाई विद्यालयको पहुँचबाट बाहिर हुन नदिन उनीहरूलाई प्राथमिकताका आधारमा छात्रवृत्ति, निःशुल्क पोसाक तथा शैक्षिक सामग्री वितरण गर्ने गरिएको छ।
- **वैकल्पिक स्याहारको प्रवर्द्धन:** बालबालिकालाई सकेसम्म संस्थागत बालगृहमा राख्नुभन्दा परिवारकै अन्य सदस्य वा नजिकका आफन्तको संरक्षणमा हुर्काउनु बाल मनोविज्ञानका लागि उत्तम मानिन्छ। तसर्थ, नगरपालिकाले आफन्तको संरक्षणमा रहेका बालबालिकाहरूलाई नै स्थानीय स्तरमै सहयोग पुऱ्याउने नीतिलाई प्रोत्साहन गरेको छ।

**५.५.३. बालबालिकाको अभिभावकत्वको अवस्था:**




**५.५.४. चुनौती र आगामी कार्यदिशा:** बसाइँसराइ र सम्बन्धविच्छेदका घटनाहरू बढ्दै जाँदा पारिवारिक विखण्डन भई बालबालिकाहरू जोखिममा पर्ने क्रम बढ्नु अहिलेको प्रमुख सामाजिक चुनौती बनेको छ। यस्ता बालबालिकाहरूमा पर्ने मनोवैज्ञानिक असरलाई सम्बोधन गर्न मनोसामाजिक परामर्शको आवश्यकता छ। आगामी दिनमा जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, राहत र पुनर्थापनाका लागि नगरपालिका स्तरमा एक छुट्टै 'बाल कल्याण आपत्कालीन कोष' स्थापना गर्ने र त्यस्ता बालबालिकाका अभिभावकलाई लक्षित गरी सीपमूलक तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने रणनीति नगरपालिकाले तय गरेको छ।

**५.६. कुलत, दुर्व्यसनीमा फसेका र सडक बालबालिकाको उद्धार तथा पारिवारिक पुनर्मिलन**

बालबालिकालाई सडक जीवन र दुर्व्यसनबाट मुक्त राख्नु बालमैत्री स्थानीय शासनको एक प्रमुख दायित्व हो। सडक बालबालिकाहरू चाँडै कुलत र दुर्व्यसनमा फस्ने उच्च जोखिम रहने भएकाले, सूर्योदय नगरपालिकाले यस विषयमा विशेष सतर्कता अपनाउँदै आएको छ।

**५.६.१. सडक बालबालिका:** विगत केही वर्षदेखि सूर्योदय नगर क्षेत्रभित्र सडक बालबालिकाहरू भेटिएका छैनन्। हाल नगरपालिकामा सडक बालबालिकाको सङ्ख्या शून्य रहेको छ। यो तथ्याङ्कले नगरको बाल संरक्षण नीति, गरिबी निवारणका पहलहरू र पारिवारिक संरक्षणको अवस्था अत्यन्तै प्रभावकारी रहेको पुष्टि गर्दछ।

**५.६.२. कुलत र दुर्व्यसनको बढ्दो जोखिम:** सडक बालबालिकाको सङ्ख्या शून्य रहे तापनि, वर्तमान परिप्रेक्ष्यमा पारिवारिक वातावरणमै रहेका किशोर-किशोरीहरू समेत सङ्गत, प्रविधिको दुरुपयोग वा मानसिक तनावका कारण कुलत तथा दुर्व्यसनमा फस्ने क्रम बढ्दै गइरहेको पाइन्छ। यो नगरको समग्र बाल विकास र सुरक्षाका लागि एक गम्भीर तथा ठूलो जोखिमका रूपमा देखा परेको छ।

**५.६.३. नगरपालिकाका सचेतनामूलक अभियान र समन्वय:** यस बढ्दो जोखिमलाई समयमै न्यूनीकरण गर्न नगरपालिकाले आफ्नो वार्षिक बजेट तथा नीति-कार्यक्रममै अनलाइन सुरक्षा, साइबर अपराध नियन्त्रण, कुलत र लागूऔषध दुर्व्यसन विरुद्धका लक्षित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरेको छ। यी कार्यक्रमहरू नेपाल प्रहरी, नगर प्रहरी, नेपाल रेडक्रस, माइती नेपाल लगायतका सङ्घसंस्थाहरूको प्रत्यक्ष समन्वय र सहकार्यमा बालबालिका, युवा, अभिभावक र सरोकारवालाहरूलाई लक्षित गरी सञ्चालन गरिँदै आएका छन्।

समाजलाई सभ्य, स्वच्छ र समुन्नत बनाउने तथा लागू औषधमुक्त नगरको परिकल्पनालाई साकार पार्ने उद्देश्यले नगरपालिकाले लागूऔषध दुर्व्यसनी, मदिरा तथा सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन सम्बन्धी बृहत सचेतना अभियान तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस्ता अभियानहरूले "सेवन नगरौँ धुम्रपान, मध्यपान: स्वस्थ बनी गरौँ राष्ट्रलाई योगदान" भन्ने सन्देशलाई जनमानसमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेलेका छन्।

**५.६.४. उद्धार तथा पारिवारिक पुनर्मिलन रणनीति:** यदि कोही बालबालिका वा किशोर-किशोरी कुलतमा फसेको अवस्थामा भेटिएमा, उनीहरूलाई अपराधीको रूपमा नभई सहयोगको आवश्यकता भएका व्यक्तिका रूपमा लिने

नीति नगरपालिकाको छ। यस्ता बालबालिकाहरूको पहिचान भएमा तत्काल उद्धार गरी आवश्यक मनोसामाजिक परामर्श प्रदान गर्ने, सुधार गृहसँग समन्वय गरी उपचार गराउने र स्वास्थ्यमा सुधार आएपछि स-सम्मान उनीहरूको पारिवारिक पुनर्मिलन गराउने स्पष्ट संयन्त्र निर्माण गरिएको छ।

### ५.७. अपाङ्गता भएका बालबालिका र परिचयपत्र वितरण

समावेशी विकास र सामाजिक न्यायको सिद्धान्त अनुसार अपाङ्गता भएका बालबालिकाहरूलाई विशेष संरक्षण, हेरचाह र अवसर प्रदान गर्नु राज्यको प्रमुख दायित्व हो। बालमैत्री स्थानीय शासन युक्त सूर्योदय नगरपालिकाले अपाङ्गता भएका बालबालिकालाई समाजमा स-सम्मान बाँच्न पाउने र मूलधारको विकासमा सहभागी हुन पाउने अधिकारलाई समुदायमा आधारित पुनर्स्थापना कार्यक्रममार्फत विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

**५.७.१. अपाङ्गता पहिचान र परिचयपत्र वितरण:** अपाङ्गता भएका बालबालिकाहरूलाई राज्यले प्रदान गर्ने सेवा सुविधा र सामाजिक सुरक्षा भत्तामा सहज पहुँच पुऱ्याउन उनीहरूको आधिकारिक पहिचान हुनु जरुरी छ। यसका लागि नगरपालिकाले महिला तथा बालबालिका शाखा र स्वास्थ्य शाखामार्फत अपाङ्गताको प्रकृति र गम्भीरता परीक्षण गरी वर्गीकरणका आधारमा 'अपाङ्गता परिचयपत्र' (क, ख, ग र घ वर्ग) वितरण गर्दै आएको छ। वडास्तरमै शिविरहरू सञ्चालन गरी वा नगरपालिकाको कार्यालयबाट नियमित रूपमा यस्ता परिचयपत्रहरू उपलब्ध गराइएको छ, जसले गर्दा पूर्ण र अति अशक्त (रातो र निलो कार्ड प्राप्त) बालबालिकाहरूले सहजै सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका छन्। सूर्योदय नगरपालिकाबाट हालसम्म अपाङ्गता परिचयपत्र पाएका यस वर्षका बालबालिकाहरूको वडागत विवरण तपसिल बमोजिम तालिकामा देखाइएको छ।

| वडा नं. | अति अशक्त (निलो) | | | पूर्ण अशक्त (रातो) | | | मध्यम (पहेलो) | | | सामान्य (सेतो) | | | कूल सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | |
| १ | ० | २ | २ | २ | १ | ३ | १ | ४ | ५ | १ | ४ | ५ | १५ |
| २ | ० | ० | ० | १ | १ | २ | १ | १ | २ | ५ | ० | ५ | ९ |
| ३ | १ | २ | ३ | ० | ० | ० | १ | २ | ३ | ० | २ | २ | ८ |
| ४ | १ | ३ | ४ | १ | २ | ३ | १ | ० | १ | ० | ० | ० | ८ |
| ५ | ० | १ | १ | १ | १ | २ | ० | ० | ० | २ | ३ | ५ | ८ |
| ६ | १ | ० | १ | १ | १ | २ | ० | ० | ० | २ | ० | २ | ५ |
| ७ | ० | ० | ० | ० | १ | १ | ० | ० | ० | १ | ० | १ | २ |
| ८ | २ | २ | ४ | १ | १ | २ | २ | २ | ४ | ३ | १ | ४ | १४ |
| ९ | १ | ० | १ | ० | ५ | ५ | २ | ० | २ | २ | ० | २ | १० |
| १० | १ | २ | ३ | ० | १ | १ | ० | २ | २ | २ | १ | ३ | ९ |
| ११ | ४ | ० | ४ | ० | ६ | ६ | १ | ० | १ | १ | ० | १ | १२ |
| १२ | १ | १ | २ | ३ | १ | ४ | ० | ० | ० | ० | ० | ० | ६ |
| १३ | १ | १ | २ | ० | २ | २ | २ | ० | २ | २ | २ | ४ | १० |
| १४ | ० | २ | २ | १ | १ | २ | ० | २ | २ | १ | १ | २ | ८ |
| **जम्मा** | **१३** | **१६** | **२९** | **११** | **२४** | **३५** | **११** | **१३** | **२४** | **२२** | **१४** | **३६** | **१२४** |

**५.७.२. सहयोगी सामग्री वितरण:** अपाङ्गता भएका बालबालिकाहरूको दैनिक जीवनयापनलाई सहज बनाउन र उनीहरूको सिकाइ तथा गतिशीलता बढाउन नगरपालिकाले आवश्यकतामा आधारित विभिन्न सहयोगी सामग्रीहरू निःशुल्क वितरण गर्दै आएको छ। स्वास्थ्य परीक्षण र विशेषज्ञको सिफारिसका आधारमा बालबालिकाहरूलाई ह्वीलचेयर, सेतो छडी, श्रवणयन्त्र, बैसाखी, र कृत्रिम अङ्गहरू उपलब्ध गराइएको छ। यसले गर्दा घरभित्रै सीमित हुन बाध्य बालबालिकाहरू विद्यालयसम्म पुग्न र समाजमा घुलमिल हुन सक्षम भएका छन्।

### ५.७.३. अपाङ्गता भएका बालबालिका तथ्याङ्क:

| प्रकार | पुरुष | महिला | जम्मा | कैफियत |
|---|---|---|---|---|
| शारीरिक अपाङ्गता | २२ | २० | ४२ | |
| अटिज्म | ४ | २ | ६ | |
| न्यून दृष्टि | ५ | ६ | ११ | |
| सुस्त श्रवण | १ | ० | १ | |
| बहिरा | ३ | ४ | ७ | |
| स्वर तथा बोलाइसम्बन्धी | २ | ५ | ७ | |
| मानसिक/ मनोसामाजिक | १ | १ | २ | |
| बौद्धिक अपाङ्गता | ८ | ८ | १६ | |
| बहु-अपाङ्गता | २१ | ११ | ३२ | |
| **जम्मा** | **६७** | **५७** | **१२४** | |

अघिल्लो प्रतिवेदनको तुलनामा यस पटकको सङ्ख्यामा ७.४६% ले कमी आएको छ । अपाङ्गता भएका बालबालिकाहरूको सङ्ख्या यसरी घट्नाले सुधारात्मक सङ्केत देखाएको छ ।


**५.७.४. विद्यमान चुनौती र आगामी कार्यदिशा:** अपाङ्गता परिचयपत्र र सहयोगी सामग्री वितरण प्रभावकारी रूपमा भइरहे पनि, कतिपय भौगोलिक रूपमा विकट स्थानहरू र सार्वजनिक संरचनाहरू पूर्ण रूपमा अपाङ्गता-मैत्री नहुँदा बालबालिकालाई आवतजावतमा कठिनाइ भइरहेको छ ।

आगामी दिनमा नगरपालिकाले घरमै सीमित गम्भीर अपाङ्गता भएका बालबालिकाका अभिभावकहरूलाई लक्षित गरी विशेष सीपमूलक र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य राखेको छ ।

## ५.८. लक्षित सामाजिक सुरक्षा योजनाहरू

बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि कुनै पनि बालबालिका गरिबी, सामाजिक विभेद वा आर्थिक अभावका कारण शिक्षा, स्वास्थ्य र संरक्षणको अधिकारबाट वञ्चित हुनु हुँदैन। 'कोही पनि पछाडि नछुटून्' (Leave No One Behind) भन्ने दिगो विकास लक्ष्यको मर्मलाई आत्मसात् गर्दै, सूर्योदय नगरपालिकाले समाजका अति सीमान्तकृत, दलित, अल्पसङ्ख्यक र गरिबीको रेखामुनि रहेका (अति गरिब) परिवारका बालबालिकाहरूलाई लक्षित गरी विशेष सामाजिक सुरक्षा योजनाहरू कार्यान्वयनमा ल्याएको छ ।

### ५.८.१. दलित तथा अल्पसङ्ख्यक बालबालिकाका लागि लक्षित कार्यक्रम:




- **दलित बालपोषण भत्ता:** नेपाल सरकारको नीति अनुरूप नगरपालिकाले ५ वर्ष मुनिका सम्पूर्ण दलित बालबालिकाहरूको पोषण सुधारका लागि मासिक रूपमा 'बालपोषण भत्ता' निरन्तर उपलब्ध गराउँदै आएको

छ। जन्मदर्ताकै आधारमा बैंकिङ प्रणालीमार्फत सीधै आमाको खातामा रकम जाने व्यवस्थाले यसलाई पारदर्शी बनाएको छ।

- **अल्पसङ्ख्यक तथा लोपोन्मुख समुदाय संरक्षण:** सूर्योदय नगरपालिका लोपोन्मुख लेप्चा जातिको मूल थलो भएकाले यस समुदायलगायत अन्य अल्पसङ्ख्यक बालबालिकाहरूको शिक्षा र संस्कृति संरक्षणमा विशेष ध्यान दिइएको छ। यस्ता समुदायका बालबालिकाहरूलाई राष्ट्रियस्तरबाट नै सामाजिक सुरक्षा भत्ता प्रदान गरी मूलधारको शिक्षामा निरन्तरता सुनिश्चित गरिएको छ।

**५.८.२. अति गरिब (विपन्न) परिवारका बालबालिकाका लागि सहायता:**

गरिबीको पराकाष्ठामा रहेका परिवारका बालबालिकाहरू नै बालश्रम र बालविवाहको सबैभन्दा उच्च जोखिममा हुन्छन्। नगरपालिकाले यस्ता अति विपन्न परिवारहरूको पहिचान गरी उनीहरूका बालबालिकालाई लक्षित गर्दै निम्न सुविधाहरू प्रदान गरेको छ:

- विद्यालयमा निःशुल्क पोसाक, झोला र स्टेसनरी वितरण।
- जोखिममा रहेका अति गरिब परिवारका अभिभावकहरूलाई लक्षित गरी आयआर्जन र सीपमूलक कार्यक्रमहरू, ताकि उनीहरूले आफ्ना बालबालिकालाई चिया बगान वा होटलहरूमा श्रम गर्न पठाउन बाध्य हुनु नपरोस्।

**५.८.३. लक्षित सामाजिक सुरक्षा प्राप्त बालबालिकाको विवरण:**

| वडा नं. | ५ वर्ष मुनिका दलित बालपोषण भत्ता प्राप्त गर्ने सङ्ख्या | लोपोन्मुख सा.सु. भत्ता प्राप्त गर्ने विद्यार्थी सङ्ख्या | कैफियत |
|---|---|---|---|
| १ | 12 | 6 | |
| २ | 7 | 0 | |
| ३ | 7 | 16 | |
| ४ | 14 | 46 | |
| ५ | 14 | 94 | |
| ६ | 6 | 4 | |
| ७ | 4 | 73 | |
| ८ | 3 | 35 | |
| ९ | 7 | 56 | |
| १० | 11 | 28 | |
| ११ | 10 | 10 | |
| १२ | 7 | 97 | |
| १३ | 16 | 0 | |
| १४ | 11 | 4 | |
| **जम्मा** | **129** | **469** | |

**५.८.४. विद्यमान चुनौती र आगामी कार्यदिशा:** लक्षित कार्यक्रमहरू सञ्चालन भए तापनि अति गरिब परिवारको वैज्ञानिक र यथार्थपरक पहिचान हुन नसकेको कारण अति विपन्न बालबालिकाहरूलाई बालपोषण भत्ता वितरण गर्न सकिएको छैन। वास्तविक विपन्नले नपाउने र पहुँचवालाले सुविधा लिने जोखिमलाई न्यूनीकरण गर्न नगरपालिकाले वडास्तरीय संयन्त्रमार्फत गरिब घरपरिवार परिचयपत्र अद्यावधिक गर्ने कार्य सङ्घ स्तरबाट नै सञ्चालन भइरहेको छ। नगरपालिकाले आगामी दिनमा परिचयपत्रका आधारमा मात्र अति विपन्न लक्षित छात्रवृत्ति र बालपोषण भत्ता वितरण गर्ने प्रणाली लागू गर्ने योजना बनाएको छ।

## परिच्छेद ६
## बाल सहभागिता, सिर्जनात्मक अभ्यास र प्रतिभा

बाल अधिकारको चौथो तर अत्यन्तै महत्त्वपूर्ण स्तम्भ 'बाल सहभागिता' हो। बालबालिकालाई उनीहरूको उमेर र क्षमता अनुसार पारिवारिक तथा सामाजिक निर्णय प्रक्रियामा सहभागी गराउनुका साथै उनीहरूमा लुकेको प्रतिभा प्रस्फुटन गर्ने अवसर प्रदान गर्नु बालमैत्री स्थानीय शासनको प्रमुख लक्ष्य हो। सूर्योदय नगरपालिकाले बालबालिकाको सिर्जनात्मक अभ्यास, सिकाइ र प्रतिभा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्दै विभिन्न मञ्चहरू उपलब्ध गराउँदै आएको छ।

### ६.१. वडा र विद्यालयस्तरीय सिर्जनात्मक क्रियाकलाप

**६.१.१. वडास्तरीय वार्षिक बजेट र कार्यक्रम:** बालबालिकाको प्रतिभा उजागर गर्न र उनीहरूको नेतृत्व विकास गर्न नगरपालिकाका १४ वटै वडाहरूले आफ्नो वार्षिक बजेट तथा नीति-कार्यक्रममा बालबालिका लक्षित विभिन्न सिर्जनात्मक कार्यक्रमहरू समावेश गरेका छन्। वडास्तरीय बाल सञ्जालहरूको नेतृत्व र समन्वयमा स्थानीय स्तरमा वक्तृत्वकला, चित्रकला, हाजिरीजवाफ, र सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गर्न वडा कार्यालयहरूले आवश्यक बजेट विनियोजन तथा सहजीकरण गर्दै आएका छन्। यसले गर्दा समाजमा बालबालिकाको अर्थपूर्ण सहभागिता बढेको छ।

**६.१.२. विद्यालयस्तरमा अतिरिक्त क्रियाकलाप:** विद्यार्थीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासका लागि किताबी ज्ञान मात्र पर्याप्त नहुने हुँदा नगरका सबै शिक्षण संस्थाहरूमा 'अतिरिक्त क्रियाकलाप' (ECA/CCA) लाई सिकाइकै अभिन्न अङ्ग बनाइएको छ। विद्यालयहरूले साप्ताहिक वा मासिक रूपमा Indoor and Outdoor प्रतियोगिताहरू सञ्चालन गर्ने गरेका छन्।

- **आउटडोर प्रतियोगिता:** यस अन्तर्गत भलिबल, फुटबल, दौड, र मार्सल आर्ट जस्ता शारीरिक खेलकुदहरू सञ्चालन गरिन्छन्, जसले विद्यार्थीहरूमा अनुशासन र टिम भावनाको विकास गराएको छ।
- **इन्डोर प्रतियोगिता:** यस अन्तर्गत चेस, टेबलटेनिस, हिज्जे, वादविवाद, निबन्ध लेखन, चित्रकला, Math and Science Problem Solving जस्ता बौद्धिक प्रतियोगिताहरू गराउने गरिएको छ।

### ६.२. बाह्र महिना बाह्र कार्यक्रम

सूर्योदय नगरपालिकाले बालबालिकाको सिर्जनात्मक, बौद्धिक र व्यावहारिक क्षमता विकासका लागि सिकाइलाई केवल कक्षाकोठाको चौघेरामा मात्र सीमित नराखी अतिरिक्त क्रियाकलापसँग जोड्ने उद्देश्यले 'बाह्र महिना बाह्र कार्यक्रम' को नवप्रवर्तनात्मक अभ्यास सञ्चालन गर्दै आएको छ। यसबाट विद्यार्थीको मासिक परीक्षाको नतिजामा समेत निर्णायक भूमिका खेल्दछ।

**६.२.१. सञ्चालन प्रक्रिया र अवधारणा:** यस अभियान अन्तर्गत नगरपालिकाले नगरभित्रका विभिन्न विद्यालयका विद्यार्थीहरूलाई एकै ठाउँमा भेला गराई वा प्रत्येक महिना फरक-फरक विद्यालय वा उपयुक्त सार्वजनिक स्थानमा पुगेर मासिक रूपमा कम्तीमा एउटा रचनात्मक कार्यक्रम सञ्चालन गर्ने गर्दछ। यसले गर्दा विद्यार्थीहरूले वर्षैभरि आफ्नो प्रतिभा प्रदर्शन गर्ने र नयाँ कुरा सिक्ने नियमित मञ्च प्राप्त गरेका छन्।

**६.२.२. प्रमुख रचनात्मक गतिविधिहरू:** यस 'बाह्र महिना बाह्र कार्यक्रम' अन्तर्गत विद्यार्थीहरूको उमेर, रुचि र सिकाइको आवश्यकतालाई मध्यनजर गर्दै वर्षभरि निम्न अनुसारका विविध कार्यक्रमहरू सञ्चालन गरिँदै आइएको छ।

- हाजिरीजवाफ प्रतियोगिता: विद्यार्थीहरूको सामान्य ज्ञान, स्मरणशक्ति र बौद्धिक क्षमताको विकास गर्न।
- चेस प्रतियोगिता: बालबालिकाको तार्किक क्षमता, एकाग्रता र मानसिक विकासलाई तीखो बनाउन।
- नाटक प्रदर्शनी: कला, साहित्य र अभिनयमार्फत सामाजिक विषयवस्तुमा सचेतना जगाउन र विद्यार्थीहरूमा नाट्यकलाको विकास गर्न।
- विज्ञान तथा गणित प्रयोगात्मक परीक्षण तथा प्रदर्शनी: विज्ञान र गणित पाठ्यपुस्तकमा पढेका सैद्धान्तिक विषयवस्तुहरूलाई व्यवहारमा उतार्न विद्यालयमै प्रयोगात्मक परीक्षण गर्ने र विद्यार्थीहरूले बनाएका विज्ञानका मोडेलहरूको प्रदर्शनी (Science and Math Exhibition) गर्ने।

**६.२.३. समग्र प्रभाव:** यसरी प्रत्येक महिना आयोजना हुने फरक-फरक गतिविधिहरूले नगरका बालबालिकाहरूमा किताबी ज्ञानका साथै व्यावहारिक सीपको विकास गराउन ठूलो मद्दत पुऱ्याएको छ। यसका साथै, विभिन्न विद्यालयका विद्यार्थीहरू एकै ठाउँमा भेला भएर कार्यक्रम गर्दा उनीहरूबीच अन्तर-विद्यालय सम्बन्ध (Inter-school Bonding), भाइचारा र स्वस्थ प्रतिस्पर्धात्मक भावनाको विकास भएको छ। समग्रमा, यो अभियान बालमैत्री नगरको शैक्षिक गुणस्तर र विद्यार्थीको सर्वाङ्गीण विकासको एक दरिलो आधार बनेको छ।

## ६.३. स्थानीय योजना तर्जुमा भेलामा बालबालिकाको अर्थपूर्ण सहभागिता

बालबालिकासँग सम्बन्धित नीति, नियम, र बजेट तर्जुमा गर्दा उनीहरूको प्रत्यक्ष र अर्थपूर्ण सहभागिता हुनुपर्दछ भन्ने मान्यतालाई सूर्योदय नगरपालिकाले व्यवहारमै उतारेको छ । आफ्ना लागि कस्ता कार्यक्रम र बजेट आवश्यक छन् भन्ने कुरा बालबालिकाले नै राम्ररी पहिचान गर्न सक्ने भएकाले योजना तर्जुमा प्रक्रियालाई पूर्ण रूपमा बाल सहभागितामूलक बनाइएको छ ।

**६.३.१. कानुनी व्यवस्था र नगरको प्रतिबद्धता:** 'बालबालिका सम्बन्धी ऐन, २०७५' ले सुनिश्चित गरेको बालबालिकाको सहभागिताको अधिकार तथा 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' ले निर्देशित योजना तर्जुमा प्रक्रियालाई नगरपालिकाले कडाइका साथ पालना गरेको छ। योजना तर्जुमामा बाल भेला अनिवार्य रूपमा सञ्चालन गर्ने र त्यहाँबाट छनोट भएका योजनाहरूलाई वडा हुँदै नगरपालिकासम्म पुऱ्याएर बजेट विनियोजन गर्ने कानुनी प्रावधानको पूर्ण अभ्यास भइरहेको छ।

**६.३.२. नीति तथा कार्यक्रम तर्जुमा (पूर्व-बजेट छलफल) मा सहभागिता:** नगरपालिकाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेटलाई जनमुखी, सहभागितामूलक र यथार्थपरक बनाउन बालबालिका र सरोकारवाला निकायहरूलाई नीतिगत तहको छलफलमै प्रत्यक्ष सामेल गराउने गरेको छ । यस प्रकारको महत्त्वपूर्ण छलफलमा आधिकारिक रूपमा उपस्थितिका लागि बालबालिका, नगर बाल सञ्जाल, बाल संरक्षणमा सक्रिय माइती नेपाल तथा अन्य युवा क्लब र सङ्घसंस्थाहरूलाई आमन्त्रण गरी उनीहरूका सुझावहरू सङ्कलन गर्ने अभ्यास रहेको छ।

**६.३.३. विद्यालय तथा समुदायस्तरमा बाल भेला र किशोरी समूहको सक्रियता:** योजना तर्जुमा र बालमैत्री स्थानीय शासन (CFLG) को सफल कार्यान्वयनका लागि ग्रासरुटमै बालबालिकाको सक्रियता आवश्यक पर्छ । यसै सन्दर्भमा, विद्यालय र समुदायस्तरमा बाल क्लब तथा किशोरी समूहहरूले नियमित बैठक र अन्तरक्रिया गर्दै आएका छन् । यस्ता भेलाहरूमा बालमैत्री स्थानीय शासन तथा बाल अधिकारका विविध क्रियाकलापहरूको समीक्षा र आगामी योजनाहरूको बारेमा निर्णयहरू गर्ने गरिएको छ ।

## ६.४. सांस्कृतिक गतिविधि र खेलकुद

बालबालिकाको शारीरिक, मानसिक, र सामाजिक विकासका लागि किताबी शिक्षा जत्तिकै खेलकुद र सांस्कृतिक गतिविधिहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। बालमैत्री स्थानीय शासनको मर्म अनुरूप सूर्योदय नगरपालिकाले बालबालिकाको सर्वाङ्गीण विकास, प्रतिभा प्रस्फुटन र मौलिक संस्कृतिको पुस्तान्तरणका लागि खेलकुद र सांस्कृतिक क्षेत्रमा उल्लेख्य लगानी गर्दै आएको छ।

**६.४.१. खेलकुद विकास र प्रतियोगिताहरू:** नगरपालिकाले बालबालिकाको शारीरिक तन्दुरुस्ती र खेल प्रतिभा उजागर गर्न तल्लो तहदेखि अन्तर्राष्ट्रिय स्तरसम्मका खेलकुद प्रतियोगिताहरूलाई व्यवस्थित रूपमा सञ्चालन र सहजीकरण गर्दै आएको छ:

- राष्ट्रपति रनिङ शिल्ड: विद्यालयस्तरका विद्यार्थीहरूको क्षमता अभिवृद्धिका लागि वार्षिक रुपमा एथ्लेटिक्स, भलिबल, कबड्डी, कराते, तेक्वान्दो, र उसु जस्ता विविध खेलहरू समावेश गरी 'राष्ट्रपति रनिङ शिल्ड' प्रतियोगिता भव्य रूपमा सञ्चालन गर्ने गरिएको छ ।
- तहगत र अन्तर-नगर प्रतियोगिता: विद्यार्थीहरूको उमेर र क्षमतालाई मध्यनजर गर्दै 'अन्तर-विद्यालय आधारभूत तह खेलकुद प्रतियोगिता' र 'अन्तर-विद्यालय माध्यमिक तह खेलकुद प्रतियोगिता' नियमित रूपमा

आयोजना भइरहेका छन्। यसका साथै, 'अन्तर-नगर विद्यालय स्तरीय खेलकुद प्रतियोगिता' ले नगर-नगरबीचको भाइचारा र बालबालिकाको प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्दत गरेको छ।

- अन्तर्राष्ट्रिय स्तरमा सहभागिता: खेलकुदको क्षेत्रमा नगरका बालबालिकाहरूले ऐतिहासिक फड्को मारेका छन्। यस नगरका उत्कृष्ट विद्यार्थी खेलाडीहरूलाई अन्तर्राष्ट्रिय इन्डोर र आउटडोर खेलकुद प्रतियोगितामा सहभागी गराउन भारतको दार्जिलिङ र ग्यान्टोकसम्म लगिएको छ । यसले बालबालिकाको मनोबल उच्च बनाउनुका साथै अन्तर्राष्ट्रिय अनुभव प्रदान गरेको छ ।

**६.४.२. सांस्कृतिक संरक्षण र सिर्जनात्मक गतिविधि:** सूर्योदय नगरपालिका बहुभाषिक र बहुसांस्कृतिक विशेषतायुक्त नगर हो । यहाँका बालबालिकाहरूलाई सानै उमेरदेखि आफ्नो मौलिक कला, संस्कृति र परम्पराको जगेर्ना गर्न प्रोत्साहित गरिन्छ ।

विद्यालय र समुदायस्तरमा आयोजना हुने विभिन्न कार्यक्रमहरूमा बालबालिकाहरूले सक्रिय रूपमा सांस्कृतिक प्रस्तुतिहरू दिने गरेका छन्। बालबालिकाहरू मौलिक लाखे नृत्यको पहिरनमा सजिएर उल्लासमय रूपमा लाखे नाच प्रदर्शन गर्ने गरेका छन् । त्यसैगरी, साकेला नृत्य लगायत विभिन्न जातजातिको परम्परागत र रङ्गीचङ्गी वेशभूषामा सजिएर विद्यार्थीहरूले सामूहिक रूपमा सांस्कृतिक नृत्य प्रस्तुत गर्ने गरेका छन् । यस्ता सांस्कृतिक अभ्यासहरूले बालबालिकामा आफ्नो जराप्रतिको गौरवबोध गराउनुका साथै समाजमा सहिष्णुता र सामाजिक सद्भाव कायम राख्न ठूलो मद्दत पुऱ्याएका छन्।

## ६.५. बाल प्रतिभा स्मारिका

नगरभित्रका बालबालिकामा अन्तरनिहित बहुआयामिक प्रतिभाहरूलाई प्रस्फुटन गर्ने र उनीहरूको सिर्जनात्मक क्षमतालाई उचित मञ्च प्रदान गरी उच्च मूल्याङ्कन गर्ने उद्देश्यले सूर्योदय नगरपालिकाले 'बाल प्रतिभा स्मारिका' को अवधारणालाई अगाडि बढाएको छ।

**६.५.१. प्रकाशन:** विगतका वर्षहरूमा नगरपालिकाले विद्यालयस्तरबाट बालबालिकाका कथा, कविता, निबन्ध, चित्रकला लगायतका सिर्जनाहरूलाई सङ्कलन गरी भौतिक पुस्तकका रूपमा 'बाल प्रतिभा स्मारिका' छपाइ गरी प्रकाशन गरेको थियो। यसले बालबालिकामा पठनपाठन र सिर्जनात्मक लेखनप्रति ठूलो उत्साह जगाएको थियो। तर, भौतिक पुस्तकको छपाइ सीमित सङ्ख्यामा हुने र सबैको पहुँचमा पुग्न कठिन हुने भएकाले यसलाई थप परिमार्जन र आधुनिकीकरण गर्नुपर्ने आवश्यकता महसुस गरियो ।

**६.५.२. बहुआयामिक सिर्जना:** समयको माग र बालबालिकाको बदलिँदो रुचिलाई आत्मसात् गर्दै, नगरपालिकाले यस पटक "बाल प्रतिभा स्मारिका २०८३" को नयाँ अभियान सञ्चालन गरेको छ। यस अभियान अन्तर्गत साहित्यिक र कलात्मक सिर्जनाका साथसाथै बालबालिकाका प्राविधिक र डिजिटल क्षमताहरूलाई समेत सङ्कलन गर्ने कार्य भइरहेको छ।

**६.५.३. वेबसाइटमार्फत डिजिटल प्रस्तुति:** विभिन्न विद्यालय र वडास्तरबाट सङ्कलन भई छनोट भएका सम्पूर्ण उत्कृष्ट प्रतिभा तथा सिर्जनाहरूलाई भौतिक पुस्तकमा मात्र सीमित नराखी, देश-विदेशमा रहेका जो-कोहीले पनि सहजै हेर्न र पढ्न मिल्ने गरी डिजिटल रूपमा वेबसाइटमा राखिनेछ।

यस प्रविधिमैत्री कदमले बालबालिकाका प्रतिभाहरूलाई विश्वव्यापी मञ्च प्रदान गर्नेछ । आफ्ना सिर्जनाहरू वेबसाइटमा प्रकाशित हुँदा बालबालिकामा थप आत्मविश्वास बढ्नुका साथै यसले सूचना प्रविधिको सकारात्मक र सिर्जनात्मक प्रयोगतर्फ उनीहरूलाई उत्प्रेरित गर्नेछ ।

## ६.६. नेपाल स्काउट, राष्ट्रिय सेवा दल (NCC) र क्षमता विकास तालिमहरू

बालबालिका तथा किशोर-किशोरीहरूमा अनुशासन, नेतृत्व क्षमता, र समाजसेवाको भावना विकास गर्न सूर्योदय नगरपालिकाले विद्यालयस्तरमा नेपाल स्काउट (Nepal Scout) र राष्ट्रिय सेवा दल (NCC) को अभ्यासलाई उच्च प्राथमिकता दिएको छ। यसका साथै, विद्यार्थीहरूको बहुआयामिक क्षमता विकासका लागि नगरपालिकाले वार्षिक बजेटमै विशेष कार्यक्रमहरू समावेश गरी निरन्तर विभिन्न तालिमहरू सञ्चालन गर्दै आएको छ।

**६.६.१. नेपाल स्काउट र NCC Troops को सक्रियता:** नगरका विभिन्न विद्यालयहरूमा नेपाल स्काउट र NCC का ट्रुपहरू गठन भई सक्रिय रूपमा सञ्चालनमा रहेका छन् । यसमा आबद्ध विद्यार्थीहरूले शारीरिक व्यायाम, कवाज र विपद् व्यवस्थापनका आधारभूत सीपहरू सिक्ने गरेका छन् । नगरद्वारा आयोजना हुने सार्वजनिक कार्यक्रमहरू, मेला-महोत्सव, र आवश्यकता पर्दाको समयमा स्काउट र NCC का विद्यार्थीहरूले स्वयंसेवकका रूपमा उत्कृष्ट भूमिका निर्वाह गर्दै आएका छन् । यस अभ्यासले उनीहरूमा राष्ट्रप्रेम, Teamwork र उत्तरदायित्वको बोध गराएको छ ।

**६.६.२. वार्षिक बजेटमै समावेश गरी सञ्चालित निरन्तर तालिमहरू:** बालबालिका र किशोर-किशोरीहरूलाई किताबी ज्ञानका अतिरिक्त व्यावहारिक सीप प्रदान गर्न नगरपालिकाले नीति तथा कार्यक्रममै व्यवस्था गरी निम्न अनुसारका तालिमहरू निरन्तर रूपमा सञ्चालन गरिरहेको छ:

- **विपद् प्रतिकार्य तालिम:** प्राकृतिक प्रकोप (जस्तै: भूकम्प, पहिरो) वा आगलागी जस्ता विपद्को समयमा आफू बच्न र अरूलाई बचाउन सक्ने पूर्वतयारी, प्राथमिक उपचार र प्रतिकार्य (Disaster Response) सीप प्रदान गरिएको छ।
- **आत्मरक्षा तालिम:** विशेषगरी छात्राहरू र किशोर-किशोरीहरूलाई लक्षित गरी सम्भावित दुर्व्यवहार, हिंसा वा जोखिमपूर्ण अवस्थाबाट बच्न शारीरिक र मानसिक रूपमा तयार गर्न आत्मरक्षा तालिम सञ्चालन गरिएको छ।
- **जीवनोपयोगी तालिम:** किशोरावस्थामा आउने मानसिक र शारीरिक परिवर्तनहरूको व्यवस्थापन, तनाव व्यवस्थापन, संवेग नियन्त्रण, सकारात्मक सोच, र निर्णय गर्ने क्षमता विकासका लागि किशोर-किशोरीहरूलाई जीवनोपयोगी तालिमहरू प्रदान गरिँदै आएको छ।
- **उद्घोषण तथा नेतृत्व विकास तालिम:** बालबालिकामा मञ्चको डर (Stage Fear) हटाउन, वाककला निखार्न र समाजमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम बनाउने उद्देश्यले उद्घोषण (Public Speaking/MC) र नेतृत्व विकासका तालिमहरू वडा तथा विद्यालयस्तरमा सञ्चालन भइरहेका छन्।

स्काउट, NCC को संस्थागत अभ्यास र नगरपालिकाको प्रत्यक्ष लगानीमा सञ्चालित यी क्षमता विकास तालिमहरूले सूर्योदय नगरपालिकाका बालबालिकाहरूलाई केवल विद्यार्थी मात्र नभई अनुशासित, निडर, र सिर्जनात्मक नागरिकका रूपमा रूपान्तरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

## परिच्छेद ७
## स्थानीय नीति, बजेट र संस्थागत समन्वय

### ७.१. बालबालिका सम्बन्धी स्थानीय ऐन, कार्यविधि र निर्देशिकाहरूको कार्यान्वयन अवस्था

बालमैत्री स्थानीय शासन को दिगोपना र बालबालिकाका अधिकारहरूको संस्थागत विकासका लागि बलियो कानुनी र नीतिगत आधारस्तम्भ हुनु अत्यन्त आवश्यक छ। सूर्योदय नगरपालिकाले नेपालको संविधान र सङ्घीय कानुनहरूको अधीनमा रही आफ्नो स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी बालबालिकासम्बन्धी विभिन्न ऐन, कार्यविधि र निर्देशिकाहरू तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएको छ।

#### ७.१.१. स्थानीय ऐन तथा कार्यविधिहरूको निर्माण:

नगरपालिकाले बाल अधिकारका स्तम्भहरूलाई कानुनी रूपमै सुनिश्चित गर्न प्रमुख रूपमा निम्न दस्ताबेजहरू निर्माण गरी लागू गरेको छ:

| क्र.सं. | कानूनहरू | स्वीकृत मिति | विवरण |
|---|---|---|---|
| १ | सूर्योदय नगरपालिकाको बालबालिका सम्बन्धी ऐन, २०७६ | २०७६।११।१३ | नगरभित्र बाल अधिकारको संरक्षण, प्रवर्द्धन, नियमन र संस्थागत व्यवस्था गर्ने प्रमुख छाता कानुनको रूपमा यसलाई लागू गरिएको छ। |
| २ | बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी कार्यविधि, २०७७ | २०७७।१२।०८ | बालबालिकाविरुद्ध हुने सबै प्रकारका हिंसा न्यूनीकरण गर्न र उनीहरूको अधिकारको संरक्षण गर्न यो कार्यविधि लागू गरिएको छ। |
| ३ | अनाथ तथा जोखिमयुक्त बालबालिकाको कार्यविधि, २०७५ | २०७५।०३।२२ | अनाथ, असहाय र सडकमा पुग्न सक्ने जोखिममा रहेका बालबालिकाहरूको पहिचान, उद्धार, र व्यवस्थापनका लागि स्पष्ट मापदण्ड तय गरिएको छ। |
| ४ | बाल बचत खाता सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ | २०७९।०६।०९ | बालबालिकाको उज्ज्वल भविष्य र आर्थिक सुरक्षा सुनिश्चित गर्दै नवजात शिशुहरूका लागि बचत गर्ने बानीको विकास गर्न यो महत्त्वपूर्ण कार्यविधि लागू गरिएको छ। |
| ५ | कक्षा ८ को आधारभूत तह परीक्षा संचालन कार्यविधि, २०७४ | २०७४ | आधारभूत तह (कक्षा ८) को अन्त्यमा लिइने नगरस्तरीय परीक्षालाई मर्यादित, व्यवस्थित र सबै विद्यालयहरूमा एकरूपता कायम गर्न यस कार्यविधिको प्रभावकारी कार्यान्वयन हुँदै आएको छ। |
| ६ | सूर्योदय नगरपालिकाको वृत्ति मार्ग निर्देशन इकाइ व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८१ | २०८१।१२।०१ | माध्यमिक तहमा अध्ययनरत विद्यार्थी र किशोर-किशोरीहरूलाई उनीहरूको रुचि र क्षमताका आधारमा भविष्यको पेसागत छनोट र शैक्षिक मार्गदर्शन (Career Guidance) प्रदान गर्न यो नवीनतम कार्यविधि कार्यान्वयनमा ल्याइएको छ। यसले बालबालिकालाई विद्यालय शिक्षापश्चात् अलमलमा पर्न नदिई सही बाटो देखाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ। |
| ७ | सूर्योदय नगरपालिकाको छोरी बुहारी एवं अन्य छात्रवृत्ति वितरण तथा | २०८१।१२।०१ | महिला सशक्तिकरण र छात्राहरूको उच्च शिक्षामा सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले, विशेषगरी छोरी र बुहारीहरूलाई लक्षित गरी यो नवप्रवर्तनात्मक र |

| क्र.सं. | कानूनहरू | स्वीकृत मिति | विवरण |
|---|---|---|---|
| | व्यवस्थापन निर्देशिका, २०८१ | | समयसान्दर्भिक निर्देशिका भर्खरै जारी गरिएको छ। यसले लैङ्गिक समानता र शिक्षामा Zero Dropout अभियानलाई थप सुनिश्चित गरेको छ। |
| ८ | मेयर शिक्षा सुधार कोष सञ्चालन कार्यविधि २०७९ | २०७९।०५।२८ | सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, भौतिक तथा प्राविधिक पूर्वाधार (जस्तैः विज्ञान र कम्प्युटर प्रयोगशाला) को विकास गर्न र उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई प्रोत्साहन गर्न यो कार्यविधि लागू गरिएको छ। |
| ९ | मदिरा तथा सुर्ति जन्य वस्तु नियन्त्रण र नियमन ऐन, २०८० | २०८०।१०।१५ | विद्यालय क्षेत्र वरपर साथै बालबालिकालाई मदिरा, सुर्तिजन्य वस्तु विक्री तथा वितरण नगर्ने/ नगराउन, विद्यालय, शिक्षक र कर्मचारीहरूलाई समेत उक्त कानून उल्लाङ्घन नगर्ने/ नगराउन साथै बालबालिका तथा किशोर किशोरीहरूलाई कुलत र दुर्व्यसनीबाट जोगाउन |

**७.१.२. संशोधन, अद्यावधिक र कार्यान्वयन:**

सूर्योदय नगरपालिकाको नीतिगत अभ्यासको सबैभन्दा सबल पक्ष भनेको कानुन निर्माण गरेर मात्र नछाडी, समाजको बदलिँदो अवस्था, बालबालिकाका नयाँ आवश्यकता र कार्यान्वयनका क्रममा आइपर्ने व्यावहारिक कठिनाइहरूलाई सम्बोधन गर्न आफ्ना नीति तथा कार्यविधिहरूलाई समयसापेक्ष निरन्तर रूपमा संशोधन र परिमार्जन गर्दै अद्यावधिक गरी अघि बढ्नु हो।

यसले स्थानीय स्तरमा निर्माण गरिएका यी ऐन र कार्यविधिहरू नीतिगत गतिशीलता र बालअधिकारप्रतिको उच्च संवेदनशीलतालाई स्पष्ट पार्दछ। नीतिगतरूपमै नगर तथा वडास्तरमा बाल अधिकार समितिहरूको गठन, बाल कल्याण अधिकारीको व्यवस्था, र लक्षित वर्गका कार्यक्रमहरूका लागि बजेट विनियोजन गर्ने कार्य यिनै कानुनहरूको जगमा टेकेर भइरहेको छ।

समग्रमा, सूर्योदय नगरपालिका बालअधिकारको कानुनी सुशासनमा एक अब्बल स्थानीय तहका रूपमा स्थापित भएको छ।

## ७.२. बालबालिका लक्षित कुल बजेट विनियोजन तुलनात्मक विश्लेषण र उपलब्धी

बालमैत्री स्थानीय शासनलाई दिगो बनाउन बालबालिकाको क्षेत्रमा गरिने लगानी अत्यन्त महत्त्वपूर्ण हुन्छ। सूर्योदय नगरपालिकाले आफ्ना वार्षिक बजेट, नीति तथा कार्यक्रममा बालबालिका, किशोरकिशोरी र उनीहरूको सर्वाङ्गीण विकासका लागि उल्लेख्य बजेट विनियोजन गर्दै आएको छ।

**७.२.१. बालबालिका लक्षित तुलनात्मक बजेट विनियोजन:** आर्थिक वर्ष २०८१/८२ र आर्थिक वर्ष २०८२/८३ को बजेट पुस्तिकामा उल्लेख भएका बालबालिका तथा किशोरकिशोरी लक्षित प्रमुख कार्यक्रम र विनियोजित बजेटको तुलनात्मक विवरण तपसिल बमोजिम प्रस्तुत गरिएको छ।

| सि.नं. | कार्यक्रम / क्रियाकलापको नाम | आ.व. २०८१/८२ को बजेट (रु. हजारमा) | आ.व. २०८२/८३ को बजेट (रु. हजारमा) |
|---|---|---|---|
| १ | शैक्षिक संस्थाहरूलाई सहायता (समग्र विद्यालयतर्फ) | २,७६,७८ | ४,९७,८३ |
| २ | छात्रवृत्ति (गरिब, जेहेन्दार तथा लक्षित वर्ग) | ४७,९१ | ४९,२२ |
| ३ | बालमैत्री स्थानीय शासनयुक्त पालिकाको दिगोपनाका लागि कार्यक्रम | ५,०० | २,०० |

| सि.नं. | कार्यक्रम / क्रियाकलापको नाम | आ.व. २०८१/८२ को बजेट (रु. हजारमा) | आ.व. २०८२/८३ को बजेट (रु. हजारमा) |
|---|---|---|---|
| ४ | वडा बाल सञ्जाल/नगर बाल सञ्जालहरूको द्विमासिक बैठक/नियमन | ३,०० | १,०० |
| ५ | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवस र बालश्रम मुक्त घोषणा उत्सव | ३,०० | २,१० |
| ६ | बालबालिकाको प्रतिभा छपाइ / भित्ते पत्रिका / स्मारिका प्रकाशन | १,५० | १,०० |
| ७ | बाल विवाह न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम | १,०० | १,०० |
| ८ | बाल कोषको स्थापना तथा सञ्चालन | १,०० | १,०० |
| ९ | बाल क्लब/बाल सञ्जालका पदाधिकारीहरूलाई उद्‌घोषण तालिम | - | १,०० |
| १० | किशोर/किशोरीहरूलाई जीवन उपयोगी सीप कार्यक्रम सञ्चालन | - | १,०० |
| ११ | किशोरी सशक्तीकरणका लागि आत्मरक्षा सम्बन्धी तालिम | - | १,०० |
| १२ | साइबर अपराध तथा लागूऔषध दुरुपयोग सम्बन्धी सचेतना कार्यक्रम | - | २,०० |
| १३ | बालश्रम उन्मूलन तथा प्रणाली सुदृढीकरण / बालश्रम अनुगमन | - | ३,०० |
| १४ | माध्यमिक विद्यालयमा बाल विवाह न्यूनीकरणका लागि किशोरी सूचना केन्द्र | - | २,०० |
| १५ | बालबालिकासँग जनप्रतिनिधि कार्यक्रम | - | ५० |
| १६ | बाल क्लबको संरक्षक शिक्षक मनोसामाजिक परामर्श तालिम | १,०० | - |
| १७ | वडास्तरीय बालबालिका लक्षित कार्यक्रम हरू | विनियोजन भएको | विनियोजन भएको |
| | जम्मा | ३४०१९ | ५६५६५ |

*(नोट: माथिको तथ्याङ्कमा पूर्वाधार र अन्य साझा विकासबाहेक प्रत्यक्ष रूपमा किशोरकिशोरीहरू र बालबालिकलाई लक्षित गरिएका कार्यक्रमहरूलाई मात्र समेटिएको छ।)*

**७.२.२. उपलब्धीहरू:** माथि उल्लेखित बजेट विनियोजन र सो बमोजिम सञ्चालित कार्यक्रमहरूबाट सूर्योदय नगरपालिकाले बालबालिकाको क्षेत्रमा निम्न अनुसारका ठोस उपलब्धीहरू हासिल गरेको छ:

**बालमैत्री र बालश्रममुक्त नगरको दिगोपना:** बालमैत्री स्थानीय शासनयुक्त पालिकाको गौरवपूर्ण पहिचानलाई जोगाइराख्न विनियोजित बजेटको प्रभावकारी कार्यान्वयनले नगरलाई पूर्ण रूपमा बालश्रममुक्त बनाइराख्न सफल भएको छ।

**बाल सहभागिता र नेतृत्व विकास:** बाल सञ्जालहरूको नियमित बैठक, उद्‌घोषण तालिम र बालबालिकासँग जनप्रतिनिधि जस्ता कार्यक्रमले बालबालिकाहरूमा नेतृत्व क्षमता विकास हुनुका साथै स्थानीय योजना तर्जुमा प्रक्रियामा उनीहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित भएको छ।

**प्रतिभा प्रस्फुटन:** बाल प्रतिभा स्मारिका र भित्ते पत्रिका प्रकाशनका लागि विनियोजित बजेटले बालबालिकाहरूमा लुकेर रहेका साहित्यिक, कलात्मक र प्राविधिक क्षमताहरूलाई मञ्च प्रदान गरेको छ।

४. **किशोर-किशोरी सशक्तिकरण र संरक्षण:** आत्मरक्षा तालिम र जीवनोपयोगी सीप कार्यक्रमले किशोरीहरूलाई सम्भावित दुर्व्यवहारबाट बच्न सक्षम बनाएको छ। साथै, किशोरी सूचना केन्द्र स्थापनाले बाल विवाह न्यूनीकरणमा ठूलो मद्दत पुऱ्याएको छ।

**साइबर अपराध र दुर्व्यसन न्यूनीकरण:** पछिल्लो समयको मुख्य चुनौतीका रूपमा रहेको साइबर अपराध र लागूऔषध विरुद्धका सचेतना कार्यक्रमले विद्यालय र समुदायस्तरमा विद्यार्थी र अभिभावकहरूलाई सचेत र जिम्मेवार बनाएको छ।

**शैक्षिक पहुँच र निरन्तरता:** Zero Dropout को लक्ष्य हासिल गर्न छात्रवृत्ति र शैक्षिक संस्थाहरूलाई प्रदान गरिएको आर्थिक सहायताले गरिब, जेहेन्दार तथा लक्षित वर्गका बालबालिकालाई विद्यालयमा टिकाइराख्न महत्त्वपूर्ण भूमिका खेलेको छ ।

**बाल कोषको स्थापना:** भविष्यमा विपद् वा जोखिममा पर्न सक्ने बालबालिकाहरूको आपतकालीन सहयोग र उद्धारका लागि बाल कोषको स्थापना भई संस्थागत रूपमा सञ्चालनमा आउनु नगरको अर्को उत्कृष्ट उपलब्धी हो । यसबाट हालसम्म सामुदायिक विद्यालयका कक्षा १-८ का सबै बालबालिकाले लाभ लिएका छन् ।

## ७.३. साझेदार सरकारी, गैर-सरकारी संघसंस्था र सञ्चारमाध्यमहरूबीचको संस्थागत समन्वय

बालमैत्री स्थानीय शासनको सफल कार्यान्वयन, दिगोपना र बालबालिकाको सर्वाङ्गीण विकास स्थानीय सरकारको एकल प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि बहुपक्षीय समन्वय र सहकार्य अपरिहार्य हुन्छ। सूर्योदय नगरपालिकाले यस यथार्थलाई आत्मसात् गर्दै सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संघसंस्था र सञ्चारमाध्यमहरूसँग अत्यन्तै सुदृढ र प्रभावकारी संस्थागत समन्वय कायम गर्दै आएको छ।

### ७.३.१. सरकारी निकायहरूसँगको समन्वय र असल अभ्यासको आदानप्रदान:

- **सङ्घीय र प्रदेश सरकार:** बालबालिकासम्बन्धी नीति निर्माण, स्रोत साधनको बाँडफाँट र राष्ट्रिय दिगो विकासका लक्ष्यहरू हासिल गर्न नगरपालिकाले सङ्घीय सरकार र कोशी प्रदेश सरकारसँग नीतिगत तथा संस्थागत समन्वय निरन्तर गरिरहेको छ ।
- **अन्तर-पालिका समन्वय:** बालमैत्री स्थानीय शासन, शून्य बालश्रम र समग्र सुशासनका सूचकहरूमा सूर्योदय नगरपालिका नेपालकै उत्कृष्ट र चर्चित पालिकामध्ये एक बन्न सफल भएको छ । यस नगरले स्थापित गरेका असल अभ्यास (Best Practices) हरूको अवलोकन र अनुभव आदानप्रदान गर्न देशका विभिन्न भागहरू, जस्तै कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न पालिकाहरूबाट समेत जनप्रतिनिधि तथा कर्मचारीहरूको टोली यहाँ अध्ययन भ्रमणमा आउने गरेका छन् । यस प्रकारको समन्वयले सूर्योदय नगरपालिकाको गौरवलाई राष्ट्रिय स्तरमै उचाइमा पुऱ्याएको छ।

**७.३.२. गैर-सरकारी तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँगको साझेदारी:** संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिको मर्मलाई स्थानीय तहमा प्रभावकारी रूपमा लागू गर्न नगरपालिकाले विभिन्न दातृ निकाय तथा संघसंस्थाहरूसँग हातेमालो गरेको छ:

**बाल संरक्षण र मानव बेचबिखन विरुद्ध:** पशुपतिनगर जस्तो खुल्ला सीमा नाकाका कारण हुन सक्ने जोखिम न्यूनीकरण गर्न मानव अधिकार मञ्च नेपाल, नेपाल प्रहरी, माइती नेपाल, शक्ति समूह, बाल हेल्प लाइन १०९८, र सहयोगी समूह नेपाल जस्ता संस्थाहरूसँगको प्रत्यक्ष समन्वयमा उद्धार, परामर्श र सीमा निगरानीका कार्यहरू भइरहेका छन् ।

**प्राविधिक तथा विकास साझेदारी:** शिक्षा, स्वास्थ्य, पोषण र बालमैत्री पूर्वाधार विकासका क्षेत्रमा USAID, र Helvetas जस्ता अन्तर्राष्ट्रिय निकायहरूको प्राविधिक सहयोग र साझेदारी अत्यन्त महत्त्वपूर्ण रहेको छ ।

**विपद् व्यवस्थापन र स्वयंसेवा परिचालन:** नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल रेडक्रस र नेपाल स्काउट (Scout) सँगको सहकार्यमा विपद् प्रतिकार्य, प्राथमिक उपचार, र समुदायस्तरमा स्वयंसेवक परिचालनका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन भइरहेका छन् ।

**७.३.३. सञ्चारमाध्यमहरूको सक्रिय भूमिका:** बाल अधिकारको प्रवर्द्धन, बालश्रम मुक्त अभियान र बालविवाह विरुद्धको शून्य सहनशीलता नीतिलाई आम नागरिकसम्म पुऱ्याउन अनुसूची-६ का सञ्चारमाध्यमहरूसँग संस्थागत सहकार्य गरिएको छ। सञ्चारमाध्यमहरूले नागरिकहरूमा सचेतना जगाउने मात्र नभई नगरपालिकाका नीति तथा कार्यक्रमहरूको प्रभावकारिताबारे निरन्तर खबरदारी र पैरवी गर्दै बालमैत्री अभियानलाई थप पारदर्शी र जनमुखी बनाउन सहयोग पुऱ्याएका छन्।

# परिच्छेद ८
# निष्कर्ष, चुनौती र सिफारिसहरू

## ८.१. प्रतिवेदनका प्रमुख निष्कर्ष र उपलब्धिहरू

बालमैत्री स्थानीय शासन (CFLG) को सफल कार्यान्वयन गर्दै सूर्योदय नगरपालिकाले बालबालिकाको सर्वाङ्गीण विकास, बाल बचाउ, बाल विकास, बाल संरक्षण र बाल सहभागिताका क्षेत्रमा ऐतिहासिक र दूरगामी महत्त्वका उपलब्धिहरू हासिल गरेको छ। यस स्थितिको समग्र विश्लेषण गर्दा प्रतिवेदनका प्रमुख निष्कर्ष र उपलब्धिहरूलाई निम्न बुँदाहरूमा संक्षेपीकरण गर्न सकिन्छ:

### ८.१.१. सूचकहरूमा सफलता:

नगरपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा भएका सबै सूचहरूलाई सफलतापूर्वक हासिल गरी बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका मिति २०७९ भाद्र २९ गते घोषणा गरेको छ। यसलाई प्रभावकारिता र निरन्तरता दिन पोषणमैत्री नगर र वातावरणमैत्री नगर घोषणा गर्न तत्पर लागिरहेको छ। पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० अनुसार हाल वडा नं. ७ र ९ लाई पोषणमैत्री वडा घोषणा गरिसकिएको छ भने सूर्योदय नगरपालिकाको वातावरणमैत्री स्थानीय शासन सम्बन्धी कार्यविधि, २०८० अनुसार वडा नं. ८ र ९ लाई वातावरणमैत्री वडा घोषणा गरिसकिएको छ। यी घोषणाहरूको दीगोपना र निरन्तरताका लागि सङ्घीय सरकार र प्रदेश सरकारबाट नियमित अनुगमन, निरीक्षण तथा अभिमूखीकरण र दिशानिर्देश भइरहेको छ।

### ८.१.२. बाल सहभागिता र नेतृत्व विकास:

नगर तथा वडास्तरीय योजना तर्जुमा र बजेट निर्माणको पूर्व-छलफल प्रक्रियामा बाल सञ्जाल र क्लबहरूको अनिवार्य तथा अर्थपूर्ण सहभागिता गराउने उत्कृष्ट अभ्यास स्थापित भएको छ। बालबालिकालाई नीतिगत तहको निर्णय प्रक्रियामै समावेश गराइनु एक प्रमुख सकारात्मक निष्कर्ष हो। यसका साथै बहुआयामिक प्रतिभाहरूलाई उजागर गर्दै विभिन्न क्षेत्र (खेलकुद, मनोरञ्जन, कलाकारिता, लेखन, अन्वेषण, आविष्कार, उद्घोषण, आदि) मा उत्तिकै प्रभावशाली हुनु उत्कृष्ट उपलब्धी मानिन्छ।

### ८.१.३. लक्षित सामाजिक सुरक्षा र समावेशी विकास:

दलित, अल्पसङ्ख्यक र अति गरिब परिवारका बालबालिकाहरूका लागि बालपोषण भत्ता, शैक्षिक सामग्री, र नवजात शिशुहरूको उज्ज्वल भविष्यका लागि बाल बचत खाता जस्ता कार्यक्रमहरूले समावेशी विकासको मर्मलाई यथार्थमा परिणत गरेको छ।

### ८.१.४. बलियो बहुपक्षीय समन्वय र अन्तर्राष्ट्रिय सहकार्य:

सङ्घ, प्रदेश, अन्तर स्थानीय तह, विद्यालय, अभिभावक, स्वास्थ्य संस्था, सरकारी एवम् गैर सरकारी संस्था, क्लब, बाल सञ्जाल, आम नागरिकहरू र सरोकारवालाहरूको सहयोग, सहजीकरण र समन्वयमा सूर्योदय नगरपालिका बालअधिकार संरक्षण, प्रवर्द्धन र बालमैत्री सुशासनका दृष्टिकोणले नेपालकै एक अग्रणी र नमुना स्थानीय तहका रूपमा स्थापित भएको छ। मानव बेचबिखन र बाल ओसारपसार जस्ता जोखिमहरूलाई रोक्न सरकारी, गैर-सरकारी संस्था र भारतसँगको Cross-border समन्वयले बाल संरक्षणमा नगरको दायरालाई फराकिलो बनाएको छ। त्यसैले यहाँका बालबालिकाहरू सुरक्षित, संरक्षित र सिर्जनात्मक वातावरणमा हुर्किरहेका छन् भन्ने तथ्यलाई यस प्रतिवेदनले स्पष्ट रूपमा पुष्टि गर्दछ।

## ८.२. विद्यमान मुख्य चुनौतीहरू

सूर्योदय नगरपालिकाले बालमैत्री स्थानीय शासनका सूचकहरूमा ऐतिहासिक सफलता प्राप्त गरे तापनि, वर्तमान सामाजिक, आर्थिक तथा प्राविधिक परिवेशका कारण बालअधिकार संरक्षण र प्रवर्द्धनमा केही नयाँ तथा गम्भीर चुनौतीहरू देखा परेका छन्। नगरका प्रमुख विद्यमान चुनौतीहरू निम्न बमोजिम रहेका छन्:

**८.२.१. उपलब्धिलाई दीगो बनाउने चुनौती:** बालश्रम मुक्त, बालविवाह मुक्त, बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गर्नु जति चुनौतीपूर्ण थियो, त्यो भन्दा ठूलो चुनौती यस उपलब्धिलाई Sustain कायम राख्नु हो। बसाइँसराइ र बढ्दो सहरीकरणका कारण बाह्य क्षेत्रबाट आउन सक्ने सम्भावित बालश्रमिक वा सडक बालबालिकाको व्यवस्थापन

गर्नु प्रशासनिक चुनौती बनेको छ। बालबालिका ओसारपसार, मानव बेचबिखन र असुरक्षित बसाइँसराइको उच्च जोखिम सदैव विद्यमान छ।

८.२.२. **प्रविधि, डिजिटल युग र जोखिम:** प्रविधिको बढ्दो प्रयोग र सामाजिक सञ्जालको प्रभावले प्राय भौगोलिक विकटका किशोर-किशोरीहरूमा प्रेम बसी भागेर विवाह गर्ने प्रवृत्ति छिटपुट रूपमा देखिने गरेको छ। Screen Addiction, साइबर बुलिङ र अनलाइन ठगी वर्तमान समयको ठूलो चुनौती हो। यसका साथै, साथीभाइको सङ्गत वा मानसिक तनावका कारण विशेष गरी किशोरावस्थामा कुलत तथा लागूऔषध दुर्व्यसनतर्फ फस्ने जोखिम बढ्दै गएको छ।

८.२.३. **भौगोलिक विकटता, गरिबी र अभिभावकत्व:** भौगोलिक विकटताका बावजुद करिब ३० मिनेटकै दुरीमा विद्यालय भए तापनि कतिपय स्थानहरूमा जोखिम मोलेर भिर पहरा, खोला, घना जङ्गल हुँदै विद्यालयसम्म पुग्न पैदल यात्रा गर्नुपर्ने हुन्छ। सूर्योदय नगरपालिकाको नगर यातायात गुरुयोजना (MTMP) का अनुसार उक्त स्थानमा पक्की मोटर बाटो पुग्न २५ वर्ष लाग्नेछ। हाल कच्ची मोटर बाटो भए तापनि वर्षातको पानीले बगरमा परिणत गरिदिएको अवस्था छ।

लक्षित सामाजिक सुरक्षा र छात्रवृत्ति कार्यक्रमहरू सञ्चालन भए तापनि अति गरिब परिवारको वैज्ञानिक र यथार्थपरक पहिचान गर्नु निकै चुनौतीपूर्ण छ। वास्तविक विपन्नले सुविधा नपाउने र पहुँचवालाले लिने जोखिमलाई पूर्ण रूपमा नियन्त्रण गर्न उपयुक्त आधार, मापदण्ड र डिजिटल प्रणालीको अभाव छ।

त्यस्तै, बालबालिकाको उज्ज्वल भविष्यका लागि नेपाल सरकार, दातृ निकाय र  सहयोगी समूहको तर्फबाट हर कदम प्रयास गरिए तापनि अशिक्षित र असभ्य अभिभावकत्वका कारण बालबालिकाको उन्नतिमा नकारात्मक प्रभाव पर्ने देखिन्छ।

८.२.४. **मानसिक स्वास्थ्य र मनोसामाजिक समस्या:** बढ्दो शैक्षिक प्रतिस्पर्धा, पारिवारिक विखण्डन, एकल अभिभावकत्व, चरम गरिबी, घरायसी कलहका कारण बालबालिकाहरूमा मानसिक तनाव, एक्लोपन र नैराश्यता जस्ता मनोसामाजिक समस्याहरू बढ्दै गएका छन्। यसै सन्दर्भमा विद्यालय तथा समुदायस्तरमा पर्याप्त Counselors को अभाव देखिन्छ।

८.२.५. **बालअधिकार र साझा अधिकारबीचको अन्तरसम्बन्ध:** "बालमैत्री स्थानीय शासनलाई साँच्चिकै दिगो बनाउने हो भने बालअधिकारका सूचकहरूलाई मात्र हेरेर पुग्दैन, समाजका 'साझा अधिकार' र समग्र पूर्वाधार विकासलाई पनि उत्तिकै महत्त्वका साथ अगाडि बढाउनुपर्छ।सडक, सुरक्षित खानेपानी, विद्युत्, इन्टरनेट, आवास, हरियाली र शान्त पारिवारिक वातावरण जस्ता पूर्वाधारहरू बालबालिकाका लागि मात्र नभई सम्पूर्ण समुदायका साझा अधिकार हुन्। तर यथार्थ के हो भने, यी साझा अधिकारहरू सुनिश्चित नभएसम्म बालअधिकारको पूर्ण प्रत्याभूति हुनै सक्दैन। हामीले विद्यालयलाई जतिसुकै सुविधासम्पन्न र प्रविधिमैत्री बनाए पनि (जस्तै: विद्यालयमा स्मार्ट बोर्ड, ई-हाजिरी, सीसीटिभी, उत्कृष्ट सिकाइ र पोषणमैत्री दिवाखाजाको व्यवस्था) एउटा विद्यार्थीको जीवन विद्यालयमा मात्र सीमित हुँदैन। विद्यालय आउने जाने बाटो पनि बनिनु उत्तिनै महत्व राख्दछ। त्यसैगरी, घरभित्र चरम गरिबी छ, पानी पर्दा चुहिने खरको छानो छ, चुलो बाल्न कहिले चामल त कहिले तेल र सलाई नै सकिने अवस्था छ भने विद्यालयको दिवाखाजाले मात्र उसको पोषण र खुसी फर्काउन सक्दैन। हावाहुरी चल्दा चुँडिने बिजुलीको तार, घरभित्र हुने दैनिक पारिवारिक कलह, र बिहान सबेरै उठेर गाईवस्तुलाई घाँस काटेर, आफैँ खाना पकाएर हतार-हतार विद्यालय पुग्नुपर्ने बाध्यताले विद्यालयको 'स्मार्ट' सुविधालाई गिज्याइरहेको भान हुन्छ। यस्तो अवस्था फिक्कल र कन्यामलाई छोडेर सूर्योदय नगरपालिकाको कुना कन्दरामा विद्यमान हुन नसक्ला भन्न सकिदैन।

त्यसैले, बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालअधिकारका साथसाथै साझा अधिकारलाई पनि उत्तिकै महत्व दिई विकास गरे मात्र बालमैत्री स्थानीय शासनयुक्त नगरलाई दिगोपना मिल्छ।

## ८.३. नवप्रवर्तन र दिगो विकास लक्ष्य (SDG) का क्षेत्रगत अवसरहरू

सूर्योदय नगरपालिकाले बालअधिकार र बालमैत्री स्थानीय शासनलाई संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्य (SDGs) सँग प्रत्यक्ष रूपमा जोडेर अघि बढाउने रणनीति लिएको छ। विशेषगरी लक्ष्य ४ (गुणस्तरीय शिक्षा), लक्ष्य

५ (लैङ्गिक समानता), लक्ष्य ८ (मर्यादित काम र आर्थिक वृद्धि) र लक्ष्य १६ (शान्ति, न्याय र सशक्त संस्था) प्राप्तिका लागि नवप्रवर्तनात्मक अभ्यासहरूलाई संस्थागत गर्ने प्रशस्त अवसरहरू रहेका छन्:

८.३.१. **स्थानीय सुशासनको डिजिटलाइजेसन र अनुगमन प्रणाली:** बालबालिकाको स्थिति, वडागत जन्मदर्ता, छात्रवृत्ति वितरण, र जोखिममा रहेका बालबालिकाको यथार्थ विवरणलाई ट्र्याकिङ गर्न समग्र प्रणालीलाई पूर्ण रूपमा Digitized गर्ने अवसर छ । डिजिटल अनुगमन प्रणाली (Digital Monitoring Framework) र छुट्टै Project Bank निर्माण गरी बालबालिका लक्षित योजनाहरूको नतिजा र विनियोजित बजेटको भौतिक प्रगति प्रत्यक्ष रूपमा हेर्न सकिने प्रणाली विकास गर्नु आगामी नवप्रवर्तनको मुख्य कार्यदिशा हो । यसले सुशासनलाई थप पारदर्शी बनाउनेछ।

८.३.२. **विपद् र जलवायु उत्थानशील (Climate Resilient) बाल विकास:** दिगो विकास लक्ष्य १३ (जलवायु कार्य) लाई सम्बोधन गर्न विद्यालय र बालमैत्री पूर्वाधारहरूलाई जलवायु उत्थानशील (Climate Resilient) बनाउने नीतिलाई योजना तर्जुमा प्रक्रियामै मूलप्रवाहीकरण गर्ने ठूलो अवसर रहेको छ । विपद् जोखिम न्यूनीकरण, हरियाली प्रवर्द्धन र विपद् पूर्वतयारी योजनाहरूमा बालबालिका तथा किशोर-किशोरीहरूलाई नै परिवर्तनका संवाहक का रूपमा परिचालन गर्न सकिन्छ । सन् २०३० सम्म सूर्योदय नगरपालिकालाई Resilient City बनाउन UNDRR सँग साझेदार गरेको छ ।

८.३.३. **लक्षित वर्गमा नवप्रवर्तनात्मक लगानी र उद्यमशीलता:** दिगो विकास लक्ष्य १ (गरिबीको अन्त्य) हासिल गर्न, अति विपन्न, दलित र लोपोन्मुख समुदायका बालबालिकालाई दिइने राहतलाई केवल अनुदानमा मात्र सीमित नराखी नवप्रवर्तनात्मक बनाउनु आवश्यक छ। त्यस्ता बालबालिकाका अभिभावकलाई आधुनिक कृषि, पर्यटन र उद्यमशीलताको क्षेत्रमा सीप सिकाएर आत्मनिर्भर बनाउने 'प्याकेज कार्यक्रम' लागू गर्न सके बालश्रम र बालविवाहको जरो पूर्ण रूपमा उखेलिनेछ।

८.३.४. **बहुपक्षीय साझेदारीको विस्तार:** यी सबै नवप्रवर्तनात्मक कार्यहरू एक्लो प्रयासले मात्र सम्भव नहुने हुँदा, प्रदेश सरकार, सङ्घीय सरकार, दातृ निकाय, गैर-सरकारी संस्था, र निजी क्षेत्रसँगको साझेदारीलाई थप फराकिलो बनाउँदै स्रोत र साधनको अधिकतम सदुपयोग गर्ने अवसर नगरपालिका सामु रहेको छ।

## ८.४. भावी नीति, योजना र बालमैत्री बजेटका लागि ठोस सिफारिसहरू

सूर्योदय नगरपालिकाले बालमैत्री स्थानीय शासनको क्षेत्रमा प्राप्त गरेका ऐतिहासिक उपलब्धिहरूलाई दिगो राख्न र चुनौतीहरूको सामना गर्न आगामी दिनका नीति, योजना र बजेट तर्जुमा प्रक्रियामा देहाय बमोजिमका विषयहरूलाई उच्च प्राथमिकतामा राख्न सिफारिस गरिन्छ:

### ८.४.१. नीतिगत तथा संस्थागत सिफारिसहरू:

१. **डिजिटल अनुगमन र प्रोजेक्ट बैंकको आबद्धता:** आगामी वर्षका योजनाहरू तर्जुमा गरी नगरपालिकाको 'प्रोजेक्ट बैंक' (Project Bank) मा प्रविष्ट गराउँदा 'बालमैत्री सूचकहरूको सम्बोधन' लाई अनिवार्य सर्तका रूपमा लागू गर्ने। वडागत बाल अधिकारका तथ्याङ्कहरूलाई डिजिटल प्रणालीमा अद्यावधिक राख्ने ।

२. **नीतिहरूको कडाइका साथ कार्यान्वयन:** भर्खरै जारी गरिएका 'छोरी-बुहारी छात्रवृत्ति निर्देशिका, २०८१' र 'वृत्ति मार्ग निर्देशन कार्यविधि, २०८१' लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक कार्ययोजना निर्माण गर्ने।

३. **साइबर सुरक्षा नीति:** सामाजिक सञ्जालको बढ्दो प्रभाव र प्रविधिको जोखिमलाई मध्यनजर गर्दै बालबालिका लक्षित 'डिजिटल साक्षरता तथा साइबर सुरक्षा नीति' तर्जुमा गरी विद्यालयको सिकाइ प्रणालीसँग जोड्ने।

### ८.४.२. योजना तथा कार्यक्रमगत सिफारिसहरू:

१. **मनोसामाजिक परामर्शको विस्तार:** बालबालिका र किशोर-किशोरीहरूमा बढ्दै गएको मानसिक तनाव र दुर्व्यसनको जोखिमलाई न्यूनीकरण गर्न माध्यमिक तहका विद्यालयहरूमा 'विद्यालय नर्स' मार्फत वा छुट्टै विशेषज्ञमार्फत नियमित 'मनोसामाजिक परामर्श' (Psychosocial Counseling) सञ्चालन गर्ने योजनालाई विस्तार गर्ने।

२. **डिजिटल प्रतिभा प्रवर्द्धनलाई निरन्तरता:** यस वर्ष सुरु गरिएको 'बाल प्रतिभा स्मारिका २०८३' को डिजिटल रूपान्तरण अभियानलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिने र यसमा प्रविधि (Tech) र नवप्रवर्तन (Innovation) का क्षेत्रमा उत्कृष्ट क्षमता देखाउने बालबालिकाहरूलाई विशेष पुरस्कृत गर्ने कार्यक्रम राख्ने।

३. **क्रस-बोर्डर समन्वय संयन्त्रको सुदृढीकरण:** पशुपतिनगर सीमा नाकामा मानव बेचबिखन नियन्त्रण गर्न सरोकारवाला संघसंस्थाहरूसँगको समन्वयमा स्थापित सहायता कक्षलाई बाह्रै महिना सक्रिय राख्न विशेष संयुक्त कार्ययोजना सञ्चालन गर्ने।

**८.४.३. बालमैत्री बजेट विनियोजनका लागि सिफारिसहरू:**

१. **सफ्टवेयर कार्यक्रममा बजेट वृद्धि:** पूर्वाधार विकासमा मात्र सीमित नभई बालबालिकाको क्षमता विकास, सचेतना, र बाल क्लबहरूको परिचालन जस्ता कार्यक्रमहरूमा कुल पुँजीगत बजेटको निश्चित प्रतिशत अनिवार्य विनियोजन गर्ने अभ्यासलाई निरन्तरता दिने ।

२. **बाल कल्याण आपत्कालीन कोषको सुनिश्चितता:** अनाथ, असहाय र सडकमा पुग्न सक्ने जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, राहत र पारिवारिक पुनर्मिलनका लागि नगरपालिका स्तरमा एक छुट्टै **'बाल कल्याण आपत्कालीन कोष'** खडा गरी वार्षिक बजेटमार्फत सो कोषमा रकम जम्मा गर्ने व्यवस्था मिलाउने।

३. **लक्षित वर्गमा सोझै लगानी:** बाल बचत खाता, मेयर शिक्षा सुधार कोष र दलित/अल्पसङ्ख्यक छात्रवृत्ति जस्ता प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरूका लागि स्रोतको सुनिश्चितता गरी बजेट विनियोजनमा कहिल्यै कटौती हुन नदिने।

## परिच्छेद ९
## अनुसूचीहरू

### अनुसूची १
### तथ्याङ्क सङ्कलनका लागि प्रयोग गरिएका प्रश्नावलीहरू

बालबालिकाहरूको स्थिति प्रतिवेदन - २०८३ निर्माणका लागि यथार्थ तथ्याङ्क सङ्कलन गर्न बालमैत्री स्थानीय शासनका सूचकहरूमा आधारित तपसिलका प्रश्नावलीहरूको सूची रहेका छन्।

#### खण्ड १: जनसाङ्ख्यिक तथा पञ्जीकरण

१. वडाको कुल जनसङ्ख्या कति छ?
२. १८ वर्ष मुनिका बालबालिकाको कुल जनसङ्ख्या कति छ? (बालक र बालिका छुट्टाएर)
३. ५ वर्ष मुनिका बालबालिकाको जनसङ्ख्या कति छ?
४. गत आर्थिक वर्षमा वडामा जन्मिएका कुल बालबालिकाको सङ्ख्या कति छ?
५. जन्मिएकामध्ये ३५ दिनभित्र जन्मदर्ता भएका बालबालिकाको सङ्ख्या कति छ?
६. ३५ दिनपछि तर एक वर्षभित्र जन्मदर्ता भएका बालबालिकाको सङ्ख्या कति छ?
७. वडाभित्र अपाङ्गता परिचयपत्र प्राप्त गरेका बालबालिकाको सङ्ख्या कति छ? (क, ख, ग र घ)
८. दलित तथा लोपोन्मुख समुदायका १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या कति छ?

#### खण्ड २: शिक्षा तथा प्रारम्भिक बाल विकास

९. वडाभित्र सञ्चालित कुल बाल विकास केन्द्रको सङ्ख्या कति छ? (सामुदायिक र संस्थागत)
१०. बाल विकास केन्द्रहरूमा भर्ना भएका कुल बालबालिकाको सङ्ख्या कति छ?
११. बाल विकास केन्द्रको अनुभव प्राप्त गरी कक्षा १ मा भर्ना भएका बालबालिकाको प्रतिशत कति छ?
१२. आधारभूत तह (कक्षा १-८) मा अध्ययनरत बालबालिकाको खुद भर्ना दर कति छ?
१३. माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत बालबालिकाको खुद भर्ना दर कति छ?
१४. विद्यालय जाने उमेरका तर विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या कति छ?
१५. गत शैक्षिक सत्रको बीचमै पढाइ छोड्ने विद्यार्थीहरूको सङ्ख्या कति छ?
१६. विद्यार्थीहरूले बीचमै पढाइ छोड्नुका मुख्य ३ कारणहरू के-के हुन्?
१७. विद्यालय दिवा खाजा कार्यक्रम लागू भएका सामुदायिक विद्यालयको सङ्ख्या र लाभान्वित विद्यार्थी सङ्ख्या कति छ?
१८. अपाङ्गता-मैत्री भौतिक संरचना भएका विद्यालयहरूको सङ्ख्या कति छ?
१९. छात्र र छात्राका लागि छुट्टाछुट्टै, सफा र सुरक्षित शौचालय भएका विद्यालयहरूको सङ्ख्या कति छ?
२०. महिनावारी स्वच्छता व्यवस्थापन सुविधा भएका माध्यमिक विद्यालयहरूको सङ्ख्या कति छ?
२१. प्रविधिमैत्री सिकाइ सुविधा भएका विद्यालयहरूको सङ्ख्या कति छ?

#### खण्ड ३: स्वास्थ्य, पोषण र सरसफाइ

२२. राष्ट्रिय खोप तालिका अनुसार पूर्ण खोप प्राप्त गरेका १५ महिना मुनिका बालबालिकाको प्रतिशत कति छ?
२३. वडा पूर्ण खोप सुनिश्चितता घोषणा भएको छ/छैन? (छैन भने कारण के हो?)
२४. वृद्धि अनुगमन गरिएका ५ वर्ष मुनिका बालबालिकाको सङ्ख्या कति छ?
२५. स्वास्थ्य संस्थामा पहिचान भएका मध्यम कुपोषित (MAM) बालबालिकाको सङ्ख्या कति छ?
२६. स्वास्थ्य संस्थामा पहिचान भएका कडा कुपोषित (SAM) बालबालिकाको सङ्ख्या कति छ?
२७. कुपोषित बालबालिकाको उपचारका लागि स्थापित OTC बाट सेवा लिनेको सङ्ख्या कति छ?

२८. भिटामिन 'ए' र जुकाको औषधि खुवाइएका लक्षित बालबालिकाको प्रतिशत कति छ?
२९. किशोर-किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा (ASRH Clinic) सञ्चालन भएका स्वास्थ्य संस्थाको सङ्ख्या कति छ?
३०. गत वर्ष ASRH सेवा लिने किशोर-किशोरीहरूको सङ्ख्या कति छ?
३१. मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा लिएका बालबालिका/किशोर-किशोरीको सङ्ख्या कति छ?
३२. सुरक्षित पिउने पानीको पहुँच भएका विद्यालय र बाल विकास केन्द्रहरूको सङ्ख्या कति छ?

## खण्ड ४: बाल संरक्षण र सामाजिक सुरक्षा

३३. वडाभित्र पहिचान भएका अनाथ (आमाबाबु दुवै नभएका) बालबालिकाको सङ्ख्या कति छ?
३४. एकल अभिभावक (आमा वा बाबु मात्र) को संरक्षणमा रहेका बालबालिकाको सङ्ख्या कति छ?
३५. सडक बालबालिकाको सङ्ख्या वा सडकबाट उद्धार गरिएका बालबालिकाको सङ्ख्या कति छ?
३६. गत आ.व. मा जानकारीमा आएका वा उद्धार गरिएका बालश्रमिकहरूको सङ्ख्या कति छ?
३७. गत वर्ष रोकथाम गरिएका वा जानकारीमा आएका बालविवाहका घटनाहरूको सङ्ख्या कति छ?
३८. बालबालिकामाथि हुने सबै प्रकारका हिंसासम्बन्धी दर्ता भएका उजुरीको सङ्ख्या कति छ?
३९. साइबर अपराध वा अनलाइन दुर्व्यवहारमा परेका बालबालिकाको उजुरी सङ्ख्या कति छ?
४०. हिंसापीडित बालबालिकालाई राखिने अस्थायी संरक्षण गृहबाट सेवा लिएका बालबालिकाको सङ्ख्या कति छ?
४१. दलित बालपोषण भत्ता प्राप्त गरिरहेका ५ वर्ष मुनिका बालबालिकाको सङ्ख्या कति छ?
४२. लोपोन्मुख समुदायका बालपोषण भत्ता प्राप्त गरिरहेका बालबालिकाको सङ्ख्या कति छ?

## खण्ड ५: बाल सहभागिता र सशक्तीकरण

४३. वडाभित्र गठन भएका विद्यालयस्तरीय र टोल/समुदायस्तरीय बाल क्लबहरूको कुल सङ्ख्या कति छ?
४४. वडास्तरीय बाल सञ्जाल गठन भई नियमित बैठक बस्ने गरेको छ वा छैन?
४५. बस्ती/टोल स्तरको योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष सहभागी बालबालिकाको सङ्ख्या कति छ?
४६. वडाको बजेटमा बाल क्लबहरूले माग गरेका योजनाहरू समावेश भए/नभएको अवस्था के छ?
४७. बाल क्लबहरूले गत वर्ष सञ्चालन गरेका प्रमुख ३ वटा सचेतनामूलक वा सिर्जनात्मक कार्यक्रमहरू के-के हुन्?
४८. खेलकुद गतिविधिमा सहभागी बालबालिकाको सङ्ख्या कति छ?

## खण्ड ६: नीति, बजेट तथा संस्थागत व्यवस्था

४९. चालु आर्थिक वर्षमा वडाले बालबालिका लक्षित कार्यक्रमका लागि विनियोजन गरेको कुल बजेट कति छ?
५०. वडा बाल अधिकार समितिको गठन भई नियमित कार्य गरिरहेको छ वा छैन?
५१. बालमैत्री स्थानीय शासनका ५४ वटा सूचकहरूको निरन्तरता तथा दिगोपनाको अद्यावधिक स्थिति कस्तो छ?

## अनुसूची २

सूर्योदय नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयहरूको सूची

### क. सामुदायिक विद्यालय

| S.N. | Ward No. | School Name | Head Teacher Name | Contact |
|---|---|---|---|---|
| 1 | 1 | Bhagawati Basic School | Nir Bhadur Katuwal | 9814044425 |
| 2 | 1 | Chandra Kala Basic School | Bhim Bdr. Limbu | 9816010426 |
| 3 | 1 | Durga Bhawani Basic School | Tara kumari Subedi | 9844613838 |
| 4 | 1 | Himalaya Secondary school | Kul Bahadur Imsang | 9844651021 |
| 5 | 1 | Mahendrodaya Basic School | Ashok Tamang | 9863626005 |
| 6 | 1 | Siddhadevi Basic School | Rita subba | 9824028771 |
| 7 | 1 | Singha Devi Secondary School | Mahadev Bhatta | 9842501654 |
| 8 | 2 | Bouddhadham Secondary School | Kiran Moktan | 9852650188 |
| 9 | 2 | Mahendra Basic School | Sharan Kumar Moktan | 9762626358 |
| 10 | 2 | Sarwajanik Basic School | Sher Bahadur Tamang | 9842765214 |
| 11 | 3 | Bhim Jyoti Basic School | Keshar lal Tamang | 9842670732 |
| 12 | 3 | Laxmi Rastriya Basic School. | Nilam Moktan (Tamang) | 9842636797 |
| 13 | 3 | Ratna Sudhar Elementary school | Yadunath Dulal | 9842627285 |
| 14 | 3 | Siddheshwor Sanskrit Gurukul Pathsala | Mukunda Subedi | 9842014865 |
| 15 | 3 | Urgen Chholing Gumba Pathshala | Laden Yolmo | 9842949644 |
| 16 | 4 | Anshubarma Basic School | Damanta Rai | 9843467725 |
| 17 | 4 | Janak Secondary School | Benu Bhakta Khanal | 9852627539 |
| 18 | 4 | Kanchanjungha Basic School | Karna Kumari Dhakal | 9842715797 |
| 19 | 4 | Mechi Secondary School | Rajani Songdel | 9869235499 |
| 20 | 4 | Rastriya Basic School | Santosh Acharya | 9844623910 |
| 21 | 5 | Bauddha Basic School | Sabina Sinjali Magar | 9764484765 |
| 22 | 5 | Bhanu Bhakta Basic school | Ganesh Pradhan | 9869383615 |
| 23 | 5 | Gorakh Basic School | Chetan Subedi | 9842636571 |
| 24 | 5 | Namuna Bal Mandir Basic School | Punya Shila Sharma | 9842653576 |
| 25 | 5 | Samalbung Secondary School | Ramesh Poudel | 9843942363 |
| 26 | 5 | Saraswati Basic School | Manita Tamang | 9845298591 |
| 27 | 5 | Shanti Dhara Basic School | Hem Kumar chhetri | 9848593804 |
| 28 | 6 | Bal Bikash Basic School | Budhiman Rai | 9843893835 |
| 29 | 6 | Saraswati Niwas Basic School | Gopal Prakash Bista | 9863308421 |
| 30 | 7 | Bhagyodaya Basic School | Tejraj Acharya | 9842647100 |
| 31 | 7 | Krishnashram Secondary School | Kapil Muni Gartoula | 9842729088 |
| 32 | 7 | Nawa Jyoti Basic School | Jyoti Neupane | 9842728615 |
| 33 | 7 | Padma Basic School | Arjun Bantawa | 9842725447 |
| 34 | 8 | Adarsha Basic School | Sabitri Devi Rai | 9744335603 |
| 35 | 8 | Malum Basic School | Nirmala Adhikari | 9860429113 |
| 36 | 8 | Siddha Basic School | Uma Devi Poudel | 9862633886 |
| 37 | 9 | Bishnu Jyoti Basic School | Sangita Ghimire | 9745269923 |
| 38 | 9 | Budanilkantha Basic School | Gita Kumar Dhungana | 9842786140 |
| 39 | 9 | Diyalo Basic School | Abindra Lama | 9744336905 |
| 40 | 9 | Rastriya Basic School | Chuda Devi Poudel | 9842652233 |
| 41 | 10 | Adarsha Basic School | Jitmaya Rai | 9862645917 |
| 42 | 10 | Fikkal Secondary School | Rajen Shrestha | 9849137642 |
| 43 | 10 | Krishna Basic School | Roshani Sharma | 9842725096 |
| 44 | 10 | Rastriya Basic School | Sirjana Neupane | 9842635046 |
| 45 | 11 | Bhawani Basic School | Mina Gurung | 9844625746 |
| 46 | 11 | Birendra Secondary School | Lekh Raj Bhattarai | 9841692198 |

| S.N. | Ward No. | School Name | Head Teacher Name | Contact |
|---|---|---|---|---|
| 47 | 11 | Kerabari Basic School | Sitadevi Rai | 9861664973 |
| 48 | 11 | Krishna Basic School | Rina Rai | 9869013211 |
| 49 | 11 | Punya Smarika Basic School | Dilli Ram Poudel | 9842778450 |
| 50 | 12 | Amlishe Basic School | Indira Kafly | 9842715454 |
| 51 | 12 | Ganeshwori Secondary School | Chandra Shekhar Timsina | 9842695089 |
| 52 | 12 | Karfok Vidya Mandir Secondary School | Ganesh Prasad Acharya | 9852681934 |
| 53 | 12 | Panchakanya Basic school | Nirmala Bhattarai | 9860266022 |
| 54 | 13 | Balkalyan Basic School | Jagat Bahadur Rai | 9842646438 |
| 55 | 13 | Gyanodaya Basic School | Roshan Kepchhaki Magar | 9767139277 |
| 56 | 13 | Jyoti Secondary School | Thabiraj Pariyar | 9842646720 |
| 57 | 14 | Balkalyan Basic School | Anu Rai | 9814981154 |
| 58 | 14 | Buddha Secondary School | Narendra Baral | 9862748379 |
| 59 | 14 | Jimikhand Basic School | Bashu Dev Poudel | 9842765984 |
| 60 | 14 | Saraswati secondary school | Bhim Kumar Limbu | 9842695281 |
| 61 | 14 | Sharada Basic School | Buddha Raj Thapa | 9842635792 |

## ख. संस्थागत विद्यालय

| S.N. | Ward No. | School Name | Head Teacher Name | Contact |
|---|---|---|---|---|
| 1 | 1 | Maiumai English School | Sabita Subba | 9841285245 |
| 2 | 1 | Step In Education Foundation | Sarita Rai | 9848270926 |
| 3 | 2 | Pashupati National Academy | Rigen Rai | 9842647449 |
| 4 | 2 | Rose Valley Academy | Manita Mukhiya | 9848817454 |
| 5 | 2 | Susumna English School | Dillisor Limbu | 9803167128 |
| 6 | 2 | Siddhartha Pre Primary School | | |
| 7 | 3 | East Point English School | Lakel Lama | 9852540240 |
| 8 | 3 | Narbada Kalyan Bording School | Safal Rai | 9862697117 |
| 9 | 4 | Antu Academy | Tek Bahadur Thapa Pulami | 9814981144 |
| 10 | 4 | Bhagyodaya English school | Kushal Rai | 9816968814 |
| 11 | 5 | Golden Heaven Academy | Chandra Prakash Limbu | 9842210128 |
| 12 | 5 | Vidhya Mandir Boarding School | Chattra Bahadur Limbu | 9869631286 |
| 13 | 6 | Carnation Pre-Primary School | Gita Tamang | 9862667245 |
| 14 | 7 | Golden Future Garden English school | Rhidai Chamling Rai | 9765481958 |
| 15 | 8 | Ilam Tea Garden English School | Tejendra Tamang | 984701253 |
| 16 | 9 | Balaguru Gyan Bigyan Shikshya Sadan | Tapan Tamang | 9815094755 |
| 17 | 9 | Harrowhall Academy | Dikki Lamhu Gurung | 9804911790 |
| 18 | 9 | Holy Angel English School | Sakila Rai | 9804909535 |
| 19 | 9 | Ilam Glorious English Boarding School | Khinna kumari rai | 9848593909 |
| 20 | 9 | New World English School | Ragun Gurung | 9852635715 |
| 21 | 10 | Chandrodaya Academy | Lok Bahadur Rai | 9842728727 |
| 22 | 10 | Everland International Academy | Saujanya Bhaktaraj | 9852642202 |
| 23 | 10 | Ilam Sai Jyoti English School | Sabin Kumar Shrestha | 9852652761 |
| 24 | 10 | Morden English Bording School | Dinesh Ghishing | 9863061404 |
| 25 | 10 | Panchakanya English Boarding School | Yadab Prasad Adhikari | 9841449125 |
| 26 | 10 | Sunrise English secondary School | Bandana Rai Thapa | 9862631313 |
| 27 | 11 | St. Augustine Academic Foundation | joseph Shanker | 9863983951 |
| 28 | 11 | Peaceland National Academy | | |
| 29 | 12 | Ilam Snow View English School | Sebanta Neupane | 9842776169 |
| 30 | 12 | Merigold English school | Mina Shrestha | 9844613964 |
| 31 | 14 | Arunodaya Secondary Boarding School | Meghanath Adhikari | 9745465241 |

## अनुसूची ३

नगर बाल सञ्जाल र बाल क्लबहरू

| क्र.सं. | बालक्लब तथा बाल सञ्जालहरूको नाम | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| १ | सूर्यदय नगर बाल सञ्जाल | निर्मल गुरुङ्ग | |
| २ | Little Angles children Club | Sarthak Rai | 9816911580 |
| ३ | सृजनशील बाल क्लब, सू.न.पा. १ | समीक्षा खड्का | 9840655222 |
| ४ | सिद्धदेवी आधारभूत विद्यालय, सू.न.पा. १ | इस्मा लिम्बु | |
| ५ | चन्द्रकला आधारभूत विद्यालय, सू.न.पा. १ | समीर वि.क. | 9816993565 |
| ६ | नमुना बाल क्लब, सू.न.पा. १ | सुसान्त खड्का | |
| ७ | महेन्द्रोदय बाल क्लब, सू.न.पा. १ | नर्भु शेर्पा | |
| ८ | दुर्गाभवानी आधारभूत विद्यालय, सू.न.पा. १ | रिदम महत | 9862766321 |
| ९ | हिमालय बाल क्लब, सू.न.पा. १ | लीला कुमारी फुयल | 9811085413 |
| १० | भगवति आधारभूत विद्यालय, सू.न.पा. १ | आयुष आचार्य | |
| ११ | सुनौलो प्रगति बाल क्लब, सू.न.पा. २ | प्रतिक्षा राई | 9826927701 |
| १२ | डायमण्ड बाल क्लब, सू.न.पा. २ | आसा तामाङ्ग | |
| १३ | अन्तु एकेडेमी, सू.न.पा. ४ | | |
| १४ | जनक माध्यमिक विद्यालय, सू.न.पा. ४ | | |
| १५ | गोरख आधारभूत विद्यालय, सू.न.पा. ५ | | |
| १६ | सरस्वती प्राथमिक विद्यालय, सू.न.पा. ५ | | |
| १७ | समालबुङ माध्यमिक विद्यालय, सू.न.पा. ५ | | |
| १८ | भानुभक्त आधारभूत विद्यालय, सू.न.पा. ५ | | |
| १९ | सरस्वती निवास आधारभूत विद्यालय, सू.न.पा. ६ | | |
| २० | पञ्चकन्या आधारभूत विद्यालय, सू.न.पा. ६ | | |
| २१ | भाग्योदय आधारभूत विद्यालय, सू.न.पा. ७ | | |
| २२ | गोल्डेन फ्यूचर गार्डेन इङ्गलिस स्कुल, सू.न.पा. ७ | | |
| २३ | पद्मा आधारभूत विद्यालय, सू.न.पा. ७ | | |
| २४ | कृष्णाश्रम माध्यमिक विद्यालय, सू.न.पा. ७ | | |
| २५ | नवज्योती आधारभूत विद्यालय, सू.न.पा. ७ | | |
| २६ | नमूना बाल क्लब, सू.न.पा. ८ | किस्मत भारति | |
| २७ | हेरोवहल एकेडेमि, सू.न.पा. ९ | | |
| २८ | पालुवा बाल क्लब, वडा नं. १० | | |
| २९ | पुण्य स्मारिका आ.वि. बालक्लब, सू.न.पा. ११ | सुसेस्मा राई | 9842778450 |
| ३० | बीरेन्द्र मा.वि. बालक्लब, सू.न.पा. ११ | रेखा लोहार | 9841692198 |
| ३१ | सृजना बाल क्लब, सू.न.पा. ११ | आयुस राई | 9869013211 |
| ३२ | भवानी आ.वि. बाल क्लब, सू.न.पा. ११ | निकित राई | 9844625746 |
| ३३ | केराबारी आ.वि. बाल क्लब, सू.न.पा. ११ | प्रतिक राई | 9848292066 |
| ३४ | वडा स्तरीय बाल क्लब, सू.न.पा. ११ | गौरब राई | 9842748700 |
| ३५ | करफोक विद्या मन्दिर मा.वि., सू.न.पा. १२ | | |
| ३६ | पञ्चकन्या आधारभूत विद्यालय, सू.न.पा. १२ | | |
| ३७ | गणेश्वरी माध्यमिक विद्यालय, सू.न.पा. १२ | | |

| क्र.सं. | बालक्लब तथा बाल सञ्जालहरूको नाम | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| ३८ | इलाम स्नो भ्यू स्कुल, सू.न.पा. १२ | | |
| ३९ | सुनखरी बाल क्लब, सू.न.पा. १३ | प्रवल राई | 9844219860 |
| ४० | ज्योति आदर्श बाल क्लब, सू.न.पा. १३ | आयुसा आचार्य | 9817944186 |
| ४१ | सरस्वति माध्यमिक विद्यालय, सू.न.पा. १४ | सिशम मगर | |
| ४२ | शारदा प्राथमिक विद्यालय, सू.न.पा. १४ | दिक्षा पुलामी | |
| ४३ | बुद्ध माध्यमिक विद्यालय, सू.न.पा. १४ | निशान कुमार मगर | |
| ४४ | कटुसे नमुना इङ्गलिस स्कुल, सू.न.पा. १४ | किशोर पौडेल | |

## **अनुसूची ४**

नगर शिक्षा समिति

सूर्योदय नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७६ को दफा १० बमोजिम नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरूको रेखदेख, समन्वय र व्यवस्थापन गर्न गठित नगर शिक्षा समिति देहाय बमोजिम रहेको छ।

**देहाय**

| | |
|---|---|
| कार्यबाहक नगर प्रमुख श्री दुर्गा कुमार बराल | - अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत श्री विज्ञान कोइराला | - सदस्य |
| सामाजिक विकास समितिका संयोजक श्री डिक बहादुर बम्जन | - सदस्य |
| नगरसभा सदस्य श्री चन्द्रकला मैनाली | - सदस्य |
| नगरसभा सदस्य श्री पुण्य प्रसाद पोख्रेल | - सदस्य |
| श्री लेखनाथ खड्का | - सदस्य |
| श्री शान्ती राई (खवास) | - सदस्य |
| श्री सीताराम रेग्मी | - सदस्य |
| प्याब्सन नगर कमिटि अध्यक्ष श्री लाक्याल लामा | - सदस्य |
| श्री बेनुभक्त खनाल | - सदस्य |
| श्री देवकुमार दाहाल | - सदस्य |
| प्रधानाध्यापक श्री सफल राई | - सदस्य |
| शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख श्री योगनिधि भट्टराई | - सदस्य सचिव |

## अनुसूची ५
## सूर्योदय नगरपालिकाको नगर सभाका सदस्यहरू

| क्र.सं. | वडा नं. | पद | नाम थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|---|
| १ | | अध्यक्ष | दुर्गा कुमार बराल | 9852642002 | deputy.mayor10@gmail.com |
| २ | १ | नगर सभा सदस्य | राज कुमार लिम्बु | 9852644551 | serengraj429@gmail.com |
| ३ | | नगर सभा सदस्य | मुन्ना कुमारी राई | 9846907824 | |
| ४ | | नगर सभा सदस्य | चन्द्र कला विश्वकर्मा | 9806092897 | abhijeetdiyali@gmail.com |
| ५ | | नगर सभा सदस्य | डिक बहादुर मगर | 9763348373 | |
| ६ | | नगर सभा सदस्य | रोशन बुढाथोकी | 9842635785 | |
| ७ | २ | नगर सभा सदस्य | डिक बहादुर बम्जन | 9842666415 | dikbomzan@gmail.com |
| ८ | | नगर सभा सदस्य | चन्द्रकला खत्री | 9749479004 | |
| ९ | | नगर सभा सदस्य | उपेन्द्रराज पाण्डे | 9842717519 | |
| १० | | नगर सभा सदस्य | गणेश कुमार खड्का | 9816976142 | |
| ११ | ३ | नगर सभा सदस्य | लोक बहादुर प्रधान | 9852649114 | |
| १२ | | नगर सभा सदस्य | अरुण शर्मा आचार्य | 9842749036 | |
| १३ | | नगर सभा सदस्य | रुद्र बहादुर गुरुङ्ग | 9824076624 | |
| १४ | ४ | नगर सभा सदस्य | शरण राई | 9862631172 | saranrai040@gmail.com |
| १५ | | नगर सभा सदस्य | पुण्य प्रसाद पोखरेल | 9841653531 | |
| १६ | | नगर सभा सदस्य | जीवन कान्त न्यौपाने | 9852674554 | |
| १७ | ५ | नगर सभा सदस्य | उर्गेन बम्जन | 9852626452 | urgenbomzan13@gmail.com |
| १८ | | नगर सभा सदस्य | कविता दियाली | 9866549883 | |
| १९ | | नगर सभा सदस्य | हिलालचन्द्र लिम्बु | 9762686451 | |
| २० | | नगर सभा सदस्य | आकाश लेप्चा | 9864182159 | |
| २१ | ६ | नगर सभा सदस्य | शिव कुमार बस्नेत | 9852642123 | shivakumarbasnet99@gmail.com |
| २२ | | नगर सभा सदस्य | चन्द्रकला मैनाली | 9863707300 | |
| २३ | | नगर सभा सदस्य | रुपा विश्वकर्मा | 9815942008 | |
| २४ | | नगर सभा सदस्य | जगतबहादुर तामाङ्ग | 9842645734 | |
| २५ | | नगर सभा सदस्य | प्रेमलाल ग्यावक | 9842765030 | |
| २६ | ७ | नगर सभा सदस्य | लोक बहादुर राई | 9842724870 | chamlinglb2030@gmail.com |
| २७ | | नगर सभा सदस्य | ख्याम कुमारी घले | 9848291847 | |
| २८ | | नगर सभा सदस्य | शर्मिला विश्वकर्मा | 9815041517 | |
| २९ | | नगर सभा सदस्य | गजे घले | 9842728189 | |
| ३० | | नगर सभा सदस्य | श्यामकृष्ण कटुवाल | 9842744673 | |
| ३१ | ८ | नगर सभा सदस्य | जंग बहादुर गुरुङ्ग | 9742277728 | gurungjanga1972@gmail.com |
| ३२ | | नगर सभा सदस्य | दिर्घमाया नेपाल | 9842726392 | |
| ३३ | | नगर सभा सदस्य | पदम बहादुर गिरी | 9842628296 | |
| ३४ | | नगर सभा सदस्य | कमल प्रसाद गड्तौला | 9842728704 | |
| ३५ | ९ | नगर सभा सदस्य | देवेन्द्र शर्मा | 9852680928 | debendrasharma201@gmail.com |
| ३६ | | नगर सभा सदस्य | शुकु योल्मु | 9842748735 | |
| ३७ | | नगर सभा सदस्य | हीरा महरा दर्जी | 9845223259 | |
| ३८ | | नगर सभा सदस्य | विमल राई साम्पाङ्ग | 9844235729 | |
| ३९ | | नगर सभा सदस्य | मणीराज राई | 9864391883 | |
| ४० | १० | नगर सभा सदस्य | पेमा उगेन लामा | 9842627913 | pemaugyen2013@gmail.com |

| क्र.सं. | वडा नं. | पद | नाम थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|---|
| ४१ | | नगर सभा सदस्य | धनकुमारी कार्की | 9842728613 | |
| ४२ | | नगर सभा सदस्य | शरु गदाल | 9824993350 | |
| ४३ | | नगर सभा सदस्य | पदम बहादुर राई | 9844623809 | |
| ४४ | | नगर सभा सदस्य | विनोद कुमार श्रेष्ठ | 9842636628 | |
| ४५ | ११ | नगर सभा सदस्य | सन्तोष राई | 9862607107 | |
| ४६ | | नगर सभा सदस्य | हरिमाया दर्जी | 9848292037 | |
| ४७ | | नगर सभा सदस्य | उर्मिला राई | 9863681979 | |
| ४८ | | नगर सभा सदस्य | पूर्ण बहादुर राई | 9848292806 | |
| ४९ | १२ | नगर सभा सदस्य | डोलेन्द्र भारद्वाज | 9844631933 | |
| ५० | | नगर सभा सदस्य | इन्द्रकुमारी अधिकारी | 9746207044 | |
| ५१ | | नगर सभा सदस्य | रजनी दास | 9844241107 | |
| ५२ | | नगर सभा सदस्य | तिलक बहादुर राई | 9842646140 | |
| ५३ | | नगर सभा सदस्य | शरन लिम्बु | 9844550779 | |
| ५४ | १३ | नगर सभा सदस्य | हेमराज आचार्य | 9742600496 | |
| ५५ | | नगर सभा सदस्य | टिका कुमारी गौतम कट्टेल | 9842721640 | |
| ५६ | | नगर सभा सदस्य | रिता परियार | 9817007423 | |
| ५७ | | नगर सभा सदस्य | कमल प्रसाद पौडेल | 9842699007 | |
| ५८ | | नगर सभा सदस्य | राजकुमार श्रेष्ठ | 9863620415 | |
| ५९ | १४ | नगर सभा सदस्य | बल बहादुर समाल मगर | 9806063429 | |
| ६० | | नगर सभा सदस्य | कोपिला अधिकारी | 9816039087 | |
| ६१ | | नगर सभा सदस्य | मनमाया मिजार | 9816061429 | |
| ६२ | | नगर सभा सदस्य | कमल कुमार राई | 9816003965 | |
| ६३ | | नगर सभा सदस्य | विष्णु प्रसाद आचार्य | 9762617412 | |
| ६४ | | नगर सभा सदस्य | सोनाम छिरिङ्ग लामा | 9842627484 | sonamchhiringlama1@gmail.com |
| ६५ | | नगर सभा सदस्य | ख्याम बहादुर भुजेल | 9844614044 | khyambhujel@gmail.com |
| ६६ | | नगर सभा सदस्य | लमु शेर्पा | 9863681256 | lamus446@gmail.com |
| ६७ | | नगर सभा सदस्य | लतादेवी गौतम अधिकारी | 9842726444 | |
| ६८ | | नगर सभा सदस्य | केशर कुमारी पौडेल | 9842744453 | |
| ६९ | | नगर सभा सदस्य | सावित्रा शिवा | 9842745520 | sewasabitra@gmail.com |
| ७० | | नगर सभा सदस्य | चन्द्रकला परियार | 9816978519 | |

## अनुसूची ६

केही सान्दर्भिक तस्बिरहरू


















Plastic
vs
Nature

## अनुसूची ७

सन्दर्भ सामग्रीहरूको सूची


१. सूर्योदय नगरपालिकाको विस्तृत वस्तुगत विवरण (पार्श्वचित्र), २०७५

२. राष्ट्रिय जनगणना, २०७८

३. सूर्योदय नगरपालिका, वार्षिक बजेट तथा कार्यक्रम, आ.व. ०८१/८२-०८२/८३

४. सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका सबै शाखाहरू

५. सूर्योदय नगरपालिका, १४ वटै वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरू

६. Report on Digitization of Household Inventory Survey in Suryodaya Municipality-2082

७. सूर्योदय नगरपालिकाका बालबालिकाहरूको स्थिति प्रतिवेदन, २०८१

८. सूर्योदय नगरपालिकाका बालबालिकाहरूको स्थिति प्रतिवेदन, २०८२

९. suryodayamun.gov.np

१०. censusnepal.cbs.gov.np